उपप्रा. लेखराज खतिवडा
शोध निर्देशक

# भागीरथी श्रेष्ठका कथाका नारी पात्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
कल्पना शर्मा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

# भागीरथी श्रेष्ठका कथाका नारी पात्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**कल्पना शर्मा**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

भागीरथी श्रेष्ठका कथाका नारी पात्र – कल्पना शर्मा – २०७०

# शोध निर्देशकको सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग एम.ए. दोस्रो वर्षकी छात्रा **कल्पना शर्मा**ले **भागीरथी श्रेष्ठका कथाका नारी पात्र** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रम पूर्वक तयार पार्नु भएको यस शोधपत्रको मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

......................

शोध निर्देशक<br>
लेखराज खतिवडा<br>
(उपप्राध्यापक)<br>
त्रिभुवन विश्वविद्यालय<br>
नेपाली केन्द्रीय विभाग<br>
कीर्तिपुर, काठमाडौं

मिति :- २०७०/१/२६

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६६/०६७ की छात्रा **कल्पना शर्मा**ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **भागीरथी श्रेष्ठका कथाका नारी पात्र** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ................................ |
| २. उपप्रा. लेखराज खतिवडा<br>(शोध निर्देशक) | ................................ |
| ३. प्रा. केशव सुवेदी .<br>(बाह्य विशेषज्ञ) | ................................ |

मिति: २०७०/१/२६

# कृतज्ञता ज्ञापन

भागीरथी श्रेष्ठका कथाका नारी पात्र शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि आदरणीय गुरु उपप्रा. लेखराज खतिवडाको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो कार्य व्यस्ततालाई थाती राखेर अमूल्य समय प्रदान गरी मलाई सुझाव, सल्लाह र सही मार्गनिर्देशन गरिदिनु हुने मेरा शोध निर्देशक आदरणीय गुरु उपप्रा. लेखराज खतिवडाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य लेखनमा आवश्यक सल्लाह र सुझाव प्रदान गरी सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतम र शोधपत्र लेखनका क्रममा आएका समस्यामा आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका गुरुवर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीको क्रममा आवश्यक सामग्री एवम् जानकारी तथा समय प्रदान गर्नुहुने शोध नायिका भागीरथी श्रेष्ठज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउनु हुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागको पुस्तकालयका कर्मचारीहरूप्रति म हार्दिक धन्यवाद अर्पण गर्दछु ।

आर्थिक तथा व्यवहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै मेरो अध्ययन कार्यप्रति सहयोग पुऱ्याउनु हुने  मेरा आदरणीय पीता श्री हरिकृष्ण शर्मा र ममतामयी माता सीतादेवी शर्माका साथै आदरणीय श्रीमान् विष्णु प्रसाद सुवेदीप्रति आजीवन ऋणी रहनेछु । मेरो उत्तरोत्तर प्रगतिका लागि चिन्तनशील रहनुहुने आदरणीय ससुरा कोमल प्रसाद सुवेदी र सासू इन्द्रा कुमारी सुवेदीका साथै दिदी पुष्पा शर्मा, भिनाजु प्रकाश ढकालप्रति आभार व्यक्त गर्दछु ।  त्यसैगरी शोधपत्रको तयारीको क्रममा विविध क्षेत्रमा सहयोग पुऱ्याउनुहुने दाजु टीकाराम शर्मा, दिदी कोपिला शर्मा, भाइ गोविन्द सुवेदी लगायत साथीहरू विजय पण्डित, राजेश घिमिरे, यादव खनाल, विष्णु श्रेष्ठ, महेन्द्र मल्ल, मीन प्रसाद भट्टराई र छोरा सुविद सुवेदीप्रति हार्दिक धन्यवाद  व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्यमा मलाई शुद्धताका साथ टङ्कन गरी सहयोग गरिदिनुहुने क्रियटिभ कम्प्यूटर सेन्टरका श्री रत्नलाल भण्डारीप्रति म हृदयतः धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने मेरा मित्रहरू प्रति आभार प्रकट गर्दछु ।

…………….
…..
कल्पना
शर्मा
शैक्षिक सत्र : २०६६/०६७ एम.
ए. दोस्रो वर्ष
क्रमाङ्क :  १६०
त्रिभुवन विश्वविद्यालय
मिति  २०७०/१/२६
कीर्तिपुर, काठमाडौं

ग

# विषयसूची

| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | क |
| स्वीकृति पत्र | | ख |
| कृतज्ञता ज्ञापन | | ग |
| विषयसूची | | घ |
| सङ्क्षेपीकृत शब्द सूची | | झ |
| **पहिलो परिच्छेद : शोध परिचय** | | **१–६** |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य | ५ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ | शोध विधि | ५ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ५ |
| | १.७.२ विश्लेषणको आधार | ६ |
| १.८ | शोधपत्रको रूपरेखा | ६ |
| **दोस्रो परिच्छेद : पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार** | | **७–१७** |
| २.१ | विषय परिचय | ७ |
| २.२ | पात्र/चरित्रको परिचय | ७ |
| २.३ | कथामा पात्र विधान र यसको महत्त्व | ९ |
| २.४ | नारी पात्र विधानको औचित्य | १० |
| २.५ | पात्रको वर्गीकरण | १२ |
| २.६ | पात्र विश्लेषणको सैद्धान्तिक आधार | १३ |
| | २.६.१ लिङ्गको आधार | १३ |

२.६.२ कार्यको आधार १४

२.६.३ प्रवृत्तिको आधार १४

२.५.४ जीवन चेतनाको आधार १५

२.६.५ स्वभावको आधार १५

२.६.६ आबद्धताको आधार १५

२.६.७ आसन्नताको आधार १६

२.७ निष्कर्ष १७

**तेस्रो परिच्छेदः भागीरथी श्रेष्ठको परिचय र कथायात्रा १८–३०**

३.१ परिचय १८

३.१.१ जन्मस्थान र पारिवारिक पृष्ठभूमि १८

३.१.२ बाल्यकाल १९

३.१.३ शिक्षादीक्षा २०

३.१.४ विवाह तथा पारिवारिक स्थिति २१

३.१.५ रुचि र स्वभाव २१

३.१.६ आर्थिक अवस्था २२

३.१.७ सिर्जनाका निम्ति प्रेरणा र प्रभाव २३

३.१.८ सम्मान तथा पुरस्कार २४

३.२ भागीरथी श्रेष्ठको कथायात्रा २५

क. प्रथम चरण (२०२३-२०४२) २६

ख. द्वितीय चरण (२०४३-२०५१) २७

ग. तृतीय चरण (२०५२-हालसम्म) २८

३.३ निष्कर्ष २९

**चौथो परिच्छेद : क्रमशःमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३१-४४**

४.१ विषय परिचय ३१

४.२ 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३२

४.२.१ 'भुइँचालो' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३२
४.२.२ 'समर्पण' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३४
४.२.३ 'मातृत्व' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३६
४.२.४ 'असमानता' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३७
४.२.५. 'क्रमशः' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ३९
४.२.६ 'मोहभङ्ग' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ४०
४.२.७ 'मरुभूमिमा एउटा फूल' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ४२
४.२.८ निष्कर्ष ४३

**पाँचौं परिच्छेद : मोहदंशमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** **४५-५८**

५.१ विषय परिचय ४५
५.१.१ 'जलनका बिम्बहरू' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ४५
५.१.२ 'संस्कार' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ४६
५.१.३ 'दीपा' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ४८
५.१.४ 'अतिक्रमण' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ४९
५.१.५ 'दिलू बज्यै' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ५०
५.१.६ 'शकुन्तला' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ५२
५.१.७ 'लाञ्छना' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ५३
५.१.८ 'द्वन्द्व-अन्तर्द्वन्द्व' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ५४
५.१.९ 'मोहदंश' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ५६
५.१.१० निष्कर्ष ५७

**छैटौँ परिच्छेद : विभ्रममा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** **५९-६९**

६.१ विषय परिचय ५९
६.१.१ 'पराइ पाइला' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ५९

६.१.२ 'विभ्रम' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ६१
६.१.३ 'एक टुक्रा खुशी' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ६२
६.१.४ 'रङ्गहीन आकाश' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ६४
६.१.५ 'विसर्जन' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ६५
६.१.६ 'तेह्र वर्षपछि' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ६६
६.१.७ 'एक्लोपनका तरङ्गहरू' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ६७
६.१.८ निष्कर्ष ६९

**सातौं परिच्छेदः भूमिगतमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** ७०-८२

७.१ विषय परिचय ७०
७.१.१ 'अपराधबोध' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७०
७.१.२ 'ओझेल परेका प्रेमका किरणहरू' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७२
७.१.३ 'अध्यारो फाटेपछि' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७३
७.१.४ 'पूर्णविराम' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७५
७.१.५ 'चाँदीको करुवा' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७६
७.१.६ 'भूमिगत' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७७
७.१.७ 'दूरी' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ७९
७.१.८ निष्कर्ष ८१

**आठौं परिच्छेद : रातो गुलाफमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** ८३-९६

८.१ विषय परिचय ८३
८.१.१ 'उज्यालाको पर्खाल' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ८३
८.१.२ 'पीडा विनिमय' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ८५
८.१.३ 'च्यातिएको नोट' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ८७
८.१.४ 'खेल' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ८८

८.१.५ 'आगो र पानी' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ९०

८.१.६ 'पन्छी' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ९१

८.१.७ 'दोस्रो बाटो' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ९३

८.१.८ 'रातो गुलाफ' कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण ९४

८.१.९ निष्कर्ष ९५

**नवौं परिच्छेदः सारांश र निष्कर्ष** ९७-१०२

९.१ विषय परिचय ९७

९.२ सारांश ९७

९.३ निष्कर्ष ९९

**सन्दर्भ सामग्री सूची** १०३-१०४

# सङ्क्षेपीकृत शब्द सूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| आइ.ए. | इन्टर मिडिएट अफ आर्टस् |
| इ.सं. | इस्वी संवत् |
| उपप्रा. | उप-प्राध्यापक |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| छै. सं. | छैटौं संस्करण |
| डा. | डाक्टर |
| ते. सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प.सं. | पहिलो संस्करण |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| बि.ए. | ब्याच्लर अफ आर्टस् |
| वि.सं. | विक्रम संवत् |
| सा.प्र. | साझा प्रकाशन |
| सहप्रा. | सहायक प्राध्यापक |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

कथाकार भागीरथी श्रेष्ठ (२००५) आधुनिक नेपाली कथाका क्षेत्रमा चर्चित नारी प्रतिभा हुन् । भागीरथी श्रेष्ठले २०२३ सालमा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरेर कथायात्रा प्रारम्भ गरेकी हुन् । कथाकार श्रेष्ठका **क्रमशः** (२०४३), **मोहदंश** (२०४४), **विभ्रम** (२०५०), **भूमिगत** (२०६२), **रातो गुलाफ** (२०६६), जस्ता पाँचवटा कथा सङ्ग्रहका साथै **रङ्गीन पोखरी** (२०५०) लघु कथासङ्ग्रह र **स्वाबलम्बन** (२०६५), बाल कथासङ्ग्रह पनि प्रकाशित भएका छन् । उनका **मालती** (२०३४), र **यस्तो एउटा आकाश** (२०४३), उपन्यास पनि प्रकाशित भएका छन् । कथाकार श्रेष्ठ नारीवादी कथाकार भएकाले उनका कथा सङ्ग्रहमा सङ्कलित अधिकांश कथाहरूमा नारीका दुःख सुखका अनुभूतिहरूलाई जस्ताको तस्तै चित्रण गरिएको छ । आफ्ना कथामा सामाजिक यथार्थको प्रस्तुति गरेर सुन्दर कथात्मक बान्की दिनु उनको कथाकारिताको उच्चतम प्राप्ति र सफलता हो ।

कथाकार भागीरथी श्रेष्ठका कथाका बारेमा सामान्य टिप्पणी र समालोचनाका साथै केही कथा सङ्ग्रहको कृतिपरक अध्ययन भएको पाइए तापनि उनका कथाका नारी पात्रको अध्ययन विश्लेषण भएको छैन । उनी नारीवादी कथाकार भएकाले उनका कथामा आएका नारी पात्रको अध्ययन हुनु आवश्यक छ । त्यसैले यस शोधपत्रमा भागीरथी श्रेष्ठको परिचय, कथायात्रा, पात्र विश्लेषणको सैद्धान्तिक आधारका साथै उनका **क्रमशः, मोहदंश, विभ्रम, भूमिगत, रातो गुलाफ** कथा सङ्ग्रहभित्र सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र चित्रण प्रस्तुत गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यमा चर्चित नारीवादी कथाकार भागीरथी श्रेष्ठको महत्त्वपूर्ण स्थान रहेको छ । यिनको जीवनी, व्यक्तित्व तथा कृतित्वका सन्दर्भमा खोज अनुसन्धान

भएको पाइए तापनि कथा कृतिभित्रका नारी पात्रको अध्ययन नभएको हुँदा सोही समस्यालाई यस शोधपत्रका माध्यमबाट खोज अनुसन्धान प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रका समस्याहरू निम्नानुसार रहेका छन् :

क) भागीरथी श्रेष्ठको परिचय र कथायात्रा के कस्तो रहेको छ ?

ख) उनले आफ्ना कथाहरूका प्रमुख पात्रका रुपमा कस्ता-कस्ता नारी पात्रको प्रयोग गरेकी छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा मुख्य उद्देश्यका रूपमा भागीरथी श्रेष्ठका कथाका प्रमुख नारी पात्रको अध्ययन प्रस्तुत गरिएको छ । यस शोत्रपत्रमा निम्नलिखित उद्देश्यहरू समावेश गरिएको छ ।

क) भागीरथी श्रेष्ठको परिचय र कथायात्राको अध्ययन गर्नु,

ख) श्रेष्ठका कथामा प्रयुक्त प्रमुख नारी पात्रहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार भागीरथी श्रेष्ठको साहित्यिक यात्रा कथा सृजनाबाट नै सुरु भएको हो । २०२३ सालमा रिडी हाइस्कुलको मुखपत्र **रुरु** पत्रिकामा 'प्रबल इच्छा' भन्ने कथा प्रकाशित गरेर हालसम्म पनि उनले कथा लेखन र प्रकाशनलाई निरन्तरता दिएको पाइन्छ । उनका कथाका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी गराए पनि कथामा प्रयुक्त नारी पात्रको अध्ययन विस्तृत रूपमा अनुसन्धान भएको पाइदैन । यसै क्रममा उनका कथा सम्बन्धी भएका पूर्वकार्यको विवरण कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

तारानाथ शर्मा (२०४३) ले **क्रमशः** कथा सङ्ग्रहको भूमिका लेख्ने क्रममा यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको संक्षिप्त अध्ययन गरी भागीरथी श्रेष्ठलाई मनोविश्लेषणात्मक कथा लेख्ने एक सफल नारी कथाकारका रूपमा चिनाएका छन् ।

माधव प्रसाद घिमिरे (२०४४) ले **मोहदंश**को प्रकाशकीयमा भागीरथी श्रेष्ठलाई यथार्थवादी कथाकारका साथै नारी हृदयका आन्तरिक भावनालाई उद्घाटित गर्न सफल कथाकारका रूपमा परिचित गराएका छन् ।

दयाराम श्रेष्ठ (२०४५) ले **नेपाली कथाका समकालीन सन्दर्भहरू**मा नेपाली कथाका समकालिन सन्दर्भहरूको विवेचना गर्ने क्रममा भागीरथीलाई हार्दिक अनुभूतिको तहबाट समाज र जीवनको अन्तर्निरीक्षण गर्ने कथाकारका रूपमा चिनाएका छन् ।

कृष्ण गौतम (२०४७) ले **मिर्मिरे**को 'भागीरथी श्रेष्ठका कथामा' भागीरथीका कथा कृतिको विवेचना गरेका छन् । यसमा भागीरथीलाई नारी समस्याको केन्द्रीयतामा कथा लेख्ने कथाकारका रूपमा देखाइएको छ । साथै भागीरथी यथार्थवादी र केही प्रगतीवादी चेतना भएकी कथाकार पनि हुन् भन्ने निष्कर्ष प्रस्तुत गरेको पाइन्छ ।

परशु प्रधान (२०४८) ले **केही क्षण केही अनुहार**मा नेपाली साहित्यका फाँटमा एक दशकभित्रै परिचित र स्थापित नारी साहित्यकारका रूपमा चिनाउँदै यिनका कथामा विशेषतः नेपाली घर परिवारको चित्रण पाइन्छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

ईश्वर बराल (२०४८) ले **झ्यालबाट**मा नेपाली कथाको ऐतिहासिक विकासको विवेचना गर्ने क्रममा श्रेष्ठलाई प्रयोगकालीन सिकारु कथाकारबाट उत्तीर्ण हुन थालेकी कथाकार भनी चिनाएका छन् ।

भागीरथी श्रेष्ठ (२०५०) ले **विभ्रम**को भूमिकामा भनेकी छन्: "मैले देखेका र भोगेका पारिवारिक कलह, विषाद, ताडना-प्रताडना, अपमान, अशान्ति, कुण्ठा, विश्रृङ्खलता, विषम परिस्थिति र आर्थिक कठिनाइबाट उब्जेका तनाव यी सबको पोल्दो सामूहिक बन्दीभित्र म पनि अपवाद हुन सकिनँ र त्यस पोल्दो नदीलाई कथामा कुलेसा बनाएर ल्याउन आफ्नो कर्तव्यबोध ठानें ।"

वासुदेव त्रिपाठी (२०५०) ले कान्तिपुरमा **भागीरथीको तेस्रो बान्की : विभ्रम**मा एक डेढ दशकका बीच आफ्नो व्यापक कथा परिणाम र उत्कृष्ट कथा प्रतिभा एवम् कथाकथन सीप कौशल प्रदर्शित गरी प्रतिष्ठित हुन पुगेकी एक समसामयिक अग्रणी कथा लेखिका भनी उल्लेख गरेका छन् ।

अच्चुतरमण अधिकारी (२०५०) ले **गोरखापत्र शनिवार ५ भदौं**मा भागीरथीमा सामाजिक शास्वत कथा र व्यथा छन् मानसिक घात आघातहरू छन् साथै कथामा भागीरथी गङ्गा भागीरथी जस्तै सल्ल बगेकी छन् भनी उल्लेख गरेका छन् ।

दौलतविक्रम विष्ट (२०५०) ले **रङ्गीन पोखरी** लघुकथा सङ्ग्रहको भूमिकामा भागीरथी एक सफल कथाकार हुन् उनले आफ्ना कथामा वर्तमान जीवनका विकृति र विसङ्गतीलाई बढी कलात्मकताका साथ प्रस्तुत गरेकी छन् भनी उल्लेख गरेका छन् ।

हेमकुमार गौतम (२०५०) ले **भागीरथी श्रेष्ठको जीवनी व्यक्तित्व कृतित्व**मा भागीरथी एक कुशल अध्यापिका, कर्मचारी, समाजसेवी तथा सफल सृजनशील महिला साहित्यकारका रूपमा पनि आफ्नो व्यक्तित्व निर्माण गरेकी छन् भनी उल्लेख गरेका छन् ।

यशोदा तिम्सिना (२०६३) ले **नेपाल** पत्रिकामा कविता झैँ लाग्ने कथा लेख्नु भागीरथीको विशेषता र विशिष्टता दुवै हो भन्दा अर्घेल्याँइ नठहरिएला कथा आफैमा कल्पनाको विषय हो, तर भागीरथीका कथा पढ्दा यस्तो लाग्छ उनले कल्पना होइन यथार्थको धरातलमा उभिएर कथा लेख्छिन् भनी उल्लेख गरेकी छन् ।

गोविन्दराज भट्टराई (२०६६) ले **रातो गुलाफ**को भूमिकामा भागीरथीका कथाको विषयमा यही सत्य हो छोएपछि यी कथाले नटुङ्ग्याएसम्म पाठकलाई उठ्न नदिइ तानिरहन्छन् । समकालीन कथाकारमा एक शीर्ष नाम भागीरथी सबै कुरा यी शक्तिशाली कथाले नै बोलेका छन् भनी उल्लेख गरेका छन् ।

अन्विका गिरी (२०६६) ले **अन्नपूर्ण पोष्ट**को शिक्षामा भागीरथीका कथाका पात्रहरू आम मान्छे हुन्, यिनका समस्या र जीवनको भोगाइ पनि आम छन् । महिला लेखक भएका कारणले हुन सक्छ उनका कथामा महिलाको विषयले प्राथमिकता पाएको छ । महिलाका संवेदना उतार्न उनी सफल भएकी छन् भनी उल्लेख गरेकी छन् ।

## १.५ अध्ययनको औचित्य

वि.सं. २०२३ देखि हालसम्मको पाँच दशक लामो कथायात्रा पार गरेकी कथाकार भागीरथी श्रेष्ठको कथाका बारेमा भएको सामान्य टिप्पणी र फाटफुट चर्चा परिचर्चा बाहेक उनका कथामा प्रयोग भएका नारी चरित्रको अध्ययन र मूल्याङ्कन नभएकाले नेपाली समाजमा रहेका नारीहरूको सम्बन्धमा अभिरूचि लिने र नारीवादी कथाका बारेमा जान्न चाहने सम्पूर्ण पाठकहरूको लागि मार्गदर्शन गर्ने भएकाले प्रस्तुत गरिएको शोधपत्र औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र भागीरथी श्रेष्ठका कथाका नारी पात्र शीर्षकमा केन्द्रित भएकाले भागीरथी श्रेष्ठका **क्रमशः** (२०४३), **मोहदंश** (२०४४), **विभ्रम** (२०५०), **भूमिगत** (२०६२), **रातो गुलाफ** (२०६६), जस्ता पाँचवटा कथा सङ्ग्रहमा सङ्कलित कथाका प्रमुख नारी पात्रको पात्र विश्लेषणका सैद्धान्तिक आधारमा रहेर चरित्र विश्लेषण गर्नु नै शोधकार्यको सीमा रहको छ ।

## १.७ शोधविधि

शेधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषणको आधार पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधलाई पूरा गर्नका लागि आवश्यक पर्ने सामग्रीहरुमा कथाकार भागीरथी श्रेष्ठले रचना गरेका कथाहरू नै रहेका छन् । त्यसैले उनका हालसम्म प्रकाशित पाँचवटा कथा सङ्ग्रहहरू नै यस शोधकार्यका लागि आवश्यक पर्ने प्राथमिक सामग्री हुन् । त्यसैगरी पात्रको चरित्र विश्लेषण गर्ने सैद्धान्तिक आधार प्रस्तुत गरिएका पुस्तक, कथा, पत्रिकामा प्रकाशित लेखहरूका साथै भागीरथी श्रेष्ठ र उनका कथाका बारेमा प्रकाशित समालोचनात्मक पुस्तक तथा पत्रिकामा प्रकाशित समालोचनात्मक

लेखहरू यस शोधकार्यका द्वितीयक सामग्री हुन् । यी प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ विश्लेषणको आधार

पात्र विश्लेषणका सैद्धान्तिक आधारमा पात्रको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु बढी युक्तिसङ्गत देखिने हुँदा निम्न आधारमा पात्रको अध्ययन र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा वस्तुगत विश्लेषण गर्न कथाका सम्पूर्ण मानवीय नारी पात्रहरुलाई काव्य शास्त्र र शैली विज्ञानले औंल्याएको सैद्धान्तिक आधारमा वर्गीकरण गरी तिनको चरित्र विश्लेषण गरिएको छ । पात्र विश्लेषणको निर्धारित आधार अन्तर्गत मुख्यतः लिङ्ग, कार्य, प्रवृत्ति, जीवन चेतना, स्वभाव, आवद्धता र आसन्नता गरी सातवटा आधारहरुलाई छानिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित, वैज्ञानिक तथा प्रभावकारी बनाउन विभिन्न खण्डमा विभक्त गरेर तयार पारिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्न प्रकारको रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार

तेस्रो परिच्छेद : भागीरथी श्रेष्ठको परिचय र कथायात्रा

चौथो परिच्छेद : **क्रमशः**मा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

पाँचौं परिच्छेद : **मोहदंश**मा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

छैटौं परिच्छेद : **विभ्रम**मा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

सातौं परिच्छेद : **भूमिगत**मा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

आठौं परिच्छेद : **रातो गुलाफ**मा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

नवौं परिच्छेद : उपसंहार एवम् निष्कर्ष

अन्तमा सन्दर्भ सामग्री सूची प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार

## २.१ विषय परिचय

आख्यानात्मक साहित्यिक विधाका लागि पात्र विधान आवश्यक मानिन्छ । कथा पनि एउटा आख्यानात्मक विधा भएकाले  यसका लागि पात्र विधान अति आवश्यक छ । कथामा खडा गरिएका पात्रहरूलाई घटना अनुसार जसरी उभ्याइएको हुन्छ, त्यही प्रक्रिया नै सम्बन्धित कथाको पात्र विधान हो । कथाका विभिन्न तत्त्वहरूमध्ये चरित्र/पात्र एक प्रमुख तत्त्व हो । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचना गर्न सकिदैन । कथामा पात्रको सम्बन्ध कथानक, कथावस्तु र विचार तत्त्वका साथै परिवेश तथा संवादसँग पनि रहेको हुन्छ (पौडेल, २०६५ : १३) । पात्र विना कथाले आफ्नो वास्तविक स्वरूप प्राप्त गर्न सक्दैन । पात्रको समनार्थीक शब्दका रूपमा 'चरित्र' शब्दलाई पनि प्रयोग गरिएको पाइन्छ । यस विनाको आख्यानात्मक कृति रचना गर्न सकिदैन । यस परिच्छेदमा पात्रको परिचय, परिभाषा, कथामा पात्र विधान र यसको महत्त्व, नारी पात्रको औचित्य, पात्रको वर्गीकरण आदिका बारेमा संक्षिप्त चर्चा गर्दै कथामा प्रयुक्त पात्रहरूको चरित्र विश्लेषण गर्ने सैद्धान्तिक आधारहरू पनि दिइएको छ ।

## २.२ पात्र/चरित्रको परिचय

'चरित्र' शब्द 'चर्' धातुमा 'इत्र' प्रत्यय लागेर बनेको हो । यसका विभिन्न अर्थहरू रहेका छन्: व्यवहार, चालचलन, अभ्यास, काम, जीवन चरित्र, स्वभाव, कर्तव्य आदि (वामन, ई.सं १९६९ : ३७४) । खासगरी चरित्र अनेकार्थी शब्द हो । मानवीय क्रियाकलाका साथै मनोविज्ञानको क्षेत्रमा समेत चरित्रको अर्थ फरक-फरक हुन सक्छ । आख्यानमा पात्रले कुनै न कुनै गुण लिएर आफ्नो चरित्र प्रस्तुत गरेको हुन्छ । सत्गुण-दुर्गुण, सत्-असत्, अनुकूल-प्रतिकूल कस्तो प्रकारको पात्र हो त्यसको आधारमा चिन्ने र ंचरित्र चित्रण गर्ने गरिन्छ ।

कथामा पाइने व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ । यस सम्बन्धमा विभिन्न विद्वान्का मत तथा परिभाषाहरू यहाँ प्रस्तुत गरिएको छ ।

**अरस्तु :** पात्र वा व्यक्ति नै चरित्र हो (शर्मा, २०६३ : ३९१) ।

**एबट** : जो व्यक्ति हो त्यही चरित्र हो (ऐजन) ।

**लिबनिज** : मनुष्य व्यक्ति हो, पशु होइन । ऊ अनिर्वचनिय र अद्भुत सत्व हो (ऐजन) ।

**लाजोइ एग्री** : चरित्र मनुष्यको भित्री प्रकृति हो  (ऐजन) ।

**विलियम आर्कर** : चरित्र एक प्रकारको बौद्धिक, भावुक र हताश बानीहरूको सम्मिश्रण हो (ऐजन) ।

**स्टेफेन स्टेन्डाल** : आख्यान मानिसको यथार्थले बनेको एउटा घर हो, जसमा उसको व्यवहार, वातावरण, विकास, आय, मनोभाव आदि हुन्छ  (ऐजन) ।

**मोहनराज शर्मा** : कथामा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ । जो नैतिकता र अभिवृत्तिय गुणहरूले युक्त हुन्छन् (ऐजन) ।

**नेपाली बृहत् शब्दकोष** : पात्रको अर्थ चालचलन, बानीबेहोरा हो ।

माथि प्रस्तुत गरिएका सम्पूर्ण परिभाषालाई समेटेर निर्क्यौल निकाल्नुपर्दा पात्र भनेको कथानकलाई अगाडि बढाउने, विभिन्न घटनाहरूको श्रृङ्खला निर्माण गर्ने, कथानकलाई फल प्राप्तिमा पुऱ्याउने अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । कथाका पात्रहरू कथाकारकै कल्पनाका उपज हुन् जसमा अनेक पात्रहरू हुन्छन् । यथार्थ परिवेशमा घट्ने घटनाहरूलाई पात्रले मूर्तता प्रदान गर्दछ । जस्तै : एउटा शिक्षकको चरित्रले ऊ जस्तै कैयौँ शिक्षकको प्रतिनिधित्व गरेको हुन्छ भने एउटा मजदुरले पनि ऊ जस्तै कैयौँ मजदुरहरूको यथार्थ जीवनको प्रतिनिधित्व गरेको हुन्छ । पात्रका क्रियाकलापबाट घटनाहरूको जन्म हुन्छ  र तिनै घटनाहरूको श्रृङ्खलाद्वारा नै कथावस्तु बनेको हुन्छ । तसर्थ: पात्रलाई कथामा अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

## २.३ कथामा पात्र विधान र यसको महत्त्व

कथा साहित्यमा पात्र विधान एक अपरिहार्य तत्त्व हो भने विषय, भावना वा घटना प्रकाशित गर्ने माध्यम र कथाको सञ्चालक चरित्र हो (न्यौपाने, २०४९ : १६३) । पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमबद्धता प्रदान गर्ने एक अत्यावश्यक माध्यम हो । चरित्र त्यो माध्यम हो, जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थको प्रस्तुतीकरणको प्रयास गरिन्छ (उपाध्याय, २०४९ : १४७) । आख्यानात्मक कृतिमा पात्रलाई मूल आधार स्तम्भका रूपमा लिइन्छ । पूर्वीय एवम् पाश्चात्य मान्यतामा पनि चरित्रलाई विभिन्न अङ्गका रूपमा लिइएको छ । आधुनिक कथामा भने चरित्र चित्रणलाई अझ बढी महत्त्व दिइएको पाइन्छ ।।

कुनै पनि स्रष्टाको विचार वा उद्देश्य भन्ने र देखाउने कुरालाई बहन गर्ने कुनै पनि पात्र नै चरित्र हो । चरित्र विना कथाले आफ्नो वास्तविक स्वरूप प्राप्त गर्न सक्दैन । कथामा पात्रको सम्बन्ध कथानक, कथावस्तु र विचार तत्त्वका साथै परिवेश तथा संवादसँग पनि रहेको हुन्छ । कथानकका आधार पात्र हुन्, जसले क्रियाव्यापार र द्वन्द्वमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । कथानकको स्वरूप अनुसार कथामा चरित्रहरू क्रियाशील हुने गर्दछन् । चरित्रहरू कथामा व्यक्त गरिने मुख्य विचारका बाहक पनि हुन् । त्यसैले कथावस्तु र उद्देश्यसँग तालमेल खाने गरी पात्रको चयन गर्नुपर्दछ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई बृहत् ध्यान दिनु आवश्यक हुन्छ (शर्मा, २०५५ : ३९५) । पात्रकै माध्यमबाट समाज, संस्कृति, रहनसहन, रीतिरिवाज जस्ता प्रवृत्तिको चित्रण, उद्घाटन गर्न तथा सामाजिक सांस्कृतिक, ऐतिहासिक आदि पक्षको प्रकटीकरण गर्न पात्रले अहम् भूमिका खेलेको हुन्छ । त्यसैले पात्रमा संसार परिवर्तन गर्ने क्षमता रहेको हुन्छ । चरित्र मानवीय र मानवेतर दुवै खालका हुन्छन् । यस संसारमा रहेका विभिन्न किसिमका मानवीय स्वभाव भएका चरित्रहरू नै कथामा पात्रका रूपमा आउँछन् । कथामा त्यस्ता चरित्रहरूका विशेषतालाई चित्रण गर्ने काम कथाकारले गर्दछ । कथामा पात्रको भूमिकाका आधारमा त्यस कथाको दृष्टिकोण निर्धारण गर्न सकिन्छ । घटनालाई प्रमुखता दिएर लेखिएका कथा (जस्तैः गुरुप्रसाद मैनालीका 'परालको आगो', 'नासो'

आदि) भए तापनि ती कथाहरूमा चरित्रको अपरिहार्यता सहज स्वीकार्नुपर्ने देखिन्छ । मैनालीले आफ्ना कथाहरूमा घटनालाई प्रधान बनाई लेखेका भए पनि तिनका कथाहरूमा पात्रको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । चामे र गौंथली जस्ता पात्रहरूका माध्यमबाट उनका कथाहरू रोचक र कलात्मक बनेका छन् । कथाको अनिवार्य तत्त्व कथावस्तु मानिन्छ, तापनि त्यसलाई अगाडि लैजान साथ दिने काम चरित्रले गरेको हुन्छ । त्यसैले कथामा चरित्र वा पात्रको प्रयोग अत्यन्तै महत्त्वपूर्ण रहेको छ ।

अचेल कथा साहित्यमा कथावस्तुको ठाउँ चरित्रले लिएको छ (थापा, २०४७ : १६७) । यसले गर्दा पनि आधुनिक कथाहरू घटना प्रधान भन्दा बढी चरित्र प्रधान नै देखिन्छन् र तिनले नै उत्कृष्ट स्थान ओगट्न सफल भएका छन् । यसर्थ कथामा पात्र प्रयोगको ज्यादै महत्त्वपूर्ण स्थान रहेको छ । यसरी के भन्न सकिन्छ भने कथाको अनिवार्य तथा अपरिहार्य तत्त्व पात्र हो ।

## २.४ नारी पात्र विधानको औचित्य

कथा विभिन्न तत्त्वहरूको योगबाट निर्माण भएको हुन्छ । ती विभिन्न तत्त्वहरूमध्ये पात्रको महत्त्व कथामा सर्वाधिक रहेको हुन्छ । कथा लेखनको थालनीसँगै नारी पात्रहरूको प्रयोग व्यापक रूपमा गरिँदै आएको छ । कथामा नारीका अनेक दुःख र वेदनाहरू प्रस्तुत भए तापनि आदर्श नारीले ती दुःखसुखका यथार्थलाई सहन र बहन गर्न सक्नुपर्छ, त्यो नै नारीमा हुनुपर्ने वास्तविक गुण हो भन्ने जस्ता आदर्शवादी धाराका रूपमा नारीहरूलाई प्रस्तुत गरिएको देखिन्छ ।

आधुनिक नेपाली कथाहरू नारी पात्रकै नामबाट पनि प्रकाशित भएका छन् । जसमा नारी मनका एक न एक प्रकारका वेदनालाई कोट्याइदिने काम भएको पाइन्छ । नारीहरूकै नामबाट लेखिएको र उनीहरूका संवेदनाहरू पोखिएका कथाहरूमध्ये विश्वेश्वर प्रसाद कोइरालाको 'पवित्रा', 'चन्द्रवदन', भागीरथी श्रेष्ठको 'शकुन्तला' पर्दछन् । यसैगरी नारी पात्रलाई कथामा उभ्याएर कतै आदर्श पात्रका रूपमा स्थापित गरिएको देखिन्छ भने कतै यौनकुण्ठाले व्याकुल र कुनैमा यौन तृप्तिको साधनका रूपमा प्रयोग

गरिएको देखिन्छ । प्रायः नारी पात्रको प्रयोग गरिएर लेखिएका कथामा नारीहरूले आफ्ना संवेदना, आक्रोश र कुण्ठालाई सामाजिक यथार्थता सम्झेर आँशु बनाई पिइदिएका छन् भने कतै आफ्नो धर्म, कर्म र मर्यादादेखि डराएर सहन बाध्य भएका छन् । नारी पात्रले विरोध र क्रान्तिका आवाज उठाए पनि उनीहरूले विजय भन्दा पराजय नै व्यहोर्नु परेको देखिन्छ ।

सामाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचार धाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न चिह्न खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीको स्थान र परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ । नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हकहित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । नारीवाद कथाहरूमा पितृसत्तात्मक धारणा, समाजमा नारीको स्थान र परम्परित रूपमा नारीमा हुने विभेदको विरोध पाइन्छ । नारी पात्रको प्रयोग गरिएर लेखिएका कथामा नारीप्रतिको सामाजिक व्यवहार र नेपाली समाजमा रहेका नारीको अवस्थाको चित्रण पाइन्छ । नारीवादी कथामा महिलाका विषयले प्राथमिकता पाएको हुन्छ । पितृसत्तात्मक पुरुषवादी चरित्रबाट महिलामाथि हुने हरेक प्रकारका भेदभाव र अन्यायपूर्ण क्रियाकलापको विरुद्ध क्रान्तिकारी आन्दोलन गरी नारी स्वतन्त्रता तथा मुक्तिका कुरा जबसम्म उठ्न सक्दैनन्, तबसम्म नारीवादी साहित्यको सिर्जना भयो भन्नु उचित मानिँदैन । नारीवादी मानसिकताले नेपाली साहित्यका स्रस्टाहरू पारिजात, बानीरा गिरी, प्रेमा शाह, माया ठकुरी, सीता पाण्डे जस्ता नारी सर्जकलाई आकर्षित गऱ्यो (एटम, २०६१ : १५७) । कथा बाहेक उपन्यास, नाटक, समालोचना, आलोचना, पत्रपत्रिका आदिले पनि नारीवादी धारालाई निरन्तरता दिँदै आइरहेका छन् ।

यसरी साहित्यका विविध विधामा नारीको उल्लेख्य भूमिका रहेको छ । कथामा नारी पात्रको माध्यमबाट समाजमा नारीले खेप्नु परेको बाध्यता, पीडा र विवशतालाई यथार्थ ढङ्गले चित्रण गरिएको हुन्छ । यसरी कथामा  नारी पात्रका माध्यमबाट नारीको स्वतन्त्र आस्तित्वको पक्षमा जोडदार वकालत गरेको पाइन्छ ।

## २.५ पात्रको वर्गीकरण

कथामा प्रयोग गरिने पात्रहरू समान किसिमका नभई विभिन्न किसिमका हुन्छन् । वातावरण र कथानकका आधारमा पात्रका गुणहरू परिवर्तन हुन सक्छन् । प्रत्येक पात्रको कथानकमा फरक-फरक भूमिका हुने र कार्यव्यापार, स्वभाव, गुण-दोष प्रकृति तथा विचार र दृष्टिकोण आदिमा भिन्नता देखिने हुँदा विद्वान्हरूका मत पनि फरक-फरक देखिन्छन् । त्यसैले पात्रलाई विभिन्न दृष्टिले वर्गीकरण गर्न सकिन्छ । यसरी विभिन्न विद्वान् तथा समीक्षकहरूले निम्न आधारमा पात्रको वर्गीकरण गरेका छन् :

**कृष्णहरि बराल र नेत्र एटम**ले (क) गतिशील र गतिहीन ख) यथार्थ र आदर्श ग) अन्तर्मुखी र बहिर्मुखी घ) गोला र चेप्टा, ङ) सार्वभौम र आञ्चलिक गरी पाँच भागमा वर्गीकरण गरेका छन् (बराल एटम, २०५८ : ३०) ।

**टंकप्रसाद न्यौपाने**का अनुसार पात्रलाई निम्न लिखित तिन किसिमले वर्गीकरण गरिएको छ : क) प्रधान र गौण ख) स्थिर र गतिशील ग) वर्गीय र वैयक्तिक (न्यौपाने, २०४९ : २०७) ।

**हिमांशु थापा**का अनुसार पात्रलाई निम्न लिखित तिन किसिमले वर्गीकरण गरिएको छ : क) प्रमुख र गौण ख) व्यक्तिप्रधान र वर्गप्रधान ग) गतिशील र स्थिर (थापा, २०४७ : १४६) ।

**घनश्याम नेपाल**ले क) गोला र चेप्टा ख) सापेक्ष र निरपेक्ष ग) गतिशील र गतिहीन घ) सार्वभौम र आञ्चलिक ङ) पारम्परिक र मौलिक च) प्रकार र आद्य प्रकार गरी ६ भागमा वर्गीकरण गरेका छन् (नेपाल, २०४४ : २३) ।

विद्वान् **मोहनराज शर्मा**ले क) लिङ्ग ख) कार्य ग) प्रवृत्ति घ) स्वभाव ङ) जीवन चेतना च) आसन्नता छ) आवद्धताको आधार गरी सात वटा आधारमा चरित्रको वर्गीकरण गरेका छन् (शर्मा, २०६३ : ३९२) ।

यसरी विभिन्न विद्वान् तथा समीक्षकहरूको चरित्र वर्गीकरण सम्बन्धी धारणालाई विश्लेषण गर्दा कथाका पात्रहरूलाई मुख्य रूपले कथामा निर्वाह गरेको भूमिका, कार्य, स्वभाव, परिवेश र प्रवृत्तिगत विशेषतालाई आधार मान्न सकिन्छ । कथाका पात्रहरू विभिन्न परिवेश स्वभाव जाति संस्कृति तथा वातावरणबाट लिइने हुँदा तिनीहरूले निर्वाह गरेको कार्य वा प्रवृत्ति पनि फरक-फरक किसिमका हुने हुँदा पात्रलाई विभिन्न किसिमले वर्गीकरण गरिएको हो ।

## २.६ पात्र विश्लेषणको सैद्धान्तिक आधार

पात्र भनेको सामाजिक जीवनको प्रतिनिधि हो । जीवनको गतिशीलतामा निरन्तर प्रवाहित हुने पात्रले मात्रै अन्तर्विरोधको ठीकसँग समाधान गर्न सक्दछ । चरित्रहरू भनेका कथाकारको उद्देश्य र दृष्टिकोणलाई संवहन गर्ने माध्यम हुनाले कथामा सक्रिय भई काम गर्ने चरित्रहरू जिउँदा जाग्दा हुनपर्दछ । यसरी आधुनिक कथाका पात्र वर्गीकरणका सैद्धान्तिक आधारहरू विश्व साहित्यमा समय-समयमा स्थापित र समयको मागसँगै परिवर्तन हुँदै आइरहेको देखिन्छ । तसर्थ पात्र विश्लेषणका आधार यत्ति नै हुन्छन् भन्ने कुराको किटान गर्न सम्भव देखिदैन तापनि आधुनिक कथाका क्षेत्रमा वर्तमान समयमा प्रचलनमा रहेका सैद्धान्तिक आधारमा पात्रको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु बढी युक्तिसङ्गत देखिने हुँदा निम्न आधारमा पात्रको अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

### २.६.१ लिङ्गको आधार

जुनसुकै आख्यानात्मक कृतिहरूमा प्रयुक्त पात्रहरूको शारीरिक प्रकृति वा बनोट छुट्याउने आधार लिङ्ग हो (शर्मा, २०६३ : ३९२) । कथामा मानवीय पात्र पुरुष र नारी गरी दुई प्रकारका मात्र हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ । सङ्ख्यात्मक रूपमा कुनै कथामा पुरुषको र कुनैमा नारी पात्रको बाहुल्यता हुन सक्छ तापनि यी दुवैको उपस्थितिमा कथाको कार्यव्यापारले गतिशीलता पाउनुका साथै कथाले पूर्णता र उद्देश्य

प्राप्तिमा सफलता पाएको देखिन्छ । तसर्थ लिङ्गका आधारमा प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र **पुलिङ्ग** र **स्त्रीलिङ्ग** गरी दुई वर्गका हुन्छन् ।

### २.६.२ कार्यको आधार

यस अन्तर्गत पात्रले कथामा निर्वाह गरेको भूमिका तथा कार्यव्यापारलाई आधार बनाई उसको चरित्रको अध्ययन र वर्गीकरण गरिन्छ । कथामा सबै पात्रले उत्तिकै महत्त्वका कार्य सम्पन्न गरेका हुँदैनन् । त्यसैले सबै पात्रलाई एकै किसिमले मूल्याङ्कन गर्न मिल्दैन । तसर्थ कार्यका आधारमा **प्रमुख, सहायक** र **गौण** गरी तीन वर्गका पात्रहरू हुन्छन् ।

कथामा प्रयुक्त कथानकलाई जीवन्तता दिने आधार पात्रलाई प्रमुख पात्र भनिन्छ । कथामा उसको नाम धेरै पटक प्रयोग हुने भएकोले सर्वनामको प्रयोग भएको पाइन्छ । प्रमुखको तुलनामा केही न्यून भूमिका रहेका पात्रलाई सहायक पात्र भनिन्छ । सहायक पात्रको आदिदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिका नभए तापनि उनीहरूले कथानकलाई निष्कर्ष तर्फ डोऱ्याउने काम गरेका हुन्छन् । यसैगरी कथाको संरचनामा न्यून भूमिका मात्र निर्वाह गर्ने पात्रलाई गौण पात्र भनिन्छ । यस्ता पात्रले प्रमुख र सहायक पात्रका तुलनामा कम महत्त्वको कार्य गरेका हुन्छन् । गौण पात्रलाई कथानकबाट हटाइदिएमा पनि कथाको सङ्गठनमा खासै असर पुग्दैन ।

### २.६.३ प्रवृत्तिको आधार

आख्यानात्मक कृतिभित्र प्रयुक्त सबै पात्रहरू एउटै प्रवृत्तिका हुँदैनन् । कथामा पात्रहरूले सकारात्मक र नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । पात्रले निर्वाह गरेका सकारात्मक-नकारात्मक भूमिकाका आधारमा पात्र दुई प्रकरका हुन्छन् :

#### अनुकूल र प्रतिकूल

सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल-सत् पात्र हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने प्रवृत्तिको पात्र प्रतिकूल-असत् हुन्छ ।

### २.६.४ जीवन चेतनाको आधार

जीवन चेतनाको आधारलाई प्रतिनिधित्वको आधार पनि भनिन्छ । समाजमा अनेक प्रकारका मानिसहरू हुन्छन् । ती मध्ये कतिपयले सामाजिक र कतिपयले आफ्नै व्यक्तिगत भावनाको प्रतिनिधित्व गरेका हुन्छन् । यस आधारमा चरित्रहरू समूह वा वर्गगत र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् ।

सामाजिक वर्गको प्रतिनिधित्व गर्ने अर्थात् निश्चित सामाजिक वर्ग विशेषको भूमिका निर्वाह गरी उनीहरूका सुख, दुःख, कठिनाइ, समस्या आदिको अभिव्यक्ति गर्ने पात्र वर्गगत हो भने कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरी आफ्नै निजी चरित्र र मूल्यका आधारमा नवीन शैलीको प्रयोग गर्ने व्यक्तिगत पात्र हो ।

### २.६.५ स्वभावको आधार

आख्यानमा कुनै पनि घटना, परिस्थिति, वातावरण तथा परिवेशको प्रभावका कारण पात्रमा आउने परिवर्तनलाई गतिशीलता भनिन्छ । यही **स्थिर** र **गतिशील** कार्यव्यापारबाट पात्रको स्वभावको निर्क्यौल निकाल्न सकिन्छ ।

आदिदेखि अन्त्यसम्म स्वभाव, आचरण र कार्यशैलीमा कतै तर्फ पनि हलचल नगर्ने एउटै खालको मात्र कार्यव्यापारमा प्रस्तुत हुने पात्रहरू स्थिर पात्र हुन् । त्यस्ता स्थिर पात्रहरू कथाको आरम्भदेखि अन्त्यसम्म एउटै प्रवृत्तिकासाथ देखा पर्दछन् भने कार्यव्यापारबाट कुनै घटनाले गर्दा प्रभावित भई आफ्ना सिद्धान्त, मान्यता, आचरण र सोचाइमा समय अनुसार परिवर्तन भएर प्रस्तुत हुने गतिशील पात्र हुन् ।

### २.६.६ आबद्धताको आधार

कथामा प्रयुक्त पात्रहरू र कथानकका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । कथाको संरचना र उद्देश्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने पात्र जोडाईको सम्बन्धलाई नै आबद्धता भनिन्छ । आबद्धताको आधारमा पात्रको अध्ययन गर्दा मूलतः कथाको कथानक र त्यसमा अन्तर्निहित पात्रहरूको नजिकको सम्बन्धलाई आधार मानिन्छ । यसैलाई आधार मान्दा कथामा पात्रहरू **बद्ध** र **मुक्त** गरी दुई प्रकारका हुन्छन् ।

कथाको कथावस्तुसँग गाँसिएर आउने उद्देश्यसँग सम्बद्ध र सक्रिय भूमिका निर्वाह गर्ने पात्रहरू बद्ध हुन् भने कथाको कथावस्तुसँग नबाँधिएका पात्रहरू मुक्त हुन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति महत्त्वपूर्ण स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन (शर्मा, २०५५ : ३९५) ।

### २.६.७ आसन्नताको आधार

कथाको कथानक अनुसार हुने पात्रहरूको उपस्थितिलाई आसन्नता भनिन्छ । ती पात्रहरूमध्ये कुनैले कथामा प्रत्यक्ष उपस्थिति भएर कार्य सम्पन्न गरेका हुन्छन् भने कुनै पात्रले सूक्ष्म रूपमा प्रस्तुत भई साङ्केतक रूपमा कार्य सञ्चालन गरेका हुन्छन् । यसका पात्रहरू **मञ्चीय** र **नेपथ्यीय** गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छन् भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेका पात्र नेपथ्यीय हुन्छन् ।

यसरी माथि उल्लिखित पात्रहरू बाहेक जीवनलाई सजिलै बुझ्न सक्ने आदर्शमा अडेका च्याप्टा पात्रहरू हुन् भने जीवनलाई जटिल रूपले भोग्ने र क्षण-क्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चकपूर्ण बनाउने चाहिँ गोला पात्र हुन् । जताततै उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छन् । जसका क्रियाकलाप वातावरणमा आरुढ हुँदैनन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । त्यस्तै पूर्व परिचित स्वभाव आचरण र कार्य अनुकरणमा कुदिरहने पात्र पारम्परिक वा रुढ हुन् । मौलिक पात्र भनेका स्रष्ठाका नविन सृजना हुन्, जसमा पाठकलाई तान्ने शक्ति हुन्छ । पात्रको छनोट गर्ने उल्लिखित आधार बाहेक पात्रको विशेषताका बारेमा वर्णन गर्न प्रदर्शनात्मक र कथानात्मक विधिको पनि प्रयोग गरिन्छ (शर्मा, २०६३ : ३९४) । प्रदर्शनात्मक विधिमा कथाकारले आफ्नो चरित्रलाई कुराकानी र कार्यव्यापार गरेको स्थितिमा देखाउँछ । कथानात्मक विधिमा कथाकारले हस्तक्षप गरेर चरित्र बारे बताउँछ र यसको उद्देश्य एवम् अभिवृत्तिको मूल्याङ्कन समेत गर्दछ ।

पात्र विश्लेषण गर्ने यी विभिन्न आधारहरूलाई समष्टिमा यसरी देखाउन सकिन्छ :

| **आधार** | **पात्रका प्रकार** |
|---|---|
| लिङ्ग | पुरुष र स्त्री |
| कार्य | प्रमुख, सहायक र गौण |
| प्रवृत्ति | अनकूल (सत्) र प्रतिकूल (असत्) |
| जीवन चेतना | वर्गगत र व्यक्तिगत |
| स्वभाव | स्थिर र गतिशील |
| आबद्धता | बद्ध र मुक्त |
| आसन्नता | मञ्चीय र नेपथ्य |

## २.७ निष्कर्ष

उल्लिखित परिभाषा, पात्रको वर्गीकरण र पात्र विश्लेषणको आधारलाई हेर्दा कथामा पात्रलाई एक महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । जसले कथामा कथानकलाई अगाडि बढाउने विविध घटनाहरू घटाउने आख्यानकारको उद्देश्य र फलप्रप्तिमा समेत सहयोग पुऱ्याउने काम गर्दछ । वर्तमान परिवेशमा जे-जस्ता प्रकारका कथाहरू लेखिए तापनि पात्र सहितका कथाले जस्तो सफलता प्राप्त गर्दछन्, त्यसका तुलनामा पात्र विनाको कथाको परिकल्पना मात्र गर्न सकिन्छ । तसर्थः कथा आख्यानात्मक गद्य विधा हो, जसमा प्रयुक्त कथानकलाई पात्रहरूले जीवन्त तुल्याई कथाकारको सो-उद्देश्यलाई पूर्णता प्रदान गर्दछन् ।

# तेस्रो परिच्छेद

# भागीरथी श्रेष्ठको परिचय र कथायात्रा

## ३.१ परिचय

कथाकार भागीरथी श्रेष्ठ आधुनिक नेपाली कथाका क्षेत्रमा चर्चित नारी प्रतिभा हुन् । उनले २०२३ सालमा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरेर कथायात्रा प्रारम्भ गरेकी हुन् । २०२३ सालदेखि उनको कथायात्रा अहिलेसम्म गतिशील रहदै आएको छ । हालसम्म उनका **क्रमशः** (२०४३), **मोहंदश** (२०४४), **विभ्रम** (२०५०), **भूमिगत** (२०६२), **रातो गुलाफ** (२०६६) कथा सङ्ग्रह त्यसैगरी **रङ्गीन पोखरी** (२०५०) लघु कथासङ्ग्रह र **स्वाबलम्बन** (२०६५) बाल कथासङ्ग्रह गरी सातवटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । **मालती** (२०३४) र **यस्तो एउटा आकाश** (२०४६) गरी दुईवटा उपन्यास पनि प्रकाशित भएका छन् । कथाकार श्रेष्ठका कथामा आफन्त, नातेदार, साथीहरू पात्रका रूपमा आएका छन् भने जन्मदेश र कर्मदेश प्रत्यक्ष वा परोक्ष रूपमा परिवेश बनेर आएका छन् । नारी जीवनका मर्म र पीडाहरूलाई अत्यन्त कलात्मक ढङ्गले प्रस्तुत गर्ने श्रेष्ठ नेपाली समाजका अवसरवादी प्रवृतिलाई स्वभाविकताका साथ आफ्ना कथामा उतार्छिन् । परम्परागत सोचाइबाट ग्रसित पुरुषप्रधान समाजबाट नारीले खेप्नुपरेको बाध्यता पीडा र विवशतालाई कथाको विषय बनाई तिनलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरी रचिएका उनका कथामा ग्रामीण जीवनका गम्भीर समस्याहरू उठाइएको पाइन्छ । घरेलु हिंसा, पारिवारिक यातना, सामाजिक अपमान, लैङ्गिक विभेद आदि सहेर सदियौँदेखि अधिकार वञ्चित भएका नारीहरूका आवाजलाई बुलन्द गराउन चाहने कथाकार श्रेष्ठ सशक्त नारीवादी कथाकार हुन् ।

### ३.१.१ जन्मस्थान र पारिवारिक पृष्ठभूमि

नेपाली साहित्यका क्षेत्रमा सामाजिक यथार्थवादी स्रष्टाका रूपमा परिचित भागीरथी श्रेष्ठको जन्म वि.सं. २००५ असोज १० गते लुम्बिनी अञ्चलको गुल्मी जिल्ला रिडी बजारमा भएको हो । उनी बाबु राजकुमार बजिमय र माता जानकी

बजिमयको कोखबाट दोस्रो सन्तान तथा एकल छोरीका रूपमा जन्मेकी हुन् (शोधनायिका बाट प्राप्त जानकारी) ।

भागीरथी श्रेष्ठको परिवारमा उनकी हजुरआमा, बाबु राजकुमार बजिमय, आमा जानकी बजिमय, जेठा दाजु विश्वनाथ बजिमय, माहिला भाइ कल्याणकुमार बजिमय, साहिँला भाइ धर्मकुमार बजिमय र कान्छा भाइ कैलाश बजिमय र आफू गरी जम्मा आठ जनाको परिवारमा हुर्केकी हुन् । उनका पिताले ३० वर्षसम्म हुलाकमा जागिरे जीवन बिताएका थिए । उनले परिश्रम र इमान्दारलाई सधैं सम्मान गर्थे र त्यसताका रिडी बजारका प्रसिद्ध समाजसेवी, परोपकारी र शिक्षाप्रेमीका रूपमा परिचित थिए । उनकी माता जानकी बजिमय पनि कुशल परोपकारी र सरल हृदय भएकी नारी थिइन् । उनकी माता धर्मकर्ममा आस्था एवम् विश्वास राख्ने हुनाले यिनका घरमा बिहान बेलुका सधैँ पूजा-पाठ हुन्थ्यो (गौतम, २०५१ : १) ।

यसरी श्रेष्ठको जन्म गुल्मी जिल्लाको रिडी बजारको मध्यम वर्गीय नेवार परिवारमा भएको हो । उनका पिता सरकारी जागिरे हुनाले पैतृक जग्गा-जमिन पनि प्रशस्त भएकाले घरको आर्थिक स्थिति राम्रो थियो ।

**३.१.२ बाल्यकाल**

बाबु-आमाकी एक्ली छोरीका रूपमा जन्मेकी भागीरथी श्रेष्ठले आफ्ना बाल्यकालमा आमा-बाबुबाट प्रशस्त माया पाएकी थिइन् । उनको सुन्दर, आकर्षण र स्वास्थ्य बाल व्यक्तित्वका कारणले उनलाई छिमेकका सबै मान्छेले माया गर्थे । सानै उमेरदेखि उनका मानसिकतामा अरूप्रति दया मायाको भावना रहेको पाइन्छ । वि.सं. २०२१ मा उनकी हजुरआमाको देहान्त भयो । त्यसबेला भागीरथीको उमेर १६ वर्षको थियो । यस घटनाले उनको किशोर मानसिकतामा ज्यादै ठूलो चोट पुग्यो । हजुरआमाको निधन पछि उनले आफ्ना आमा-बाबु र दाजुभाइ हुँदाहुँदै पनि एक्लो अनुभव गर्न थालिन् (गौतम, २०५१ : १) ।

भागीरथी श्रेष्ठको बाल्यकाल मध्यम वर्गीय परिवारमा बितेको पाइन्छ । उनले बाल्यकालमा खासै दुःखकष्ट भोग्नु परेन । उनी सानै उमेरदेखि धर्मकर्ममा रुचि राख्थिन् । त्यसैले उनी सधैं जसो साथीहरूसँग मिलेर मन्दिरमा पूजा गर्न जान्थिन् ।

उनी सानैदेखि आफ्ना काममा अत्यन्त लगनशील थिइन् । पढाइप्रति पनि उनले त्यत्तिकै ध्यान दिएको पाइन्छ । यिनै गुणले गर्दा आफ्नो परिवार र छरछिमेकमा समेत उनी सानैदेखि एउटा आदर्श बालिकाका रूपमा रहेको देखिन्छ । पिता जागिरे भएकाले वाल्यकालमा उनले आर्थिक अभावको महसुस गर्नु परेन, त्यसैले उनको वाल्यकाल सुखद रहेको देखिन्छ ।

### ३.१.३ शिक्षादीक्षा

भागीरथी श्रेष्ठका बाल्यकालमा घर नजिकै विद्यालय भएकाले उनले आधारभूत शिक्षाका लागि खासै कठिनाइ भोग्नु परेन । उनका बाबु पनि शिक्षित भएकाले छोरीलाई पनि पढाउनु पर्छ भन्ने मानसिकता थियो । त्यसैले उनलाई सानै उमेरदेखि नियमित रूपमा विद्यालयमा शिक्षा प्राप्त गर्ने अवसर प्राप्त भयो । गुल्मीको रिडी हाइस्कुलबाट माध्यमिक स्तरसम्मको पढाइ पूरा गरी २०२३ सालमा त्यही विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गर्ने तिन जना विद्यार्थीमा श्रेष्ठ एकमात्र छात्रा थिइन् ।

भागीरथी श्रेष्ठले उच्च शिक्षा हासिल गर्ने तीव्र इच्छा हुँदाहुँदै पनि एक वर्षसम्म उच्च शिक्षा हासिल गर्न पाइनन् ।  उनी उच्च शिक्षाको अभिलाषा पूरा गर्न वि.सं. २०२४ मा काठमाडौँ आइन् र पद्मकन्या कलेजमा इन्टरमिडियट तहको नियमित छात्राका रूपमा भर्ना भई पढ्न थालिन् । उनले पद्मकन्या कलेजबाट द्वितीय श्रेणीमा इन्टरमिडियट (आई.ए.) पनि उत्तीर्ण गरिन् । वि.सं. २०२६ मा उनी वैवाहिक जीवनमा आबद्ध भइन् । श्रीमान्को जागिर स्याङ्जा जिल्लाको भूमिसुधार कार्यालयमा रहेको हुँदा उनी पनि श्रीमान्सँगै बस्नु पर्ने भएकाले उनको पढाइ अवरुद्ध भयो । पछि वि.सं. २०३६ मा व्यक्तिगत (प्राइभेट) परीक्षार्थीका रूपमा सहभागी भई उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह तृतीय श्रेणीमा उत्तीर्ण गरिन् (गौतम, २०५१ : ४) ।

२०३८ सालदेखि भागीरथी श्रेष्ठले तारा गाउँ विकास समितिमा पाँचौ तहको स्थायी कर्मचारीको रूपमा सेवा गर्न थालिन् । त्यहाँ उनले दस वर्ष काम गरेपछि २०४८ सालमा उनको पदोन्नती पनि भयो । त्यसपछि उनले तारा गाउँ विकास समितिमै छैटौँ तहको कर्मचारीको रूपमा दुई वर्ष सेवा गरिन् । यसरी भागीरथी श्रेष्ठले माध्यमिक तहसम्मको पढाइमा सहज वातावरण भए पनि उच्च शिक्षाका निम्ति त्यति सहज वातावरण भएन । उच्च शिक्षाको अध्ययनका सिलसिलामा विभिन्न किसिमका

बाधा व्यवधानहरू बेहोर्नु परेको थियो । त्यसमा श्रीमान्को जागिर उपत्यका बाहिर भूमिसुधार कार्यालय स्याङ्जामा हुनु, अर्कोतिर आफ्नो जागिर हुनु र दुई छोरा र एक छोरीकी आमाका रूपमा पारिवारिक जिम्मेवारी लिनुपर्ने जस्ता वाध्यताका कारणले गर्दा पनि उनले स्नातक तहसम्मको शिक्षा हासिल गरिन् । उनको स्नातकोत्तर तहको पढाइ पूरा गर्ने इच्छा थियो तर त्यो इच्छा चाहिँ अधुरो रह्यो ।

### ३.१.४ विवाह तथा पारिवारिक स्थिति

भागीरथी श्रेष्ठका बाबु आमा शिक्षित भए पनि त्यसबेलाको परम्परावादी समाजले गर्दा छोरीलाई स्वतन्त्र रूपमा छोड्दा उनीहरू बिग्रिन्छन् भन्ने धारणा थियो । त्यसैले गर्दा वि.सं. २०२६ मा २१ वर्षको उमेरमा पाल्पा भैरवस्थान निवासी दुर्गाप्रसाद श्रेष्ठसँग हिन्दु परम्परा अनुसार उनको विवाह भयो । उनी आफ्नो दुलाहा गरिब भए पनि शिक्षित र दयालु होस् भन्ने इच्छा राख्दथिइन् (गौतम, २०५१ : ५) । उनले भने जस्तै वास्तविक जीवन साथी पाएकी थिइन् । आफ्नो चाहना अनुसार शिक्षित पतिका कारणले उनले पारिवारिक जीवनमा कुनै किसिमको दुःख भोग्नु परेन ।

वि.सं. २०२६ मंसिर ९ गते २१ वर्षको उमेरमा उनको विवाह भए पछि वि.सं. २०२८ मा उनका कोखबाट प्रथम सन्तानको रूपमा सञ्जिवको जन्म भयो । श्रेष्ठ आफूले पनि स्नातक तह उत्तीर्ण गरेकी र श्रीमान्ले पनि राजनीति शास्त्रमा एम.ए. पास गरेको हुनाले उनीहरू बीच एक आपसमा सुख, दुःख बुझ्न सक्ने क्षमता थियो । दुवै शिक्षित भएकाले जीवनमा खासै मनमुटाव भएन (खत्री, २०६७ : ११) । घर परिवारबाट पनि उनले सधैँ मायाममता पाउँदै आएकी छन् । उनका दुई छोरा र एक छोरी छन् । हाल उनी कान्छा छोरा बुहारीसँग काठमाडौँको चपली भन्ने ठाउँमा बस्दै आएकी छन् ।

### ३.१.५ रुचि र स्वभाव

भागीरथी श्रेष्ठमा विभिन्न संघ/संस्थाको स्थापना गरी ती संस्थाको माध्यमबाट सामाजिक सेवा गर्ने रुचि पाइन्छ । उनको ज्यादा रुचि चाहिँ साहित्य सिर्जना नै रहेको छ । त्यसैले उनी विभिन्न पत्र-पत्रिका अध्ययन गर्न मन पराउँछिन् । उनले सानैदेखि विभिन्न पत्र-पत्रिकामा लेख-रचना प्रकाशित गर्नुका साथै साहित्यिक पत्र-पत्रिकाको सम्पादन कार्य गरेकी छन् । बाल्यकालदेखि नै उनको नृत्य र संगीतप्रति रुचि रहेको

थियो । विद्यालयमा पढ्दा त्यहाँ आयोजना गरिने कार्यक्रमहरूमा गीत गाउने, नाच्ने नाटक खेल्ने र खेलाउने आदि क्रियाकलापमा क्रियाशील रहन्थिन् (गौतम, २०५१ : ७) ।

भागीरथी श्रेष्ठले आफ्ना विगतका घटनाहरू सुनाउन ज्यादै मन पराउँछिन् त्यसैले उनले आफ्ना जीवनमा घटेका घटनाहरू रुचिपूर्वक अरूलाई सुनाउँछिन् र बेलाबखत तिनलाई आत्मसंस्मरणका रूपमा लिपिबद्ध गरेर नयाँ अभियान, जनमत, विमोचन, जस्ता पत्र-पत्रिका प्रकाशित गरेकी छन् । उनलाई सिर्जनामा सबैभन्दा बढी रुचि छ । त्यसैले उनले कविता, नाटक, कथा तथा महिला सम्बन्धी विभिन्न लेख रचनाका माध्यमबाट आफ्नो सिर्जनात्मक सन्तुष्टि लिँदै आएकी छन् । साहित्यको अध्ययन पनि उनको अर्को महत्त्वपूर्ण रुचि क्षेत्र हो । प्रायः उनलाई चेखव, टल्सटाय, गोर्की, प्रेमचन्द्र, कृष्णचन्द्र जस्ता विदेशी साहित्यकार र गुरुप्रसाद मैनाली, विश्वेश्वर प्रसाद कोइराला, रमेश विकल, विजय मल्ल, पारिजात जस्ता स्वदेशी साहित्यकारका साहित्यिक रचनाहरू पढ्न मन पर्दछ । भागीरथी श्रेष्ठ नेपाली परम्परा र साधारण पहिरन रुचाउँछिन् । उनलाई आफ्ना परम्परागत धार्मिक रीतिरिवाज पनि त्यत्तिकै मनपर्छ । उनले जात भात र छुवाछुतलाई भने त्यति रुचाउँदिनन् । उनी सधैँ कुनै न कुनै काममा व्यस्त रहन रुचाउँछिन् । उनी बेलाबखत आफ्ना मनमा आएका कुरालाई वा महत्त्वपूर्ण भावहरूलाई नोटबुकमा टिपेर राख्दछिन् (शोधनायिकाबाट प्राप्त जानकारी) । त्यसैले उनी सोही समयमा पढ्न लेख्न बढी रुचाउँछिन् । यिनै आनीबानी र क्रियाकलापलाई उनका रुचि एवम् स्वभाव मान्न सकिन्छ ।

### ३.१.६ आर्थिक अवस्था

भागीरथी श्रेष्ठ मध्यम वर्गीय परिवारमा जन्मेर हुर्किएकी हुनाले बाल्यकालदेखि नै कुनै किसिमको आर्थिक कठिन भोग्नु परेन । आफ्ना पिताको हुलाक सेवामा सरकारी जागिर भएको हुँदा र व्यवसाय अनि खेतीबाट पनि प्रशस्त आम्दानी हुने भएकाले उनी र उनको परिवारले आर्थिक समस्या भोग्नु परेन । आफू मध्यम वर्गीय परिवारमा हुर्किएकी हुनाले उनले आफ्नो वैवाहिक सम्बन्ध जोड्न आर्थिक सम्पन्नतालाई भन्दा शिक्षालाई बढी महत्त्व दिएको पाइन्छ । त्यसैले उनले शिक्षित युवा दुर्गा प्रसाद श्रेष्ठसँग वैवाहिक सम्बन्ध गर्न पुगिन् । विवाहपछि पनि उनको जीवनमा कुनै आर्थिक

सङ्कट परेन, बरु उनको आर्थिक अवस्था झन उन्नत हुँदै गयो । श्रीमान्‌को जागिर र आफ्नो पनि जागिरले गर्दा उनको आर्थिक स्थिति झन् राम्रो हुँदै गयो ।

## ३.१.७ सिर्जनाका निम्ति प्रेरणा र प्रभाव

भागीरथी श्रेष्ठले सानैदेखि नै सिर्जनाप्रति रहर देखाउन थालेकी हुन् । विद्यालय जीवनदेखि नै उनले साहित्य सिर्जनामा कलम चलाउने गरेको पाइन्छ । उनको औपचारिक साहित्यिक यात्रा वि.सं. २०२३ मा रिडी हाइस्कुलको मुखपत्र **रुरु** मा प्रकाशित 'प्रबल इच्छा' कथाबाट प्रारम्भ भएको हो । यस कथाको प्रकाशनपछि उनी सिर्जनाका कार्यमा थप प्रोत्साहित हुँदै गइन् । सानै उमेरदेखि नै विभिन्न साहित्यकारको सम्पर्कमा रहेकी श्रेष्ठको साहित्यप्रति स्वतः झुकाव बढ्दै गएको हो । उनलाई साहित्यसम्बन्धी प्रेरणा दिने क्रममा साहित्यकार मोदनाथ प्रश्रितसँग उनको पारिवारिक सम्बन्ध राम्रो थियो । त्यसै कारणले प्रश्रितबाट साहित्य सृजनाका निम्ति महत्त्वपूर्ण प्रेरणा पाएकी थिइन् । साथै आमाबाबु र विवाह भएपछि आफ्नो श्रीमान्‌बाट पनि सिर्जनात्मक कार्यका निम्ति प्रशस्त उत्साह र प्रेरणा पाउँदै गइन् । ग्रामीण परिवेशमा जन्मेर हुर्किएकी श्रेष्ठलाई आन्तरिक रूपमा साहित्यतर्फ उत्प्रेरित गर्ने उनका आफ्नै बाबु र हजुरआमा हुन् । उनी एक वर्षसम्म एस.एल.सी. उत्तीर्ण गरेर घरमै बसिन् । त्यस अवस्थामा उनले मनमा आएका अनेकौँ गन्थन मन्थनलाई कापीमा नोट गरिन् । यसरी लेख्दालेख्दै एउटा सृजनाको स्वरूप तयार भयो । अर्कातर्फ उनले सानै उमेरदेखि आफ्ना घरमा पुस्तक पत्र पत्रिका पढ्ने वातावरण पाइन् । त्यसैले गर्दा उनीभित्र सिर्जनाप्रति रुचि पलाउँदै गयो । साथै साहित्यकार मोदनाथ प्रश्रितको सामीप्य प्राप्त हुनुले पनि उनको सृजनात्मक कार्यमा महत्त्वपूर्ण प्रेरणा प्रदान प्राप्त भयो । यसरी भागीरथी श्रेष्ठ आजभन्दा करिब चार दशक अगाडिबाट साहित्यमा प्रवेश गरेकी हुन् । आजसम्म साहित्यका विभिन्न विधामा कलम चलाएर उनी एउटी नारी साहित्यकारका रूपमा स्थापित छन् । हालसम्म पनि विभिन्न पत्र-पत्रिकामा उनका साहित्यिक रचना प्रकाशित हुँदै आएका छन् । उनी पाठकहरूका बीच परिचित हुँदै गइन् । उनीभित्रको स्रष्टा व्यक्तित्व झन्-झन् बढ्दै गएको पाइन्छ । उनी आफ्ना सृजनात्मक कार्यबाट विभिन्न साहित्यिक संघ-संस्थाहरूबाट पदक तथा पुरस्कार पाइरहेकी छन् । यसबाट उनी झन् साहित्यिक सृजनाप्रति उत्प्रेरित हुँदै गएकी छन् ।

### ३.१.८ सम्मान तथा पुरस्कार

भागीरथी श्रेष्ठ सानैदेखि जुनसुकै काम गरे पनि लगनशीलता पूर्वक गर्ने र त्यसमा उच्च सफलता प्राप्त गर्न चाहने नारी हुन् । त्यसैले आफ्ना विद्यालयीय जीवनमा दौड, गीत, नृत्य आदि क्रियाकलापमा भाग लिँदा उनले विभिन्न पुरस्कार पाएकी थिइन् । उनी विद्यालयमा विद्यार्थी हुँदा राजा महेन्द्र गुल्मी जिल्ला भ्रमण गएको बेला उनले एउटा नृत्य प्रदर्शन गरिन् । सो नृत्यबाट प्रभावित भई राजा महेन्द्रले उनलाई पुरस्कार स्वरूप नगद रु. १०००/- प्रदान गरेका थिए । यहि पुरस्कारको प्रेरणा स्वरूप उनमा थप पुरस्कार पाउने अभिलाषा बढ्दै गयो । यसरी भागीरथी श्रेष्ठ नारीका रूपमा आफ्ना पारिवारिक उत्तरदायित्व र जागिरे पेसालाई अँगालेर पनि उनले नेपाली साहित्यका क्षेत्रमा लगभग ४५ वर्ष लामो यात्रामा उनले विभिन्न अवसरमा पटक-पटक गरी विभिन्न पुरस्कार तथा सम्मान पाएकी छन् । उनले पाएका सम्मान तथा पुरस्कारको विवरण तल दिइएको छ :

क) लुम्बिनी अञ्चलस्तरीय साहित्यिक सम्मेलन गद्यतर्फ स्वर्ण पदक २०३२

ख रत्न श्री स्वर्ण पदक २०४३

ग) सर्वोत्तम टेलिफिल्म पुरस्कार २०४४

घ) मैनाली कथा पुरस्कार २०४८

ङ) वाङ्मय प्रज्ञा-प्रतिष्ठान पाल्पा, प्रतिभा सम्मान पत्र २०५२

च) नूरगंगा प्रतिभा पुरस्कार २०५७

छ) राष्ट्रिय प्रतिभा पुरस्कार २०५७

ज) शंकर कोइराला स्मृति पुरस्कार २०५९

झ) कुमारी साहित्य प्रतिष्ठानबाट सम्मान २०६२

ञ) पारिजात स्मृति साहित्य मितेरी सम्मान २०६२

ट) लुम्बिनी अञ्चलस्तरीय सम्मेलनमा गद्यतर्फ स्वर्ण पदक २०२३

ठ) गरिमा पुरस्कार २०६४

ड) मानचित्र सञ्चार समूहबाट सम्मान २०६५

ढ) निर्मलादेवी साहित्य पुरस्कार २०६५

ण) केशवलाल वाँख शिरिया पुरस्कार २०६६

त)	रमेश विकल वाङ्मय पुरस्कार २०६७

यसरी श्रेष्ठले नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याए वापत विभिन्न संघ-संस्था र सरकारी स्तरबाट विभिन्न पुरस्कार तथा सम्मान पाएकी छन् । यो क्रम अहिलेसम्म जारी छ ।

## ३.२ भागीरथी श्रेष्ठको कथायात्रा

नेपाली साहित्यको आख्यान विधामा कथाकार भागीरथी श्रेष्ठको महत्त्वपूर्ण योगदान रहेको छ । वि.सं. २०२३ मा रिडी हाइस्कुलको मुखपत्र रुरु पत्रिकामा प्रकाशित 'प्रबल इच्छा' कथा नै भागीरथीको प्रथम प्रकाशित कथा हो । यसैबाट उनको औपचारिक साहित्य यात्राको आरम्भ भएको पाइन्छ । वि.सं. २०२३ देखि हालसम्म चार दशक लामो साहित्य साधनमा निरन्तर रूपमा लागिपरेकी कथाकार श्रेष्ठका नौवटा पुस्तकाकार कृतिका साथै थुप्रै फुटकर रचनाहरू उपलब्ध छन् । भागीरथी श्रेष्ठले चारदशक लामो आफ्नो साहित्यिक यात्राका क्रममा कथा, उपन्यास, निबन्ध र कविताजस्ता विधामा कलम चलाउँदै आएकी छन् । हालसम्म भागीरथीका **क्रमशः** (२०४३), **मोहदंश** (२०४३), **विभ्रम** (२०५०), **भूमिगत** (२०६२), **रातो गुलाफ** (२०६६) गरी पाँचवटा कथा सङ्ग्रहका साथै **रङ्गीन पोखरी** (२०५०) लघु कथासङ्ग्रह र **स्वाबलम्बन** (२०६५) बाल कथासङ्ग्रह पनि प्रकाशित भएका छन् । यी बाहेक उनका कतिपय कथा निबन्ध तथा कविता र गीति रचना पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् ।

### चरण विभाजनका आधारहरू

भागीरथी श्रेष्ठ विषयगत रूपमा नारीवादी कथाकार हुन् । यिनले सर्वप्रथम वि.सं. २०२३ मा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरेर कथालेखनमा यात्रारत भई प्रकाशनका दृष्टिले यो क्रम हालसम्म पनि कायम रहेको छ । श्रेष्ठको कथालेखन क्रम करिब चार दशक लामो रहे तापनि यसमा निरन्तर गतिशीलता नभएको तथ्य यिनकै कथाहरूले स्पष्ट पारेका छन् । यस्तो हुनुमा यिनको पारिवारिक व्यस्तता र तात्कालीन सामाजिक परिवेश एवम् वातावरणले अहम् भूमिका खेलेको पाइन्छ ।

कथालेखन र प्रकाशनको विखण्डित अनुक्रममा विकसित श्रेष्ठका कथा विकासक्रमलाई निश्चित कालावधिको मापदण्ड बनाइ चरणगत वर्गीकरण गर्न जटिल र कठिन छ, तापनि यस सम्बन्धमा अध्ययन गर्दा यिनको कथा लेखनको प्रारम्भ र विकासको अन्योन्य सम्बन्ध, कथालेखन र प्रकाशनको समयान्तराल, उनका कथाहरूमा पाइने मूलभूत प्रवृतिहरूको विकास, कथामा आएको परिष्कृत र उनका कथाले पारेको राजनैतिक प्रभावको समेत अध्ययन गर्दा तिनको आधारमा श्रेष्ठको कथायात्रालाई मूलतः तिन चरणमा वर्गीकरण गर्न सकिन्छ ।

क) प्रथम चरण (२०२३ देखि २०४२ सम्म)

ख) द्वितीय चरण (२०४३ देखि २०५१ सम्म)

ग) तृतीय चरण (२०५२ देखि हालसम्म)

**क. प्रथम चरण (२०२३–२०४२)**

वि.सं. २०२३ मा **रुरु** पत्रिकामा प्रकाशित 'प्रबल इच्छा' कथाबाट भागीरथी श्रेष्ठको कथायात्रा औपचारिक रूपमा आरम्भ भएको हो । यस अघि उनले केही गीत र एकाङ्कीहरू लेखेर सिर्जनाको पूर्वाभ्यास गरेकी थिइन् । त्यसैले २०२३ सालमा प्रकाशित 'प्रबल इच्छा' कथालाई भागीरथीको सिर्जना यात्राको आरम्भ विन्दु ठानी २०२३ देखि २०४२ सम्मको समयावधिलाई उनको कथायात्राको प्रथम चरण मान्न सकिन्छ । कथाकार श्रेष्ठका यस चरणमा फुटकर कथा र एउटा उपन्यास प्रकाशित भएका छन् । यस चरणलाई भागीरथी श्रेष्ठको आभ्यासिक चरण पनि भन्न सकिन्छ । यस चरणमा 'प्रबल इच्छा' (२०२३), 'निष्फल साहस' (२०२५), 'काँडाको बाटोमा गुलाबको अस्तित्व' (२०३१), 'फरिया' (२०३५), 'हाटबजार जाँदा' (२०३५), 'बाँच्नु मर्नुको परिधिभित्र' (२०३७), 'समर्पण' (२०३८), 'आत्मसन्तुष्टि' (२०३८), 'असमानता' (२०३९) जस्ता नौवटा कथाहरू प्रकाशित भएका छन् । त्यसैगरी छवटा कविता, एउटा गीत, दुईवटा निबन्ध र एउटा उपन्यास गरी अठारवटा फुटकर रचना पनि प्रकाशित भएका छन् । यिनका यस चरणमा प्रकाशित 'समर्पण' (२०३८), 'आत्मसन्तुष्टि' ( २०३८), 'असमानता' (२०३९), समेत गरी तिनवटा कथाहरू 'क्रमशः (२०४३) कथा सङ्ग्रहमा सङ्कलित भएका छन् तापनि यी कथाहरू २०४२ अघि नै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका थिए । त्यसैले यी कथाहरूलाई प्रथम चरण कै रचना

मान्न सकिन्छ । भागीरथीको कथायात्राको प्रथम चरणका उपर्युक्त कथाहरूको प्रकाशन स्थितिलाई हेर्दा वि.सं. २०२३ देखि २०३३ सम्मको एक दशकमा उनले केवल तिनवटा कथा मात्र प्रकाशन गरेको देखिन्छ ।

यस चरणमा भागीरथीले कथा, कविता, निबन्ध र उपन्यास समेत गरी चारवटा विधामा कलम चलाए तापनि उनी खासगरी आख्यान रचनामै बढि केन्द्रीत भएको देखिन्छ ।

**ख. द्वितीय चरण (२०४३–२०५१)**

कथाकार भागीरथी श्रेष्ठको 'क्रमशः' (२०४३) कथा सङ्ग्रहको प्रकाशन सँगै द्वितीय चरण  सुरूवात भएको हो । उनको यो चरण क्रमश : प्रौढतातर्फ उन्मुख रहेको चरण हो । फुटकर कथाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशन गराउँदै आएकी भागीरथी श्रेष्ठका यस चरणमा तिनवटा कथा सङ्ग्रह 'क्रमशः' (२०४३ ), 'मोहदंश' ( २०४३), 'विभ्रम' (२०५०), र एउटा लघु कथासङ्ग्रह 'रङ्गीन पोखरी' (२०५०) प्रकाशन भएका छन्  । उनका 'क्रमशः' मा १५ वटा, 'मोहदंश' मा १३ वटा, 'विभ्रम' मा ३० वटा, 'रङ्गीनपोखरी' मा ३४ वटा कथाहरू सङ्कलित छन् । उनका यस चरणमा सङ्ग्रहमा नपरेका कथाहरू पनि प्रकाशित भएका छन्, जसमध्ये 'रातको अन्त्यपछि' ( २०४५), 'स्थिति' (२०४६), 'जाल' (२०५६),' एक कप चिया' (२०४७), 'दुवोको माला उन्दाको रहर' (२०४८), 'ओझेल परेका प्रेमका किरणहरू' (२०४९), 'मन्दिरा' ( २०४९), 'निर्णय' (२०५०),'स्वार्थी' (२०५०) ।

भागीरथी श्रेष्ठले कथायात्राको दोस्रो चरणमा प्रथम चरणका तुलनामा सङ्ख्यात्क र गुणात्मक दुवै दृष्टिकोणले थुप्रै रचनाहरू प्रस्तुत गरेकी छन् । यस चरणमा उनका चारवटा कथा सङ्ग्रह एउटा उपन्यास समेत गरी पाँचवटा पुस्तकाकार कृति प्रकाशित छन् भने यसै चरणमा उनले कविता, गीत, निबन्ध जस्ता साहित्यिक विधामा पनि कलम चलाएकी छन् । यो चरण सिर्जनात्मक निरन्तरता तथा सङ्ख्यात्मक एवम् गुणात्मक रचनाका दृष्टिले पनि उपलब्धिपूर्ण रहेको देखिन्छ । यस अवधिमा भागीरथीले अरू विधामा कलम चलाए पनि ती अन्य विधामा उनको उपस्थिति मात्र रहेको छ । यस चरणमा भागीरथीले कथा विधालाई नै विशेष निरन्तरता दिएको पाइन्छ ।

### ग. तृतीय चरण (२०५२–हालसम्म)

कथाकार भागीरथी श्रेष्ठको कथायात्राको तेस्रो चरणको आरम्भ २०५२ सालदेखि आरम्भ भई हालसम्म पनि यसको निरन्तरता जारी रहेको छ । यस चरणमा कथाकार श्रेष्ठका कथा सङ्ग्रह मात्र प्रकाशित भएका छन् । कथाहरूको गुणस्तरीयता, भाषाशैलीमा आएको मोहकता र विशेष खालको कथानक बोकेका कथाहरू यस चरणमा प्रकाशित भएका छन् । राजनैतिक उतार चढावको प्रभाव पनि कथाकार श्रेष्ठका यस चरणका कथाहरूमा पाइन्छ । सङ्ख्यात्मक दृष्टिकोणले दोस्रो चरणमा भन्दा थोरै कथा प्रकाशित भए तापनि गुणात्मक र परिष्कृत कथाहरू यस चरणमा आएका छन् । कथाकार श्रेष्ठको कथा यात्राको अध्ययन गर्दा यो चरण उनको परिष्कृत एवम् उत्कर्ष कालका रूपमा पनि रहेको देखिन्छ । 'भूमिगत' (२०६२) र 'रातो गुलाफ' (२०६६) र 'स्वाबलम्बन' (२०६५) बाल कथासङ्ग्रह उनका तेस्रो चरणमा प्रकाशित कथा सङ्ग्रहहरू हुन् । श्रेष्ठका 'भूमिगत' मा २१ वटा, 'रातोगुलाफ' मा १७ वटा कथाहरू सङ्कलित रहेका छन् ।

कथाकार भागीरथी श्रेष्ठको तृतीय चरण उनको कथायात्राको उत्कर्ष काल हो । यस चरणमा उनका दुइवटा कथा सङ्ग्रह र एउटा बाल कथासङ्ग्रह प्रकाशित भएका छन् । सङ्ख्याका दृष्टिले दोस्रो चरणमा भन्दा थोरै कथा प्रकाशनमा आए पनि गुणात्मक दृष्टिले यस चरणका कथा परिष्कृत तथा उत्कृष्ट छन् । २०४६ र २०६१-६२ सालको राजनैतिक परिवर्तनको प्रतिबिम्व उनका यस चरणका कथाहरूमा पाइन्छ । 'भूमिगत' कथा सङ्ग्रह उनको यसै चरणमा प्रकाशित भएको हो । यस चरणका कथाहरूमा प्रजातान्त्रिक आन्दोलनलाई पृष्ठभूमि बनाएर लेखिएका छन् भने राजनैतिक विकृति, नेताहरूको चरित्र र विसङ्गतिलाई व्यङ्ग्य गरेका छन् । दोस्रो चरणका कथाहरूको तुलनामा यस चरणका कथामा लेखनशैलीको प्रौढता र परिपक्वतामा गम्भीर गति छ । उनको सिर्जना यात्रा यस चरणमा पूर्ण निखारता, गतिशीलता एवं प्राप्तिपूर्ण बन्दै गएको छ भने उनका अझ परिष्कृत एवं उच्च कोटिका साहित्यिक रचना नेपाली भाषा साहित्यका क्षेत्रमा आउने अपेक्षा पनि गर्न सकिन्छ ।

### ३.३ निष्कर्ष

भागीरथी श्रेष्ठ आधुनिक नेपाली कथाकि अग्रणी नारी प्रतिभा हुन् । उनको जन्म २००५ साल असोज १० गते लुम्बिनी अञ्चलको गुल्मी जिल्लामा पर्ने रिडी बजारमा भएको हो । मध्यम वर्गीय परिवारमा जन्मिएकी भागीरथी श्रेष्ठको वाल्यकाल सुखद वातावरणमा नै बित्यो । उनले २०२३ सालमा एस.एल.सी. उर्तीण गरेकी हुन् । २०२६ सालमा पाल्पा भैरवस्थान निवासी दुर्गा प्रसाद श्रेष्ठसँग उनको विवाह भएको हो । उनको विशेष रुचि साहित्य सिर्जना नै रहेको छ । उनले साहित्यमा अविरल रूपले कलम चलाएर नेपाली भाषा र साहित्यको विकासमा अमूल्य योगदान पुऱ्याएकी छन् । उनका यी विविध योगदानहरूको उच्च मूल्याङ्कन गर्दै विभिन्न संघसंस्थाहरूले भागीरथीलाई विभिन्न मान सम्मान तथा पुरस्कार प्रदान गरेका छन् । २०३३ सालदेखि सुरु भएको भागीरथी श्रेष्ठको कथायात्रा आजको अवस्थामा आइपुगेको छ । हालसम्म उनका छवटा कथा सङ्ग्रहको प्रकाशन भइसकेको छ । श्रेष्ठको कथा यात्रालाई तिनवटा चरणमा विभाजन गरिएको छ । उनको लेखनशैलीको प्रौढता, कथाको सङ्ख्या, कथागत प्रवृति र उनको कथालेखनमा परेको राजनैतिक प्रभाव आदिलाई आधार मानेर उनको कथायात्रालाई चरण विभाजन गरिएको छ । प्रथम चरण (२०२३-२०४२) कथा लेखन सुरु भएदेखि सङ्ग्रहको प्रकाशन हुनुभन्दा अघिको समय हो । यस चरणमा भागीरथीले अग्रज कथाकारहरूका कथाहरूको अध्ययन गर्दै र आफू पनि साधनामा तल्लीन रहेको समय हो । उनको प्रथम चरणमा लेखिएका कथाहरूमा भाषिक त्रुटी, क्षीण कथानक रहेको देखिन्छ । प्रथम चरणमा लेखिएका श्रेष्ठका कथाहरू सामान्य, सरल, थोरै र पाठकलाई आकर्षण गर्न सक्ने खालका रहेका छन् । प्रथम चरणलाई श्रेष्ठको कथा लेखनको प्रारम्भ काल अथवा आभ्यासिक काल भन्न सकिन्छ । द्वितिय चरण (२०४३-२०५१) मा श्रेष्ठका चारवटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । दोस्रो चरणमा उनका धेरै साहित्यिक रचनाको प्रकाशन भएको छ त्यसैले दोस्रो चरणलाई उनको कथायात्राको विकास काल अथवा उत्थान काल भन्न सकिन्छ । प्रथम चरणका तुलनामा दोस्रो चरणका कथामा स्तरीयता, परिपक्वता, शुद्धता, सम्प्रेषणीयता अधिक रहेको देखिन्छ । कथामा देखिएका यिनै आधार नै श्रेष्ठको कथायात्राको दोस्रो चरण सुरुवात गर्ने मापदण्ड अथवा आधारभूमि हुन् । तृतीय चरण (२०५२-हालसम्म)

मा श्रेष्ठको कथा लेखनमा प्रवृतिगत भिन्नता देखा परेको छ । सामाजिक यथार्थवादी कथा लेख्ने श्रेष्ठले तेस्रो चरणमा सामाजिक यथार्थवादी कथाका साथै राजनैतिक चेत भएका कथा लेखन थालेको देखिन्छ । मूलतः २०४६ सालपछि आएको राजनैतिक परिवर्तन, २०५२ सालमा सुरु भएको जनयुद्ध र यसले नेपाली समाजमा पारेको प्रभाव, २०६२-२०६३ सालको जनआन्दोलन र उनको कथा लेखनमा आएको परिपक्वता र भाषा शैलीमा देखिएको परिष्कृतता आदिका आधारमा श्रेष्ठको कथायात्राको तेस्रो चरण निर्धारण गरिएको छ । यो चरण उनको उत्कर्ष काल पनि हो । यसरी उनको कथागत यात्रालाई हेर्दा आगामी दिनहरूमा पनि उनको कलम साहित्यमा निरन्तर चलिरहने छ र उनका उत्कृष्ट कृतिहरू प्रकाशन हुनेछन् भन्ने आशा गर्न सकिन्छ ।

# चौथो परिच्छेद

# क्रमशःमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

## ४.१ विषय परिचय

कथाकार भागीरथी श्रेष्ठ नेपाली साहित्यको कथा विधाकी एक सशक्त प्रतिभा हुन् । उनले अनवरत रूपमा कथा विधामा कलम चलाएर नेपाली कथा साहित्यमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै रूपमा सफलता हासिल गरेकी छन् । उनका अधिकांश कथा नारी पात्रकै केन्द्रियतामा रचिएका छन् । महिलाका संवेदनालाई आफ्ना कथामा उतार्न उनी सफल भएकीछिन् ।

भागीरथी श्रेष्ठका हालसम्म 'क्रमशः' (२०४३), 'मोहंदश' (२०४४), 'विभ्रम' (२०५०), 'भूमिगत' (२०६२), 'रातो गुलाफ' (२०६६) कथा सङ्ग्रहका साथै 'रङ्गीन पोखरी' (२०५०) लघु कथासङ्ग्रह र 'स्वाबलम्बन' (२०६५) बाल कथासङ्ग्रह पनि प्रकाशित भएका छन् । उनका यी कथा सङ्ग्रहहरूमा मुख्य गरी समाजमा घट्ने घटनाहरूलाई नै कथावस्तुका रूपमा लिइएको छ र समाजका विभिन्न फाँटका स्त्री पात्रको प्रयोग गरेर कथा लेखिएका छन् । यी कथाहरूमा पतिपत्नी बिचको मनमुटाव, सामाजिक अन्धविश्वास र कुसंस्कार, उच्च वर्गले तल्लो वर्गलाई गर्ने व्यवहार, पुरुषहरूबाट हेपिदै आएका नारीहरूको स्थिति आदि विविध पक्षहरूलाई उनले आफ्ना कथाको पात्रको माध्यमबाट उजागर गरेकी छन् । यी कथा सङ्ग्रहका अधिकांश कथामा युवा र प्रौढ उमेरका पात्रहरूको प्रयोग गरिएको छ । कथाहरू गाउँ, सहर र विदेशका अधिकांश ठाँउलाई परिवेश बनाएर लेखिएकाले पात्रहरू पनि त्यस्तै पृष्ठभूमिका नै छन् । यी कथा सङ्ग्रहका कथामा समाजमा हेपिएका र दबिएका पात्रलाई विशेष महत्त्व दिइएको छ ।

यसरी भागीरथी श्रेष्ठका कथामा मूलतः नारी पात्रहरू प्रमुख रहेका छन् । त्यसैले यस परिच्छेदमा उनको **क्रमशः** कथा सङ्ग्रहमा सङ्कलित रहेका कथामध्ये प्रमुख भूमिका निर्वाह गरेका नारी पात्रको चरित्र चित्रण प्रस्तुत गरिएको छ भने

**मोहदंश, विभ्रम, भूमिगत र रातो गुलाफ** कथा सङ्ग्रहरूमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषणलाई छुट्टा-छुट्टै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.२ क्रमशः कथा सङ्ग्रहमा सङ्कलित प्रमुख  नारी पात्रको चरित्र विश्लेषण

प्रकाशनका दृष्टिले भागीरथी श्रेष्ठको 'क्रमशः' (२०४३) पहिलो कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा पन्ध्रवटा कथा सङ्कलित छन् । ती हुन्-'भुइँचालो'(२०४१), 'उदारता' (२०४१), 'अविश्वासको आकाश' (२०४१), 'समर्पण' (२०३८), 'जीवनदान' (२०४१), 'आत्मसन्तुष्टि' (२०३८), 'असमानता' (२०३९), 'क्रमशः' (२०४१), 'मोहभङ्ग' (२०४१), 'मरुभूमिमा एउटा फूल' (२०३९), 'एकमुस्लो कुहिरो' (२०४०) र 'आकर्षक' (२०४१) । यस सङ्ग्रहका पन्ध्र कथाहरू भागीरथी श्रेष्ठका नारी सुलभ सूक्ष्म अनुभूतिका सुन्दर उदाहरण हुन् । यी पन्ध्र कथाहरूमध्ये दस कथामा नारीले पति र सन्तानप्रति राख्ने दृष्टिकोणको अभिव्यक्ति गरेका छन् भने पाँचवटा  कथाले चाँहि पुरुषको चरित्रलाई उजागर गरेका छन् ।

यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा नारी पात्रको प्रयोग गरिएर लेखिएका कथामध्ये 'उदारता', 'अविश्वासको आकाश', 'एक मुस्लो कुहिरो' जस्ता कथामा प्रयोग गरिएका नारी पात्रको भूमिका गौण रूपमा मात्र देखिएको छ । त्यसैगरी **भुइँचालो** कथाकी लता, **समर्पण**की मीरा, **मातृत्व**की ममता, **असमानता**की माया, **क्रमशः**की लता, **मोहभङ्ग**की रूपा, **मरुभूमिमा एउटा फूल**की उषा जस्ता नारी पात्रको कथामा प्रमुख भूमिका रहेको छ । तर्सथः यी कथाहरूमा आएका प्रमुख नारी पात्रहरूको बारेमा अध्ययन र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### ४.२.१ भुइँचालो कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**भुइँचालो** भागीरथी श्रेष्ठद्वारा लिखित पहिलो कथा सङ्ग्रह 'क्रमशः' मा सङ्कलित पहिलो कथा हो । यस कथामा प्रत्यक्ष उपस्थित भई कथानकीय घटनाको विकासमा सक्रिय रहेका  नारी पात्रहरू यी हुन्- लता र लताकी बहिनी । यी पात्रमध्ये लताकै केन्द्रीयतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र भएको हुँदा यहाँ उसैको चरित्र चित्रण गरिएको छ ।

**लता**

लता **भुइँचालो** कथाकी प्रमुख नारी पात्र हो । यस कथामा आदिदेखि अन्त्यसम्मका अधिकांश घटनाहरू र कथाको कथानक पनि उसैसँग सम्बन्धित रहेकाले ऊ नै यस कथाकी नायिका हो भन्न सकिन्छ ।

लता यस कथाकी सत् पात्र हो । ऊ इमानदार र कर्तव्यनिष्ठ भएकाले बुवा आमालाई बहिनीको विवाह गरिदिनु भनेकी छ । आफ्नो विवाह नहुदै बहिनीको विवाह हुँदा पनि उसले कुनै बाधा-अबरोध पुऱ्याएकी छैन । आफ्नो कारणबाट बहिनीको जीवन बरबाद नहोस् भन्ने उसको चाहना छ त्यसैले ऊ यस कथाकी सत् नारी पात्र हो ।

लता उच्च मध्यम वर्गकी पात्र हो । बहिनीको विवाह धुमधामसँग हुनु, विहेमा घरको सजावट गर्न बहुमूल्य सामानको प्रयोग गर्नु, घरका कोठाहरू, सोफा, गलैंचा, टेबलपोस, डबलबेडको डल्लप आदि जस्ता महँगा सामानहरूबाट सजाइएको कुराको कथामा वर्णन गरिएकाले ऊ नेपाली समाजको उच्च एवं सम्भ्रान्त वर्गकी नारी हो भन्न सकिन्छ । लता व्यक्तिगत र वर्गगत दुवै चरित्रका रूपमा देखा परेकी छ । किनभने उसले समाजमा रहेका कुरूप महिलाहरूको प्रतिनिधित्व गरेकी छ । उसको जीवनलाई हेर्दा व्याथा, वेदना र विरह नारी कै लागि हुन् की जस्तो अनुभूति हुन्छ । यसैगरी उसको मनमा उत्पन्न भएको आन्तरिक द्वन्द्वलाई हेर्दा व्यक्तिगत पात्रका पनि केही अभिलक्षणहरू देखा पर्दछन् । उसले बहिनी ज्वाइँ सुत्ने विछ्यौना मिलाउँदा बहिनीको ईर्स्या गर्छे र बनाएको विस्तरा पनि भताभुङ्ग बनाएर छोड्दछे । यसरी ऊ मूलतः वर्गगत नारी पात्र हो भन्न सकिन्छ ।

लता यस कथाकी स्थिर पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसको स्वभाव र गतिमा कुनै भिन्नता देखिएको छैन । बहिनीलाई माया गर्ने, कसैको कुभलो नचिताउने र सरल व्यवहार भएकी लताको चरित्र सत् पात्रका रूपमा कथामा स्थिर रहेको पाइन्छ ।

लता अन्तर्मुखी चरित्र भएकी पात्र हो । बहिनीको विवाह गर्न अनुमति दिने, विवाहमा पनि सक्रिय भएर काम गर्ने र आफ्नो पीडालाई बाहिर प्रकट नगर्ने जस्तो

स्वभाव उसमा देखिएकाले ऊ अन्तर्मुखी  नारी पात्र हो भन्न सकिन्छ । त्यसैगरी बहिनीको विवाहपछि आफूले पनि विवाह गर्न खोज्नु, बहिनी ज्वाइँ सुत्ने विछ्यौना मिलाउँदा बहिनीको इर्ष्या गरी विस्तरा भताभुङ्ग बनाइदिने जस्ता स्वभाव उसमा देखिएकाले ऊ अन्तर्मुखि नारी पात्र नै हो भन्न सकिन्छ ।

लता यस कथाकी बद्ध पात्र हो । उसकै केन्द्रियतामा कथानक अगाडि बढेको छ । उसको उसको उपस्थिति विना कथाको संरचना नै पूर्ण नहुने र उसलाई यस कथाबाट अलग गर्न  नसकिने भएकाले ऊ यस कथाकी बद्ध पात्र हो ।

यस कथामा लता मञ्चीय पात्रका रूपमा आएकी छ । ऊ मञ्चमा  उपस्थित भई प्रत्यक्ष रूपमा यस कथाको कथानकसँग आबद्ध भएकी छ । यसरी कथामा प्रत्यक्ष उपस्थित भई आफ्नो महत्त्पूर्ण कार्यगत भूमिका निर्वाह गरेकीले ऊ मञ्चीय पात्र हो ।

### ४.२.२ समर्पण कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**समर्पण** कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित पन्ध्रवटा कथामध्येको चौथो कथा हो । यस कथामा प्रयोग गरिएका  नारी पात्रहरू मीरा, मीराकी सासू र मीराकी जेठानी हुन् । यी  पात्रहरूमध्ये यस कथामा कथानकलाई जीवन्त तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने  नारी पात्र मीरा हो । उसकै सेरोफेरोमा रहेर कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो र यहाँ उसको चरित्र चित्रण प्रस्तुत गरिन्छ ।

**मीरा**

मीरा **समर्पण** कथाकी प्रमुख नारी पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसको सक्रिय भूमिका रहेको छ । सम्पूर्ण कथानक मीरासँग सम्बन्धित रहेकाले ऊ नै यस कथाकी नायिका हो भन्न सकिन्छ ।

मीरा यस कथामा सत् पात्रका रूपमा खडा भएकी छ । उसलाई सासूले जतिसुकै अपशब्द बोलेर गाली गरे पनि चुपचाप सहेर बस्दछे बरु उल्टै सासूलाई सम्झाउने प्रयास गर्दछे । यसैगरी कथाको अन्त्यतिर उसको चरित्र असत् जस्तो

देखिन्छ तर यौवन अवस्थामा नै विधवा भएकी नारीले पुनर्विवाह गर्नुलाई नराम्रो पक्ष मानिदैन । त्यसैले ऊ यस कथाकी सत् पात्र  नै हो भन्न सकिन्छ ।

मीरा निम्न मध्यम वर्गीय नारी हो । उसले बिहान बेलुका खान पनि दिनभरी काममा जोतिनु पर्दछ । मीरा वर्गगत नारी पात्र हो । उसले नेपाली समाजमा रहेका विधवा महिलाहरूको प्रतिनिधित्व गरेकी छ । विधवा महिलाहरूले पनि अर्को विवाह गर्न पाउनु पर्दछ भन्ने सामाजिक चेतना मीराका माध्यमबाट दिइएको छ र उसको जीवनमा घटेका घटना सम्पूर्ण विधवा महिलाहरूमाथि घट्न सक्ने भएकाले ऊ वर्गगत नारी पात्र हो भन्न सकिन्छ ।

यस कथामा मीरा गतिशिल चरित्रका रूपमा उपस्थित छ । ऊ विधवा भएपछि समाजको र कुसंस्कारको डरले अर्को विवाह गर्न चाहन्न तर पछि घरपरिवारको अत्याचार सहन नसकेर प्रमोद मास्टरसँग विवाह गर्दछे । यसरी मीराको विचारमा परिवर्तन आएको हुँदा ऊ यस कथाकी गतिशिल नारी पात्र हो ।

मीरा अन्तर्मुखी चरित्र भएकी  पात्र हो । उसले आफ्नो पीडा कसैलाई व्यक्त गर्दिन प्रमोद मास्टरले तिमिलाई के भयो ? भनेर सोध्दा पनि उसले आफू सासूबाट अपहेलित भएको कुरा भन्दिन । त्यसैले उसको स्वभाव अन्तर्मुखी  देखिन्छ ।

मीरा यस कथाकी बद्ध पात्र हो । यस कथामा घटेका सम्पूर्ण घटनाहरू मीरासँगै आबद्ध छन् । मीरा विधवा भएदेखि सुरु भएको कथानक उसले अर्को विवाह गरेपछि टुङ्गिएको छ । त्यसैले मीरा यस कथाकी बद्ध पात्र हो ।

मीरा यस कथाकी नेपथ्य नारी पात्र हो । कथामा उसको स्वयम् उपस्थिति रहेको देखिदैन । कथयिता कथामा उपस्थित भई उसको जीवनमा घटेका घटनालाई प्रस्तुत गरेका छन् ।

### ४.२.३ मातृत्व कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**मातृत्व** भागीरथी श्रेष्ठको 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित एक कथा हो । यस कथामा प्रत्यक्ष उपस्थित भई कथानकीय घटनाको विकासमा  सक्रिय रहेकी एक मात्र नारी पात्र ममता हो । ममता कै केन्द्रीयतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो  र यहाँ उसैको चरित्र चित्रण गरिएको छ ।

**ममता**

ममता प्रस्तुत **मातृत्व** कथाकी प्रमुख नारी पात्र हो । यस कथाका आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरू उसैसँग सम्वन्धित छन् भने कथानक पनि उसैको सेरोफेरोमा घुमेको छ । त्यसैले ममता नै यस कथाकी प्रमुख नायिका हो भन्न सकिन्छ ।

ममताको यस कथामा सत् र असत् दुवै चरित्र रहेको छ, किनभने लोग्नेको मृत्यु पश्चात् लोग्नेकै साथीसँग लहसिनु, उसको शरिरसित आर्कषित हुनु, सँगै सिनेमा हेर्न जानु, परपुरुषसँग दिनभर घरमा एक्लै बस्नु जस्ता नकारात्मक व्यवहार महिलाले गर्नुलाई हाम्रो समाजले उचित ठान्दैन । त्यसैले ऊ असत् चरित्र भएकी पात्र हो भन्न सकिन्छ । त्यसैगरी कथामा उसको चरित्र सकारात्मक पनि देखिएको छ, किनभने कथानकको अन्त्यमा आफ्नो प्रेमी यौन पीपासु भएको थाहा पाएपछि छोराछोरीको भविष्यको लागि प्रेमीलाई त्याग गर्नुले ऊ सकारात्मक चरित्र भएकी नारी पात्र हो भन्न सकिन्छ ।

ममता उच्च मध्यम वर्गकी पात्र हो । श्रीमान्को मृत्यु भएपछि पनि छोराछोरीलाई बोर्डिङ स्कुल पढाउनु, बजारमा आफ्नो निजी घर हुनु, प्रेमीसँग सिनेमा हेर्न जानु, दिनभरी प्रेमीसँग घरमै बस्नु जस्ता कुराको कथामा वर्णन गरिएको छ । यस कथामा ममताको चरित्र वर्गगत देखिन्छ । उसले विधवा महिलाको साथै एक ममतामयी  आर्दश आमाको प्रतिनिधित्व गरेकी छ । ममतामा देखिएको वात्सल्यमयी भावना नेपाली समाजका आम नारी वर्गमा झल्किन्छ । नारीले सन्तानको लागि आफ्ना सम्पूर्ण सुख र खुसी त्याग्न सक्छन् भन्ने कुरा कथामा आएकाले ममता वर्गगत  नारी पात्र हो भन्न सकिन्छ ।

ममता यस कथाकी गतिशील चरित्र हो । कथाको अन्त्यमा उसको स्वभावमा परिवर्तन आएको छ । ऊ विधवा भएपछि एक्लो महसुश गरेर परपुरुषको सहारा खोजेकी थिई तर आफ्नो प्रेमीको नकारात्मक व्यवहारले गर्दा छोराछोरीको भविष्यको लागि एक्लै बाँच्ने निर्णय गर्नुले ऊ गतिशील पात्र हो भन्न सकिन्छ ।

ममताको चारित्रिक गतिविधि हेर्दा ऊ बहिर्मुखी  नारी पात्रको रूपमा देखिएकी छ । उसले आफ्ना सुख दुःखका सम्पूर्ण भावनाहरू सुवोधसँग व्यक्त गर्दछे ।

ममता यस कथाकी बद्ध पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरू उसैसँग आबद्ध रहेकाले र  उसको उपस्थिति विना कथाको संरचना नै पूर्ण नहुने हुँदा ऊ कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

ममता यस कथाकी मञ्चीय पात्र हो । ममताले सुबोधसँग प्रत्यक्ष संवाद गर्नुका साथै अनेक क्रियाकलापमा प्रत्यक्ष सहभागी भएको देखाइएको छ । यसरी कथामा प्रत्यक्ष उपस्थित भई आफ्नो महत्त्वपूर्ण कार्यगत भूमिका निर्वाह गरेकीले ऊ मञ्चीय पात्र हो ।

### ४.२.४ असमानता कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**असमानता** भागीरथी श्रेष्ठको पहिलो कथा सङ्ग्रह ‘क्रमशः’ मा सङ्कलित दसौँ कथा हो । यस कथामा प्रत्यक्ष उपस्थित भई कथानकीय घटनाको विकासमा सक्रिय भूमिका निर्वाह गरेका  नारी पात्रहरू यी हुन् -माया, मायाकी दिदी, आमा र भाउजू । यी नारीहरूमध्ये माया कै केन्द्रीयतामा कथा अगाडि बढेकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो र तल उसैको बारेमा चरित्र विश्लेषण गरिएको छ ।

**माया**

माया प्रस्तुत **असमानता** कथाकी प्रमुख नारी पात्र हो । कथाको आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरू उसैसँग सम्बन्धित रहेकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो । माया यस कथाकी एक शिक्षित नारी हो, किनभने पत्रिका पढ्ने, दिदीलाई चिठ्ठी लेखेर पठाउने, माइतमा उच्च वर्गकी नारी भएपनि निम्न वर्गको

पुरुषसँग विवाह हुँदा पनि पतिको सम्मान गर्ने जस्ता शिक्षित नारीमा हुनुपर्ने सम्पूर्ण गुण उसमा रहेको हुँदा ऊ शिक्षित नारी पात्र हो भन्न सकिन्छ ।

माया यस कथाकी सकारात्मक चरित्र भएकी नारी पात्र हो । ऊ माइत गएको बेला आमा र भाउजूले निम्न स्तर भएको कारण उपेक्षा गर्दछन् । उसले तिनीहरूको कुरालाई कुनै वास्ता गर्दिन । त्यसै गरी दिदी पनि उच्च वर्गकी भएकी हुँदा बहिनीलाई नराम्रो दृष्टिले हेर्दछे तर मायाले भने दिदीलाई धेरै माया गर्दछे । कथाभरि उसको कतै पनि प्रतिकूल चरित्र देखिएको छैन त्यसैले माया सत् पात्र हो भन्न सकिन्छ ।

यस कथामा मायाको चरित्र वर्गगत देखिन्छ, किनभने मायाले यस कथामा निम्न वर्गको प्रतिनिधित्व गरेकी छ । माया जस्तै निम्न आर्थिक स्थिति भएका कारण सबैबाट अपहेलित भएका महिलाहरू हाम्रो समाजमा प्रशस्त भेटिने भएकाले ऊ निम्न वर्गकी प्रतिनिधि पात्र हो ।

माया यस कथाकी स्थिर पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसको चरित्रमा कुनै भिन्नता आएको छैन । माइतमा आमा, भाउजू र अन्य नातेदारले आफ्नो बारेमा नराम्रो कुरा गरेको सुन्दा पनि उसले कुनै प्रतिक्रिया देखाएकी छैन र ऊ माइतमा आफ्नो केहि कुरा नगरी घर फर्केकी छ त्यसैले ऊ यस कथाकी स्थिर पात्र हो ।

माया अन्तर्मुखी चरित्र भएकी  पात्र हो । उसले आफ्नो दुःख, पीडा स्वयम् आफ्नै श्रीमान्सँग पनि व्यक्त गर्दिन बरु ऊ एक्लै एकान्तमा बसि रोएर आफ्नो पीडालाई दबाएकी छ ।

माया यस  कथाकी वद्ध पात्र हो । माया माइतमा गएको बेला घटेका घटनाहरू वृत्ताकारीय शैलीमा प्रस्तुत गरिएको छ र सम्पूर्ण घटनाहरू मायाकै वरिपरि घुमेका छन् । त्यसैले माया यस कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

माया असमानता कथाकी मञ्चीय पात्र हो । कथाको थालनीदेखि अन्त्यसम्म घटित समग्र घटनाहरूको  नालीवेली लगाउने काम उसकै प्रत्यक्ष उपस्थितिमा भएको छ ।

### ४.२.५ क्रमशः कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**क्रमशः** कथा श्रेष्ठको 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित मध्येको एक कथा हो । यो कथा 'क्रमशः' कथा सङ्ग्रह कै उत्कृष्ट कथा भएकाले यस कथाको नामबाट कथा सङ्ग्रह प्रकाशित गरिएको छ । यस कथामा राधा, लता, शीला जस्ता नारी पात्रको प्रयोग गरिएको छ । कथामा प्रत्यक्ष उपस्थित भई कथानकीय घटनाको विकासमा सक्रिय भूमिका निर्वाह गरेको हुँदा लता यस कथाकी प्रमुख नारी पात्र हो । जसको चरित्र चित्रण तल गरिएको छ ।

**लता**

लता **क्रमशः** कथाकी प्रमुख नायिका हो । लताकै केन्द्रीयतामा कथानक अगाडि बढेको छ । कथाको सुरुदेखि अन्त्यसम्म उसको सक्रिय भूमिका रहेको छ त्यसैले लता नै यस कथाकी प्रमुख पात्र हो ।

यस कथामा लताको सत् र असत् दुवै चरित्र रहेको छ । पहिले उसले बाहुनीको मातृत्वलाई लत्याएर उसको छोरालाई आफ्नो बनाउन खोज्दछे र बाहुनीको सन्तानप्रतिको सम्पूर्ण अधिकार खोस्दछे । त्यसैले यो नकारात्मक चरित्र भएकी नारी पात्र हो भन्न सकिन्छ । त्यसैगरी विवाह भएको आठ वर्षसम्म पनि आफ्नो सन्तान नहुँदा बाहुनीको छोरालाई आफ्नै छोरा सम्झी माया गर्नुलाई असत् चरित्र भन्न मिल्दैन । अन्त्यमा उसले आमाको काखबाट बच्चा छुटाएर आफ्नो बनाउन खोज्नु भूल हो भन्ने सम्झी बाहुनीमाथि गरेको अपराध स्वीकार गरी त्यसैले ऊ सत् पात्र हो भन्न सकिन्छ ।

लता उच्च मध्यम वर्गकी नारी पात्र हो । घरमा भान्से बाहुनी राख्नु, बाहुनीको छोरालाई दिनहुँ महँङ्गा-महँङ्गा खेलौना किनिदिनु, नयाँ-नयाँ लुगा सिलाई दिनु जस्ता कुराको वर्णन गरिएको छ । प्रस्तुत कथामा लताको चरित्र वर्गगत देखिन्छ । उसले नारी भएर पनि आमा बन्न नसकेका महिलाहरूको प्रतिनिधित्व गरेकी छ । हाम्रो समाजमा आफ्नो कोख भर्न नपाएर छट्पटिएका नारीहरू प्रशस्त छन् । आमा बन्ने चाहना महिलामा कति हुँदो रहेछ भन्ने कुरा यस कथामा देखिएकाले लताको चरित्र वर्गगत नै छ भन्न सकिन्छ ।

**क्रमशः** कथाकी लता गतिशील नारी पात्र हो । उसले आफ्नो बच्चा नभए पनि भान्से बाहुनीको बच्चालाई आफ्नो बच्चा बनाउने प्रयत्न गर्दछे, तर बच्चालाई आफ्नो बनाउन नसकेपछि बाहुनीलाई नै घरबाट निकालिदिन्छे, पछि आमाको माया छोराछोरीमाथि कति धेरै हुँदो रहेछ भन्ने थाहा पाएपछि पुनः बाहुनीलाई घर छाडेर नजान आग्रह गर्दछे । त्यसैले लता गतिशील पात्र हो ।

लता बहिर्मुखी चरित्र भएकी नारी पात्र हो । उसले आफ्ना मनका कुरा श्रीमान् र घरमा काम गर्ने बाहुनीलाई व्यक्त गर्दछे । उसले आफू भित्रका केहि कुरा पनि दबाएर राख्न सक्दिन त्यसैले उसको चरित्र बहिर्मुखी देखिन्छ ।

लता यस कथाकी बद्ध नारी पात्र हो । सम्पूर्ण कथानक लतासँग सम्बन्धित छ । लताको जीवनमा घटेका घटनालाई यस कथामा व्यक्त गरिएको र ऊ कथानकसँग आबद्ध भएको हुँदा लता कथाकी बद्ध नारी पात्र हो ।

यस कथामा लता मञ्चीय पात्रका रूपमा उपस्थित छ । लता कथामा प्रत्यक्ष उपस्थित भई कथाको उद्देश्य र फल प्राप्तिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छ । त्यसैले ऊ यस कथाकी मञ्चीय पात्र हो ।

### ४.२.६ मोहभङ्ग कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**मोहभङ्ग** भागीरथी श्रेष्ठद्वारा लिखित 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित पन्ध्र कथामध्ये बाह्रौं नम्बरको कथा हो । यस कथामा कथानकलाई अगाडि बढाउन देखा परेका नारी पात्र रूपा र लीना हुन् । यी पात्रमध्ये रूपाकै केन्द्रीयतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो ।

**रूपा**

रूपा **मोहभङ्ग** कथाकी प्रमुख नारी पात्र हो । कथाको आदिदेखि अन्त्यसम्मका सम्पूर्ण कथानक उसैसँग सम्बन्धित छन् । रूपाकै केन्द्रीयतामा कथानक अगाडि बढेको छ । त्यसैले रूपा यस कथाकी प्रमुख नायिका हो ।

रूपा नकारात्मक चरित्र भएकी असत् नारी पात्र हो । किनभने घरमा प्रशस्त सुख हुँदा हुँदै र दुई छोराकी आमा भइसकेकी नारी परपुरुषसँग लागेर देश नै छोडेर

भागेकी छ । अझ श्रीमान्ले विश्वास गरेर बैङ्कमा राख्न दिएका पैसा लिएर परपुरुषसँग भाग्नु उसको असत् चरित्र हो ।

रूपा उच्च वर्गीय व्यक्तिगत नारी पात्र हो । उसमा उच्च वर्गका नारीमा देखिने अभिलक्षणहरू देखा परेका छन् । जस्तैः आफ्नो प्रेमीसँग क्लबमा जाने, वियर-हिव्स्की पिउने, विदेशी रहनसहनमा रमाउने जस्ता व्यवहारहरू उसमा देखिएकाले ऊ उच्च वर्गीय  नारी पात्र हो भन्न सकिन्छ । त्यसैगरी दुई छोराकी आमा भइसकेकी र श्रीमान्ले माया गर्दा गर्दै परपुरुषसँग पोइल जानु उसको व्यक्तिगत चरित्र हो । कुनै पनि नारीले आफ्नो सुखी परिवारलाई त्याग गरेर रूपा जस्तै कुबाटोमा हिड्ने प्रयास गर्दैनन् । त्यसैले ऊ यस कथाकी वैयक्तिक पात्र हो ।

यस कथामा रूपाको चरित्र गतिशील देखिन्छ । प्रेमीको शरीरसित आकर्षित भएर श्रीमान् घरपरिवार र दुई छोरालाई छोडेर उसैसँग भागेर विदेश जान्छे र उसले सुखद भविष्यको कल्पना गर्दछे तर विदेश गएपछि आफ्नो प्रेमीले पैसा खाएर धोका दिएपछि बल्ल ऊ श्रीमान् र छोराहरू  सम्झेर पछुताउन थाल्छे । त्यसैले यस कथाकी नायिका गतिशील पात्र हो ।

यस कथाकी प्रमुख नायिका रूपाको चरित्र अन्तर्मुखी  देखिन्छ । उसलाई प्रेमीले धोका दिएपछि पहिलेको श्रीमान् र छोराहरूलाई सम्झेर एक्लै कोठामा बसेर रुन्छे । आफ्नो पीडा कसैलाई व्यक्त गर्दिन त्यसैले उसको स्वाभाव अन्तर्मुखी  रहेको छ ।

रूपा यस कथाकी बद्ध पात्र हो । कथानकलाई फल प्राप्ति गर्न र कथालाई सहज रूपमा अघि बढाउन उसको महत्त्वपूर्ण भूमिका रहेको छ । कथामा आएका सम्पूर्ण घटनाहरू  उसैसँग आबद्ध भएकाले ऊ यस कथाकी बद्ध पात्र हो भन्न सकिन्छ ।

रूपा यस कथाकी मञ्चीय पात्र हो । कथामा उसको प्रत्यक्ष उपस्थिति रहेको छ । ऊ प्रत्यक्ष उपस्थित भएर उमेशसँग संवाद गर्नुका साथै अनेक क्रियाकलापममा सहभागी भएकाले ऊ मञ्चीय पात्र हो भन्न सकिन्छ ।

### ४.२.७ मरुभूमिमा एउटा फूल कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**मरुभूमिमा एउटा फूल** भागीरथी श्रेष्ठद्वारा रचित 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित मध्येको एक कथा हो । यस कथामा प्रत्यक्ष उपस्थित भई कथानकीय घटनाको विकासमा सक्रिय भूमिका निर्वाह गर्ने एक मात्र  नारी पात्र उषा हो । उषा कै केन्द्रीयतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो  । त्यसैले यहाँ उसैको चरित्र चित्रण गरिएको छ ।

**उषा**

उषा यस कथाकी प्रमुख  नारी पात्र हो । उषाकै जीवनमा आएका उतार-चढावलाई कथामा प्रस्तुत गरिएको छ । त्यसैले ऊ यस कथाकी प्रमुख नायिका हो ।

उषा यस कथाकी अनकूल चरित्र हो । विवाह भएको छ महिनासम्म लोग्ने आफ्नो नजिक नआउँदा पनि उसले लोग्नेको बारेमा कसैसँग केही भन्दिन । सासू ससुराले लोग्नेको कुरा गरेको सुनेपछि लोग्ने नपुंसक रहेछ भन्ने थाहा पाएर कसैलाई केही नभनी घरबाट निस्कन्छे । त्यसैले ऊ सकारात्मक चरित्र भएकी अनकूल पात्र हो ।

उषा उच्च वर्गीय व्यक्तिगत पात्र हो । उसले विवाहमा सुनको सिक्रि, नौगेडी, माला, तिलहरी जस्ता गहनाहरू लगाएको, घरका कोठाहरू लचकदार डल्लप, सोफासेट, ड्रेसिङ्ग टेबल, चाँदीका सेटहरू आदि महँङ्गा सामानहरूबाट सजाइएको कुराको वर्णन कथामा गरिएको छ । ऊ व्यक्तिगत  नारी पात्र हो, किनभने उसको विवाह दुवै जनाको मञ्जुरीमा भएको थियो । ऊ शिक्षित पात्र भएकीले आफ्नो श्रीमान्सँग खुलेर कुरा गर्न सक्दथी तर ऊ श्रीमान्सँग बोल्न पनि डराउँछे । कुनै पनि शिक्षित नारीले विवाहपछि श्रीमान्सँगको सम्बन्धलाई यसरी संकुचित राख्न सक्दैनन् । त्यसैले ऊ व्यक्तिगत  नारी पात्र हो ।

उषा यस कथाकी गतिशील पात्र हो । विवाह भएपछि लोग्नेले आफूप्रति कुनै माया व्यक्त नगरे पनि ऊ चुपचाप बस्दछे । अन्त्यमा उसले लोग्ने नपुसंक भएको थाहा पाएपछि कसैलाई नभनि घरबाट निस्केर हिँड्दछे । त्यसैले यस कथाकी नायिका गतिशील चरित्र भएकी पात्र हो भन्न सकिन्छ ।

यस कथाकी उषा अन्तर्मुखी  स्वाभावकी छ । उसले आफ्नो विवाह भएको छ महिनासम्म लोग्नेसँगको सामिप्यता नपाउँदा पनि लोग्नेको बारेमा कसैसँग केही कुरा गर्दिन । अन्त्यमा लोग्ने नपुसंक भएको थाहा पाएपछि घरबाट चुपचाप हिँड्नुले उसको अन्तर्मुखी  चरित्रको उद्घाटन गर्दछ ।

उषा यस कथाकी बद्ध पात्र हो । आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरू उसैसँग आबद्ध रहेकाले ऊ कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

उषाको कथामा नेपथ्य भूमिका रहेको छ ।  उसको कथामा प्रत्यक्ष उपस्थिति देखिँदैन । कथयिताले उषाको नामोच्चारण गरेर कथानक अगाडि बढाएका छन् । त्यसैले ऊ यस कथाकी नेपथ्य पात्र हो ।

### ४.२.८ निष्कर्ष

यसरी कथाकार भागीरथी श्रेष्ठका 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित उल्लिखित सम्पूर्ण कथाहरू नारी चरित्र प्रधान रहेका छन् । सबैजसो कथाहरूमा नारी प्रतिको सामाजिक व्यवहार र नेपाली समाजमा रहेका नारीको अवस्थाको चित्रण पाइन्छ । उल्लिखित कथाहरूमा नारी पक्षको विशिष्ट प्रस्तुति विशेष संवेदनाका साथ गरिएको छ ।  यी कथाहरूमा आएका  नारी पात्रहरूले विभिन्न वर्गको प्रतिनिधित्व गरेका छन् । **भुइँचालो** कथाकी लता, **असमानता** कथाकी माया, **मरुभूमिमा एउटा फूल**की उषाको कथामा स्थिर स्वभाव देखिन्छ भने **समर्पण**की मीरा, **मातृत्व**की ममता, **क्रमशः** की लता **मोहभङ्ग**की रूपाको कथामा गतिशील स्वभाव देखिन्छ । यसैगरी **मोहभङ्ग** कथाकी रूपाको चरित्र मात्र कथामा प्रतिकूल देखिन्छ भने अरु सम्पूर्ण कथामा आएका प्रमुख नारी पात्रको चरित्र अनुकूल छ । उल्लिखित कथाहरूमा आएका **मातृत्व**की ममता र **क्रमशः**की लताको बहिर्मुखी स्वाभाव रहेको छ भने अन्य कथाका नारी पात्रको अन्तर्मुखी  स्वाभाव रहेको छ । यी सम्पूर्ण कथामा आएका  नारी पात्रहरू कथानकसँग आबद्ध भएकाले उनीहरू  बद्ध पात्र हुन् । **मोहभङ्ग** कथाकी रूपाको चरित्र व्यक्तिगत छ भने अन्य कथामा आएका नारी पात्रको कथामा वर्गगत चरित्र देखा परेको छ । **समर्पण** कथाकी मीरा र **मरुभूमिमा एउटा फूल** कथाकी उषाको कथामा नेपथ्य भूमिका रहेको छ भने अन्य कथाका नारी पात्रको कथामा प्रत्यक्ष उपस्थिति भएको

हुँदा मञ्चीय भूमिका रहेको छ । त्यसैगरी यी कथाहरूमा केही नारी शिक्षित र केही नारी अशिक्षित रहेका छन् । उल्लिखित कथाहरूमध्ये **समपर्ण** कथाकी मीराले ग्रामीण जनजीवनको चित्रण गरेकी छ भने अरु सम्पूर्ण कथाहरूमा आएका नारी पात्रहरूले सहरीया परिवेशको चित्रण गरेका छन् । तसर्थः उल्लिखित कथाहरूमा नारीका दुःख, सुख, पीडा, वेदना जस्ताको तस्तै चित्रण गरिएकाले यी कथाहरू सामाजिक यथार्थवादी र नारीवादी रहेका छन् ।

# पाँचौं परिच्छेद

# मोहदंशमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

## ५.१ विषय परिचय

भागीरथी श्रेष्ठको 'मोहदंश' (२०४४) दोस्रो प्रकाशित कथा सङ्ग्रह हो । यस कृतिभित्र तेह्रवटा कथाहरू सङ्कलित छन् । ती कथाहरू निम्नलिखित रहेका छन् : **जलनका बिम्बहरू, संस्कार, दीपा, अतिक्रमण, दिलू बज्यै, चिता, शकुन्तला, शिक्षक, सजाय, निरर्थक, लाञ्छना, द्वन्द्व-अन्तर्द्वन्द्व', 'मोहदंश'** । यी कथाहरूमध्ये चारवटा कथामा प्रयोग गरिएका नारी पात्रको खासै भूमिका रहेको छैन । यसैगरी अन्य नौवटा कथामा प्रयोग गरिएका नारी पात्रको प्रमुख भूमिका रहेको छ । ती कथा हुन् : **जलनका बिम्बहरू, संस्कार, दीपा, अतिक्रमण, दिलू बज्यै, शकुन्तला, लाञ्छना, द्वन्द्व-अन्तर्द्वन्द्व, मोहदंश** । यस परिच्छेदमा 'मोहदंश' कथा सङ्ग्रहमा सङ्कलित मुख्य नारी पात्रको चरित्र चित्रण गरिएको छ ।

### ५.१.१ जलनका बिम्बहरू कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

प्रस्तुत **जलनका बिम्बहरू** कथा भागीरथी श्रेष्ठद्वारा रचित 'मोहदंश' कथा सङ्ग्रहमा सङ्कलित पहिलो कथा हो । यस कथामा माइज्यू र म पात्र (भान्जी) जस्ता नारी पात्रको प्रयोग गरी कथानकलाई गति प्रदान गरिएको छ । यी पात्रमध्ये माइज्यूको प्रमुख भूमिका रहेको हुँदा माइज्यू नै यस कथाकी प्रमुख पात्र हुन् र यहाँ उनको चरित्र विश्लेषण गरिएको छ ।

#### माइज्यू

माइज्यू **जलनका बिम्बहरू** कथामा प्रयुक्त केन्द्रीय नारी पात्र हुन् । उनले कथाको आदिदेखि अन्त्यसम्म कथानकलाई गतिशील तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । त्यसैले माइज्यू यस कथामा कथाकारको मुख पात्रको रूपमा आएकीले उनी नै यस कथाकी प्रमुख नारी पात्र हुन् ।

माइज्यू यस कथाकी प्रतिकूल पात्र हुन् । सोह्र वर्षको उमेरमा विधवा भए पनि उनी पतिको सत्मा बसेकी छन् र सौताको छोरालाई आफ्नै छोरा सम्झि हुर्काएकी छन् त्यसैले उनी सत् पात्र जस्तो देखिन्छिन् तर छोराको विवाह भएपछि छोरा बुहारीलाई तुच्छ शब्दले गाली गर्नुको साथै उनीहरूलाई नकारात्मक दृष्टिकोणले हेर्दछिन् । यसैगरी अन्त्यमा छोरा-बुहारीको ईर्ष्याले गर्दा आफै आत्महत्या गर्दछिन् । त्यसैले माइज्यू यस कथाकी प्रतिकूल नारी पात्र हुन् ।

यस कथाकी माइज्यू मध्यम वर्गीय पात्र हुन् । उनी पन्ध्र वर्षको उमेरमा अन्ठाउन्न वर्षका वृद्धसँग बालविवाह गर्न बाध्य भएकी छन् । त्यसैगरी अनमेल विवाहको कारण यौवन अवस्थामा नै विधवा हुन बाध्य भएका हजारौँ नारीको प्रतिनिधित्व गर्ने माइज्यू वर्गीय पात्र हुन् ।

माइज्यू प्रस्तुत कथाकी गतिशील पात्र हुन् । लोग्नेको मृत्युपश्चात् सौताको छोरालाई आफ्नै सन्तान जस्तै माया गर्ने माइज्यूले छोराको विवाहपछि हेला गर्न थाल्दछिन् । त्यसैगरी छोरा-बुहारीले सम्मान गर्दा-गदै पनि एक्लै बस्न थालेकी माइज्यूले अन्त्यमा आत्महत्या गरेकी छन् । यसरी उनको व्यवहारमा परिवर्तन देखिएको हुँदा उनी गतिशील पात्र हुन् ।

माइज्यू बहिर्मुखी चरित्र भएकी पात्र हुन् । उनले जीवनका सम्पूर्ण आरोह-अवरोहहरू म पात्र (भान्जी) लाई व्यक्त गर्दछिन् । आफूभित्र गुम्सिएर रहेका भावनाहरू बहिर प्रकट गर्ने भएकाले माइज्यू बहिर्मुखी नारी पात्र हुन् ।

माइज्यू यस कथाकी बद्ध पात्र हुन् । माइज्यू कथानकसँग आबद्ध भएकीले यी पात्रको अभावमा कथा भताभुङ्ग हुने हुँदा उनी यस कथाकी बद्ध पात्र हुन् ।

माइज्यू प्रस्तुत कथाकी नेपथ्य पात्र हुन् । कथामा म पात्र उपस्थित भई माइज्यूको जीवनमा घटेका घटना प्रस्तुत गरेकी छन् । त्यसैले यहाँ माइज्यूको नेपथ्य भूमिका रहेको छ ।

### ५.१.२ संस्कार कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**संस्कार** कथा भागीरथीको 'मोहदंश' कथा सङ्ग्रहको दोस्रो कथा हो । प्रस्तुत कथालाई सार्थक तुल्याउनको लागि जानकी, नीना, कान्छी, राधा जस्ता नारी पात्रहरू

देखा पर्दछन् । यी  पात्रहरूमध्ये जानकी प्रस्तुत कथाकी प्रमुख  नारी पात्र हो । जानकीकै केन्द्रीयतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख  नारी पात्र हो र यहाँ सामान्य रूपमा जानकीको चरित्र विश्लेषण प्रस्तुत गरिन्छ ।

**जानकी**

जानकी यस कथाकी प्रमुख नारी पात्र हो । कथानकलाई सही गन्तव्यमा पुऱ्याउनको लागि जानकीको प्रमुख भूमिका रहेको छ भने कथानक पनि उसैको सेरोफेरोमा घुमेको छ ।

जानकी प्रस्तुत कथाकी असत् पात्र हो । ऊ बुहारीप्रति एकदमै नकारात्मक छ । यस पात्रको मानसिकतालाई परम्परित संस्कार (जस्तै बुहारीले सासूको गोडा मालिस गर्नुपर्ने, बिहानै उठेर सासूको खुट्टा ढोग्ने, सासूले खाना नखाई बुहारीले खान नहुने) ले गाँजेको छ । आधुनिक बुहारीले यस्तो चलनको वास्ता गर्दिन तर सासूको सधैँ सम्मान गर्दछे । यसरी बुहारीले सम्मान गर्दा-गर्दै पनि बुहारीको जरो खन्ने प्रवृत्ति जानकीमा देखिएकाले ऊ असत् पात्र हो भन्न सकिन्छ ।

आर्थिक दृष्टिले हेर्दा जानकी उच्च मध्यम वर्गकी पात्र हो । घरमा काम गर्ने मान्छे राख्नु, छोरा-बुहारी जागिरे हुनु र घरको अन्य स्थिति हेर्दा पनि उच्च मध्यम खालको देखिएकाले ऊ उच्च मध्यम वर्गकी नारी पात्र हो । यसैगरी उसले पुरानो संस्कार बोकेका सासूको प्रतिनिधित्व गरेकी छ । अझै पनि हाम्रो समाजमा जानकी जस्तै आधुनिकताको वरण गर्न नसक्ने महिलाहरू छन् र उसले तिनै महिलाहरूको यथार्थ प्रतिबिम्ब झल्काएको हुँदा ऊ प्रतिनिधि पात्र हो ।

जानकी यस कथाकी स्थिर पात्र हो । कथानकभरी ऊ आफ्नो त्यही पुरानो संस्कारमा अडिग रहन्छे । छोराबुहारीले जति सम्झाउँदा पनि उसले उही पुरानो संस्कार अर्थात् 'नानीदेखी सिकेको बानी' छाड्न असमर्थ भएकीले ऊ स्थिर पात्र हो ।

जानकीको यस कथामा बहिर्मुखी स्वभाव देखिन्छ । उसले आफ्ना दुःख, सुखका सम्पूर्ण पीडा छिमेकी राधासँग व्यक्त गर्दछे ।

जानकी प्रस्तुत कथाकी बद्ध पात्र हो । कथाका आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटनाहरू उसैसँग आबद्ध रहेका छन् । कथाको कथावस्तुसँग गाँसिएर आउने उद्देश्यसँग सम्बद्ध भएकी र कथामा सक्रिय भूमिका निर्वाह गरेको हुँदा ऊ यस कथाकी बद्ध पात्र हो ।

जानकी यस कथाकी नेपथ्य पात्र हो । यस कथामा कथयिता मञ्चमा उपस्थित भई जानकीको जीवनमा देखिएका उतार-चढावलाई व्यक्त गरेका छन् ।

### ५.१.३ दीपा कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**दीपा** भागीरथी श्रेष्ठको कथा सङ्ग्रह 'मोहदंश' भित्र सङ्कलित एक नारीवादी कथा हो । यस कथामा देखा परेकी एक मात्र नारी पात्र दीपा हो र ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो । त्यसैले **दीपा** कथाकी प्रमुख पात्र दीपाको चरित्र विश्लेषण यहाँ गरिएको छ ।

**दीपा**

दीपा प्रस्तुत कथाकी प्रमुख नारी पात्र हो । कथानक यसैको जीवनवृत्तमा घुमेकाले दीपा कथाकी केन्द्रीय पात्र हो । त्यसैगरी स्नातक तहसम्म अध्ययन गरेकी र जागिर पनि गर्न थालेकी हुनाले ऊ एक शिक्षित नारी हो ।

यस कथामा दीपाको प्रतिकूल चरित्र देखिन्छ । उसले श्रीमान् र छोरालाई छाडेर आफूले जागीर गर्ने अफिसको हाकिमसँग विवाह गर्दछे । घरमा माया गर्ने पति हुँदा हुँदै र पाँच वर्षको छोरा भएकी महिला परपुरुषसँग लागेर पोइला जानु असत् चरित्र हो ।

दीपा उच्च वर्गीय नारी पात्र हो । घरमा सबै कुराको सुविधा हुनु, आफ्नै निजि गाडी हुनु, घरको काम गर्न मान्छे राख्नु जस्ता उच्च वर्गीय रवाफ कथामा वर्णन गरिएको छ । यसैगरी नारीहरूमा 'सीता' प्रवृत्ति क्रमिक रूपले अलप हुदै गएको यथार्थ दीपाको चरित्रबाट झल्किएकाले ऊ वर्गगत नारी पात्र हो । किनकी दीपाले जस्तै श्रीमान्लाई धोका दिएर हिड्ने नारीहरू हाम्रो समाजमा प्रशस्त भेटिन्छन् ।

दीपा गतिशील नारी पात्र हो । उसले विवाह भएको दश वर्षसम्म आफ्नो श्रीमान्को शारीरिक कुरूपतामा कुनै पनि खोट लगाएकी थिइन तर जागिर गर्न थालेपछि आफ्नै अफिसको हाकिमको शारीरिक व्यक्तित्वसँग आकर्षित भएर उसैसँग पोइला गएकी छ । त्यसैले ऊ गतिशील पात्र हो ।

दीपाको चरित्र अन्तर्मुखी रहेको छ । ऊ आफ्ना मनका कुरा स्वयं श्रीमान्सँग पनि व्यक्त गर्दिन । श्रीमान्ले के भयो ? भनेर सोध्दा पनि ऊ मौन बस्दछे । यसरी कथानक भरी नै उसको अन्तर्मुखी स्वभाव देखिन्छ ।

दीपा प्रस्तुत कथाकी बद्ध पात्र हो । कथाको शीर्षक नै यसै पात्रको नामबाट रहन गएकाले र सम्पूर्ण कथानक दीपासँग आबद्ध भएकाले ऊ यस कथाकी बद्ध पात्र हो ।

प्रस्तुत कथामा दीपा नेपथ्य पात्रका रूपमा रहेकी छ । म पात्र कथामा उपस्थित भएर दीपाको चरित्रलाई चित्रित गरेको छ ।

### ५.१.४ अतिक्रमण कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

श्रेष्ठको 'मोहदंश' कथा सङ्ग्रहभित्र सङ्कलन गरिएका तेह्र कथामध्ये **अतिक्रमण** पनि एक हो । यस कथामा कथानकीय घटनाको विकासमा सक्रिय रहेकी एक मात्र नारी पात्र रश्मि हो र कथाको विकासमा यो पात्रको महत्त्वपूर्ण भूमिका रहेकाले रश्मि नै यस कथाकी प्रमुख नारी पात्र हो र यहाँ उसैको चरित्र चित्रण गरिएको छ ।

**रश्मि**

रश्मि **अतिक्रमण** कथामा प्रयुक्त केन्द्रीय नारी पात्र हो । कथामा सशक्त कार्यव्यपार सम्पन्न गरेको हुँदा ऊ प्रमुख नारी पात्र हो ।

रश्मि नकारात्मक चरित्र भएकी पात्र हो । श्रीमान्को जागिर हुँदा श्रीमान्लाई मान-सम्मान गर्ने र श्रीमान्को जागिर खोसिएर आफूले जागिर गर्न थालेपछि श्रीमान्लाई घृणा गर्नु उसको असत् चरित्र हो । त्यसैगरी उसले आफ्नो नैतिकता बेचेकी छ र देवता जस्तो लोग्नेलाई जागिरको कारणले गर्दा घर छोड्न बाध्य पारेकी छ । त्यसैले ऊ प्रतिकूल पात्र हो ।

रश्मि प्रस्तुत कथाकी मध्यम वर्गीय व्यक्तिगत नारी पात्र हो किनभने, कुनै पनि आदर्श पत्नीले जागिरको कारण आफ्नो पतिलाई घृणा गरी घर छोड्न बाध्य पार्दैनन् । रश्मिको गतिविधि हेर्दा असल चरित्र भएका नारीहरूको पनि शिर निहुरिन बाध्य हुन्छ त्यसैले ऊ वैयक्तिक पात्र हो ।

यस कथामा रश्मि गतिशील चरित्रका रूपमा उपस्थित छ । पहिले श्रीमान्लाई मान-सम्मान गर्ने रश्मि पछि घृणा गर्न थाल्दछे । "रश्मि किन बघिनी जस्ती भएकी ? मेरो लागि गुलाफको फूल जस्ती भएकी रश्मि अहिले लज्जावती काँडा झैं भएकी छे" (मोहदंश, अतिक्रमण : ३१) कथामा भनिएको यो वाक्यांशले पनि 'रश्मि' गतिशील नारी पात्र हो भन्न सकिन्छ ।

रश्मि बहिर्मुखी चरित्र भएकी पात्र हो । उसले आफूले जागिर पाएको कुराको साथै अन्य कुरा घमण्डी स्वभावले श्रीमान्लाई सुनाउँछे । श्रीमान्लाई तुच्छ बनाउन ऊ आफ्नो चुरीफुरी देखाउँछे । त्यसैले ऊ बहिर्मुखी चरित्र भएकी नारी पात्र हो ।

रश्मि प्रस्तुत कथाकी बद्ध पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म सशक्त भूमिकामा देखिएकी र सम्पूर्ण कथानक उसैसँग आबद्ध भएकाले रश्मि यस कथाकी बद्ध पात्र हो ।

रश्मिको यस कथामा नेपथ्य भूमिका रहेको छ । यस कथामा म पात्रले रश्मिको जीवनमा देखिएका आरोह-अवरोहहरूलाई व्यक्त गरेको छ ।

### ५.१.५ दिलू बज्यै कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**दिलू बज्यै** कथा भागीरथी श्रेष्ठद्वारा रचित 'मोहदंश' सङ्ग्रह भित्रको पाँचौ कथा हो । यस कथामा प्रमुख नारी पात्रको रूपमा दिलू बज्यै आएकी छन् । कथाको शीर्षक नै यसै पात्रको नामबाट रहन गएकाले दिलू बज्यै यस कथाकी प्रमुख नारी पात्र हुन् । त्यसैले यहाँ दिलू बज्यैको चरित्र चित्रण गरिएको छ ।

**दिलू बज्यै**

दिलू बज्यै श्रेष्ठको मोहदंशमा सङ्कलित **दिलू बज्यै** कथाकी प्रमुख नारी पात्र हुन् । कथानकमा प्रयुक्त भूमिकाका आधारमा उनी केन्द्रीय पात्र हुन् । कथानकलाई सही गन्तव्यमा पुऱ्याउनको लागि दिलू बज्यैको अहम् भूमिका रहेको छ । त्यसैले दिलू बज्यै नै यस कथाकी प्रमुख नारी पात्र हुन् ।

यस कथामा दिलू बज्यैको सत् चरित्र देखिन्छ । आफूलाई बोक्सीको आरोप लगाउँदा पनि विरोध नगर्ने, समाजको भलो गर्ने, दिलू बज्यै यस कथाकी अनुकूल पात्र हुन् । कथानकभरी उनको असत् चरित्र कतै पनि देखिएको छैन ।

गरिबी तथा अभावका कारण पीडित जीवन बिताउन बाध्य दिलू बज्यै वर्गीय पात्र हुन् । उनी निम्नवर्गीय, आफन्तहरू कोही नभएका र गरिबीको जर्जरतामा जकडिएका महिलाहरूको प्रतिनिधि पात्र हुन् । त्यसैले उनी वर्गगत  नारी पात्र हुन् ।

दिलू बज्यै प्रस्तुत कथाकी स्थिर पात्र हुन् । कथाको सुरुदेखि अन्त्यसम्म उनको चरित्रमा केही परिवर्तन देखिएको छैन । जीवनमा धेरै नै आरोह-अवरोह पार गरेकी यी स्थिर स्वभावकी पात्र हुन् ।

दिलू बज्यै प्रस्तुत कथाको कथानकमा आएकी प्रमुख नायिका हुन् । उनको कथामा अन्तर्मुखी चरित्र देखिन्छ । उनले दुःख पाएर बाँच्दा र भोक भोकै बस्दा पनि कहिल्यै आफ्नो गरिबीको पर्दाफास शब्दबाट व्यक्त गरिनन् । त्यसैले उनको चरित्र अन्तर्मुखी देखिएको छ ।

दिलू बज्यै प्रस्तुत कथाकी बद्ध पात्र हुन् । कथानकलाई फल प्राप्तिमा पुऱ्याउन र कथालाई सहज रूपमा अगाडि बढाउन उनको महत्त्वपूर्ण भूमिका रहेको छ । यसैगरी दिलू बज्यैको जीवनमा घटेका घटनाको सेरोफेरोमा कथाको निर्माण गरिएकाले उनी यस कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हुन् ।

दिलू बज्यैको कथामा स्वयं उपस्थिति नदेखिएकाले उनी यस कथाकी नेपथ्य पात्र हुन् । यस कथामा म पात्र मञ्चमा उपस्थित भई दिलू बज्यैको जीवनवृत्त प्रस्तुत गरेकी छन् ।

## ५.१.६ शकुन्तला कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**शकुन्तला** कथा श्रेष्ठको 'मोहदंश' भित्र सङ्कलित सातौँ कथा हो । यस कथालाई जीवन्त तुल्याउनको लागि शकुन्तला र राधा गरी दुई नारी पात्रको प्रयोग गरिएको छ । यी नारी पात्रमध्ये कथामा सशक्त कार्यव्यापार सम्पन्न गरेको हुँदा शकुन्तला यस कथाकी प्रमुख नारी पात्र हो र यहाँ उसको चरित्र चित्रण प्रस्तुत गरिन्छ ।

### शकुन्तला

शकुन्तला यस कथाकी प्रमुख नारी पात्र हो । **शकुन्तला** कथाको सम्पूर्ण कथावस्तु शकुन्तलाकै सम्बन्धमा रहेकाले र कथाको केन्द्रविन्दु नै ऊ भएकोले शकुन्तला यस कथाकी प्रमुख नायिका हो ।

शकुन्तलाको चरित्र विश्लेषण गर्दा उसका सत्-असत् दुवै चरित्र देखिएका छन् । पुष्पराजलाई आफ्नो बनाउन पैसा र गहना दिनु, आफ्नो वृद्ध विरामी लोग्नेलाई छाडेर उसैसँग भागेर जानुले उसको असत् चरित्र देखिन्छ । तसर्थ ऊ यस कथामा चरित्रहीन र कठोर हृदय भएकी असत् नारीका रूपमा उपस्थित छ । त्यसैगरी उसलाई मात्र दोषी देख्नु अन्याय हुन जान्छ किनभने अठार वर्षकी युवतीको मन अन्ठाउन्न वर्षको वृद्धसँग रमाउन सकेन र ऊ आफूसँग मिल्दो उमेरको युवकसँग भागेकी छ । त्यसैले ऊ सत् पात्र पनि हो भन्न सकिन्छ । यसरी उसमा सत् भन्दा असत् चरित्र धेरै भएकाले ऊ मूलतः असत् पात्र नै हो ।

शकुन्तला यस कथाकी वर्गगत पात्र हो । ऊ उच्च मध्यम वर्गकी नारी पात्र हो । सम्पत्तिको लोभमा बुवा आमाले अठार वर्षकी शकुन्तलाको विवाह अन्ठाउन्न वर्षका वृद्धसँग गरिदिएका छन् । अनमेल तथा बालविवाह जस्तो परम्परा हाम्रो समाजमा अझै पनि विधमान रहेको छ । जसको शिकार शकुन्तला जस्तै कैयौँ

नारीहरू पनि भएका छन् । त्यसैले प्रस्तुत कथामा शकुन्तलाको चरित्र वर्गगत देखिन्छ ।

यस कथाकी शकुन्तला गतिशील पात्र हो । विरामी लोग्नेलाई छोडेर पुष्पराजसँग जाने की नजाने भन्ने द्वन्द्वमा रहेकी शकुन्तला एक्कासी छोरो लिएर हिड्नुलाई उसको गतिशील स्वभाव मानिन्छ ।

प्रस्तुत कथाकी शकुन्तला अन्तर्मुखी पात्र हो । उसले आफ्नो मन वृद्ध लोग्नेसँग र उसको सम्पत्तिमा मात्र रमाउन नसकेको कुरा आफ्नै साथी राधासँग पनि भन्दिन । उसको मन भित्रभित्रै रोएको छ । त्यसैले ऊ अन्तर्मुखी  नारी पात्र हो ।

शकुन्तला यस कथाकी बद्ध पात्र हो । यस कथाको सम्पूर्ण कथावस्तु उसैको सेरोफेरोमा भएको हुँदा र कथाको शीर्षक पनि यसै पात्रको नामबाट राखिएकाले शकुन्तला यस कथाकी बद्ध पात्र हो ।

शकुन्तला नेपथ्य पात्र हो । शकुन्तलाको जीवनमा घटेका घटना कथयिता मञ्चमा उपस्थित भई प्रस्तुत गरेको छ त्यसैले शकुन्तलाको कथामा नेपथ्य भूमिका रहेको छ ।

### ५.१.७ लाञ्छना कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**लाञ्छना** श्रेष्ठद्वारा रचित 'मोहदंश' सङ्ग्रहमा सङ्कलित रहेको एक कथा हो । यस कथामा कथानकलाई गति प्रदान गर्न तेजमाया र म पात्र गरी दुई जना  नारी पात्रको प्रयोग गरिएको छ । तेजमाया नै यस कथाकी केन्द्रीय पात्र हो त्यसैले यहाँ मुख्य नारी पात्र तेजमायाको चरित्र चित्रण गरिएको छ ।

#### तेजमाया

तेजमाया **लाञ्छना** कथाकी केन्द्रीय  नारी पात्र हो । यसैलाई केन्द्रविन्दुमा राखेर कथाको निर्माण गरिएकाले ऊ नै यस कथाकी मुख्य नारी पात्र हो ।

कथानकको सापेक्षतामा हेर्दा तेजमाया अनुकूल पात्र हो । उसले जीविका चलाउनको लागि आफ्नै घरमा रक्सी बनाएर बेच्ने गर्दछे । उसले रक्सी बनाएर बेचे पनि समाजमा नकारात्मक काम गरेकी छैन । यसरी कथाको आदिदेखि अन्त्यसम्म अनुकूल प्रवृत्ति अँगालेकी हुँदा तेजमाया प्रस्तुत कथाकी अनकूल पात्र हो ।

प्रस्तुत कथाकी तेजमाया निम्न वर्गीय वर्गगत नारी पात्र हो । गरिबी तथा अभावका कारण पीडित जीवन बिताउन बाध्य भएकी यो वर्गीय पात्र हो । उसले रोजगारको कुनै विकल्प नभएर रक्सी बेचेर भए पनि जीवन धान्न विवश भएका महिलाको प्रतिनिधित्व गरेकी छ ।

तेजमाया यस कथाकी स्थिर पात्र हो किनभने गाउँका उच्चवर्गीय मानिने मदन साहूले उसलाई रक्सी नबनाउन चेतावनी दिन्छ तर तेजमायाले त्यो पेशालाई छोड्दिन बरु ऊ भट्टीपसलको लाइनमा बस्न जान्छे । यसरी कथाको आदिदेखि अन्त्यसम्म एउटै स्वभावमा देखिएकाले ऊ स्थिर पात्र हो ।

तेजमाया प्रस्तुत कथाकी अन्तर्मुखी पात्र हो । मदन साहूले रक्सी बनाए भाँडाकुँडा फालिदिने धम्की दिँदा पनि ऊ केही बोल्दिन । ऊ चुपचाप बस्दछे र उसैले भने झैँ अर्को दिनदेखि भट्टीपसलको लाइनमा छाप्रो बनाएर बस्न जान्छे । त्यसैले यो उसको अन्तर्मुखी स्वभाव हो भन्न सकिन्छ ।

तेजमाया यस कथाकी बद्ध पात्र हो । उसको उपस्थिति विना कथाको संरचना नै पूर्ण नहुने हुँदा र सम्पूर्ण कथानक तेजमायालाई नै केन्द्र बनाएर अगाडि बढेकाले ऊ यस कथाकी बद्ध पात्र हो ।

तेजमाया प्रस्तुत कथाकी नेपथ्य पात्र हो । किनकी म पात्र कथामा उपस्थित भई तेजमायाको जीवनमा देखिएका उतार चढावलाई प्रस्तुत गरेकी छ ।

### ५.१.८ द्वन्द्व–अन्तर्द्वन्द्व कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**द्वन्द्व-अन्तर्द्वन्द्व** भागीरथी श्रेष्ठको 'मोहदंश' कथा सङ्ग्रहमा सङ्कलित बाह्रौँ नम्बरको कथा हो । यस कथालाई सार्थक तुल्याउनको लागि रेणु र तारा जस्ता

नारी पात्रको प्रयोग गरिएको छ । यी पात्रहरूमध्ये रेणुले कथामा सशक्त कार्यव्यापार सम्पन्न गरेकी हुँदा ऊ नै यस कथाकी प्रमुख  नारी पात्र हो । त्यसैले यहाँ रेणुको चरित्र विश्लेषण गरिएको छ ।

**रेणु**

रेणु **द्वन्द्व-अन्तर्द्वन्द्व** कथाकी प्रमुख नारी पात्रको रूपमा उपस्थित छ । कथाको सम्पूर्ण घटनावृत्त यसैमा सन्निहित भएको हुँदा रेणु प्रस्तुत कथाकी प्रमुख पात्र हो ।

रेणुको कथानकभरी नै असत् चरित्र देखिएको छ । ऊ आफू उच्च वर्गीय हुँ भन्ने घमण्ड गरी घरमा काम गर्न राखेकी तारालाई मान्छे नै होइन जस्तो व्यवहार गर्दछे । उसले निम्न वर्गका मानिसलाई घृणाको दृष्टिकोणले हेर्दछे । यसैगरी लोग्नेलाई शङ्काको दृष्टिले हेर्ने, घरको उत्तरदायित्वप्रति कुनै वास्ता नगर्ने जस्ता असत् चरित्र उसमा देखएकाले ऊ यस कथाकी असत् पात्र हो ।

असत् चरित्र भएकी रेणु व्यक्तिगत नारी पात्र हो । उसले धनको तुजुक देखाएर एउटी गरिब महिलामाथि अत्याचार गर्दछे । श्रीमान् श्रीमतीप्रति बफादार हुँदा हुँदै श्रीमान्प्रति शङ्का गरेर घर नै बिगार्ने रेणु जस्तै महिलाहरू हाम्रो समाजमा भेटिदैनन् । त्यसैले ऊ वैयक्तिक  नारी पात्र हो ।

रेणु प्रस्तुत कथाकी स्थिर पात्र हो । उसले घरमा राखेकी नोकर्नीलाई पशुवत् व्यवहार गर्दछे । उसलाई घरबाट भाग्न बाध्य बनाउँछे । यसरी कथाको आदिदेखि अन्त्यसम्म एउटै स्वभावमा देखिएकाले ऊ यस कथाकी स्थिर पात्र हो ।

रेणु बहिर्मुखी चरित्र भएकी पात्र हो । उसले घरमा राखेकी नोकर्नी ताराको विषयलाई लिएर पतिलाई शङ्का गर्दछे र पतिसँग झगडा गर्दछे । उसले पतिलाई तारासँग कुरा गर्न पनि दिन्न । उसले नोकर्नीलाई घरको परिवार जस्तो नसम्झन भन्दै पतिसँग आफ्नो विचार व्यक्त गर्दछे । त्यसैले ऊ बहिर्मुखी पात्र हो ।

प्रस्तुत कथाकी रेणु बद्ध पात्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिकामा रहेकी हुँदा र यस पात्रको अभावमा कथा भताभुङ्ग हुने हुँदा ऊ यस कथाकी बद्ध पात्र हो ।

रेणुको यस कथामा नेपथ्य भूमिका रहेको छ । म पात्र मञ्चमा उपस्थित भई रेणुको जीवनमा देखिएका विविध पक्षको चित्रण गरेको छ ।

### ५.१.९ मोहदंश कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**मोहदंश** भागीरथी श्रेष्ठको 'मोहदंश' कथा सङ्ग्रहको उत्कृष्ट कथा भएकाले यस कथाको नामबाट सङ्ग्रह नै प्रकाशित भएको हो । यस कथाको कथानकलाई अगाडि बढाउनको लागि एक मात्र नारी पात्र नीलिमा देखा परेकी छ । कथानक यसैको जीवनवृत्तमा घुमेकाले ऊ नै यस कथाकी प्रमुख पात्र हो र यहाँ उसकै चरित्र विश्लेषण गरिएको छ ।

#### नीलिमा

नीलिमा प्रस्तुत कथाकी प्रमुख नारी पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म घटित समग्र घटनाहरूको नालीवेली लगाउने काम उसैको उपस्थितिमा भएको हुँदा ऊ यस कथाकी केन्द्रीय नारी पात्र हो । त्यसैगरी नीलिमा एक शिक्षित नारी पात्र हो । उसले स्कुलमा शिक्षिकाको रूपमा कार्य गर्दछे ।

नीलिमा सत् पात्रका रूपमा कथामा उपस्थित भएकी छ । ऊ स्कुलमा तलबी शिक्षिका भए पनि उसले अभिभावकको भूमिका निर्वाह गरेकी छ । स्कुलको एक छात्रको अभिभावक जाडो विदामा लिन आउन नसक्दा उसले नै घरसम्म पुऱ्याइदिएर सहयोग गरेकी छ । यसरी कथानकको सुरुदेखि अन्त्यसम्म उसको कतै पनि नकारात्मक भूमिका देखिएको छैन ।

नीलिमा मध्यम वर्गीय नारी पात्र हो । यसले आदर्श शिक्षिकाको प्रतिनिधित्व गरेकी हुँदा प्रतिनिधि पात्रका रूपमा देखिएकी छ ।

नीलिमा प्रस्तुत कथाकी स्थिर पात्र हो । ऊ काठमाडौँको एउटा बोर्डिङ स्कुलमा शिक्षिकाको रूपमा कार्यरत छ । त्यही अध्ययन गर्ने विद्यार्थी सुदीपलाई जाडो विदामा उसको अभिभावक लिन आउन नसक्दा घरसम्म पुऱ्याउन जान्छे । सुदीपको आमाको मृत्यु भइसकेको हुँदा उसको वुवा (सागर) नीलिमाप्रति र नीलिमा पनि सागरप्रति अनुरक्त भइसकेका हुन्छन् । सागरसँग विवाह गर्ने स्थितिमा पुगीसकेकी नीलिमा एक्कासी काठमाडौँ फर्कने निधो गर्दछे । यसरी उसको सोचाइमा आएको परिवर्तनले उसमा गतिशीलता आउन सकेन । त्यसैले ऊ स्थिर पात्र हो ।

नीलिमाको चरित्र हेर्दा अन्तर्मुखी  स्वभावको देखिन्छ किनभने, उसले आफ्ना कुनै पनि कुराहरू सागरसँग व्यक्त गर्दिन । त्यसैगरी सागरको घरमा पुगेकी नीलिमा कुनै पनि कारण नदेखाई काठमाडौँ फर्कने निर्णय गरेकीले ऊ अन्तर्मुखी पात्र हो भन्न सकिन्छ ।

नीलिमा यस कथाकी बद्ध पात्र हो । कथाको सम्पूर्णतः आकर्षणको केन्द्र ऊ भएकी छ । कथात्मक समस्या उसैलाई केन्द्र मानी बसेको छ । त्यसैले ऊ यस कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

यस कथामा नीलिमा मञ्चीय पात्रका रूपमा आएकी छ । ऊ मञ्चमा उपस्थित भई प्रत्यक्ष रूपमा यस कथाको कथानकसँग आबद्ध भएकी छ । यसरी कथामा प्रत्यक्ष उपस्थित भई आफ्नो महत्त्वपूर्ण  कार्यगत भूमिका निर्वाह गरेकीले ऊ मञ्चीय पात्र हो ।

### ५.१.१० निष्कर्ष

यस परिच्छेदमा भागीरथी श्रेष्ठको 'मोहदंश' कथा सङ्ग्रहमा सङ्कलित तेह्र कथामध्ये नारी पात्रको प्रमुख भूमिका रहेका नौवटा कथाका नारी पात्रको चरित्र चित्रण प्रस्तुत गरिएको छ । यी कथाहरू नारी चरित्र प्रधान रहेका छन् भने यी कथामा नारीवादी चेत प्रस्फुट भएको पाइन्छ । उल्लिखित कथामा आएका प्रमुख नारी पात्रहरू प्रायः मानसिक असन्तुष्टिबाट पिरोलिएका छन् । यसैगरी दीपा, रश्मि, नीलिमा, जस्ता नारी पात्रहरू शिक्षित छन् भने माइज्यू, जानकी, दिलूबज्यै,

शकुन्तला, तेजमाया, रेणु जस्ता नारी पात्रहरू अशिक्षित छन् । यसैगरी दीपा, शकुन्तला र रेणुको उच्चवर्गीय रवाफ देखिन्छ भने दिलूबज्यै, रश्मि र तेजमायाको निम्नवर्गीय स्थिति देखिएको छ र माइज्यू, जानकी, नीलिमा उच्चमध्यम वर्गीय नारी पात्र हुन् । उल्लिखित कथाहरूमा देखिएका प्रमुख  नारी पात्रमध्ये माइज्यू र दिलूबज्यैले ग्रामिण जनजीवनको प्रतिनिधित्व गरेका छन् । यसैगरी जानकी, दीपा, रश्मि, रेणुको असत्, दिलूबज्यै, तेजमाया, नीलिमाको सत् र माइज्यू अनि शकुन्तलाको कथामा सत्/असत् दुवै चरित्र देखिएको छ । उल्लिखित कथामा प्रयोग गरिएका  नारी  पात्रहरूमध्ये माइज्यू, जानकी, रश्मि, रेणुको बहिर्मुखी चरित्र रहेको छ । यसैगरी  द्वन्द्व/अन्तर्द्वन्द्व कथाकी रेणु वैयक्तिक पात्र हो भने अन्य नारी पात्रहरू प्रतिनिधि (वर्गगत) हुन् । यसैगरी माइज्यू, दीपा, रश्मि, शकुन्तलाको गतिशील स्वभाव छ भने जानकी, दिलूबज्यै, तेजमाया, रेणु, नीलिमाको स्थिर स्वभाव छ । उल्लिखित कथामा आएका प्रमुख नारी पात्र कथासँग आबद्ध भएकाले सम्पूर्ण  नारी पात्रहरू बद्ध रहेका छन् । त्यसैगरी **मोहदंश**  कथाकी नीलिमा मञ्चीय पात्र हो भने अन्य कथामा आएका प्रमुख नारी पात्र नेपथ्य हुन् । यसरी महिलाको विषयवस्तुलाई नै केन्द्र बनाई लेखिएका उल्लिखित कथाहरूमा नारीहरूको चरित्रलाई जस्ताको तस्तै चित्रण गरिएको छ त्यसैले सम्पूर्ण कथाहरू नारी चरित्र प्रधान रहेका छन् ।

# छैटौं परिच्छेद

# विभ्रममा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

## ६.१ विषय परिचय

'विभ्रम' भागीरथी श्रेष्ठको तेस्रो प्रकाशित कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा तीसवटा कथाहरू सङ्कलित छन् । ती हुन् -**पराइ पाइला, बीस वर्षपछि, झर्दै गएका सउरका पातहरू, विभ्रम, मोड, जीर्णोद्वार, अन्तर, जिन्दगी एउटा नाङ्गो रुख, प्रतिबिम्ब, सीमाना नाघेपछि, एक टुक्रा खुशी, चिसो, रंगहीन आकाश, खुलदुली, धुलो, अविश्वासको गुम्फनभित्र, विपन्नता, अवसान, रगतको नाता, जुलुस, आफ्नै किनारा, विसर्जन, तेह्र वर्षपछि, एक्लोपनका तरङ्गहरू, स्वतन्त्रता, उज्यालाको खोजी** । यी कथाहरूमा  नारी पात्रको प्रयोग गरेर लेखिएको भए तापनि कुनै कथामा प्रमुख र कुनै कथामा गौण भूमिका रहेको छ । उल्लिखित तीसवटा कथामध्ये सातवटा कथामा  नारी पात्र केन्द्रीय रूपमा देखिएका छन् भने अन्य कथामा नारी पात्र सहायक र गौण रूपमा देखिएका छन् । उल्लिखित कथामध्ये **पराइ पाइला, विभ्रम, एक टुक्रा खुशी, रङगहीन आकाश, विसर्जन, तेह्र वर्षपछि, एक्लोपनका तरङ्गहरू** जस्ता कथामा प्रयोग भएका  नारी पात्रको प्रमुख भूमिका रहेको छ । त्यसैले यस परिच्छेदमा यी कथामा प्रमुख भूमिकामा रहेका  नारी पात्रको चरित्र चित्रण गरिएको छ ।

### ६.१.१ पराइ पाइला कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**पराइ पाइला** भागीरथी श्रेष्ठको 'विभ्रम' कथा सङ्ग्रहभित्र सङ्कलित तीसवटा कथामध्येको पहिलो कथा हो । यस कथामा नारी पात्रको रूपमा दुई जना सम्धिनीको प्रयोग गरिएको छ । ती दुई जना सम्धिनीमध्ये लोग्नेको मृत्यु भएपछि घरमा एक्लै बस्न गाह्रो भएर छोरी-जुवाँइको आग्रहमा छोरीको घरमा बस्न पुगेकी सम्धिनीको कथामा प्रमुख भूमिका रहेको हुँदा यहाँ उनको चरित्र चित्रण गरिएको छ ।

**सम्धिनी**

प्रस्तुत **पराइ पाइला** कथाकी मुख्य नारी पात्र सम्धिनी हुन् । कथाको सम्पूर्ण विषयवस्तु यिनकै वरिपरि घुमेको छ । सम्धिनीलाई केन्द्रविन्दुमा राखेर कथाको निर्माण गरिएकाले उनी नै यस कथाकी प्रमुख नारी पात्र हुन् ।

सम्धिनी यस कथाकी सत् पात्र हुन् । लोग्नेको वरखी सिद्धिएपछि कुटुम्बको घरमा बस्न पुगेकी सम्धिनी छोरीकी सासू (सम्धिनी) ले चित्त दुखाएको कारण पुनः घरमा फर्कन्छिन् । उनले सम्धिनीको मन दुखाएर त्यहाँ नबस्ने निर्णय गरेकीले उनी यस कथाकी सत् पात्र हुन् ।

सम्धिनी मध्यम वर्गीय नारी पात्र हुन् भने विधवा महिलाको प्रतिनिधि पात्र पनि हुन् । छोरा नभएका कारण बृद्ध अवस्थामा एक्लै बस्न नसकी छोरीको घरमा बस्न बाध्य भएकी सम्धिनी जस्ता महिलाहरू हाम्रो समाजमा प्रशस्त मात्रामा भेट्न सकिन्छ । त्यसैले उनी यस कथाकी वर्गगत  नारी पात्र हुन् ।

प्रस्तुत कथामा सम्धिनीको गतिशील चरित्र देखिन्छ । पहिले घरमा एक्लै भएका कारण छोरीको घरमा बस्ने निर्णय गरेर गएकी सम्धिनी छोरीकी सासू (सम्धिनी) ले आफूप्रति नराम्रो व्यवहार देखाएकी हुँदा उनी पुनः आफ्नै घरमा फर्किन्छिन् । उनले घरमा काम गर्ने मान्छे राखेर आफ्नै घरमा बस्ने निर्णय गरेकीले उनी गतिशील नारी पात्र हुन् ।

सम्धिनी अन्तर्मुखी चरित्र भएकी नारी पात्र हुन् । उनले सम्धिनीको नराम्रो व्यवहारका कारण घर फर्कनु परेको कुरा छोरी, जुवाँइसँग पनि भन्दिनन् । बरु उनले आफू पीडाको पोखरीबाट निस्कन सके भन्ने कुरा सोच्दै घर फर्कनुले उनको अन्तर्मुखी  चरित्र देखिन्छ ।

प्रस्तुत कथाकी सम्धिनी बद्ध पात्र हुन् । समग्र कथावस्तुमाथि प्रभाव जमाएकीले र कथानकसँग आबद्ध भएकीले उनी कथाबाट अलग गर्न नमिल्ने बद्ध पात्र हुन् ।

सम्धिनी यस कथामा मञ्चीय पात्रका रूपमा उपस्थित छन् । यस कथाकी प्रमुख कथावाचक सम्धिनी स्वयम् मञ्चमा उपस्थित भई सम्पूर्ण कथानकलाई डोहोऱ्याउने काम गरेकी छन् । त्यसैले उनी मञ्चीय पात्र हुन् ।

### ६.१.२ विभ्रम कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**विभ्रम** भागीरथी श्रेष्ठको 'विभ्रम' भित्र सङ्कलित आठौं कथा हो । प्रस्तुत कथालाई सार्थक तुल्याउनको लागि दुई  नारी पात्रको प्रयोग गरिएको छ, ती हुन् - लता र कमला । यी पात्रमध्ये कथालाई सही गन्तव्यमा पुऱ्याउनको लागि लताको प्रमुख भूमिका रहेकाले कथाकी प्रमुख नारी पात्र लता हो र यहाँ उसको चरित्र चित्रण प्रस्तुत गरिन्छ ।

**लता**

लता **विभ्रम** कथाकी केन्द्रीय नारी पात्र हो । सम्पूर्ण कथावस्तु लताकै केन्द्रमा घुमेको हुँदा ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो ।

लताको प्रस्तुत कथामा प्रतिकूल चरित्र देखिन्छ किनभने लोग्ने कहाँ काम विशेषले बराबर आइरहने युवती (कमला) प्रति ऊ सशङ्कित छे । कमलासँग लोग्नेसँगै बसेर कुराकानी गरेको, काम विशेषलेसँगै बाहिर गएको देख्दा लताको दिमागमा तनाव पैदा हुन्छ । एक दिन उसले तिनीहरूसँगै बाहिर निस्कन खोज्दा मोटरको टायर पञ्चर गरिदिन्छे । यसरी कमला र लोग्नेको चरित्रमाथि शङ्का गरी अभद्र व्यवहार देखाएकीले ऊ यस कथाकी प्रतिकूल पात्र हो ।

लता उच्चमध्यम वर्गकी वर्गगत पात्र हो । श्रीमान्को जागिर हुनु, घरमा नोकर हुनु, यातायातको साधन हुनु जस्ता उच्च मध्यम वर्गमा देखिने विशेषता उसमा भएकाले ऊ उच्च मध्यम वर्गीय नारी हो । महिलाहरू स्वभावैले ईर्ष्यालु हुन्छन् । आफ्नो अधिकारप्रति कसैबाट हस्तक्षेप भएको सहन सक्दैनन् । त्यसैगरी लताको स्वभाव समाजका कैयौं नारीहरूसँग मेल खाने भएकाले र यथार्थ नबुझि भ्रममा परेर छट्पटिने नारीहरूको प्रतिनिधित्व गरेकीले ऊ वर्गीय नारी पात्र हो ।

**विभ्रम** कथामा लताको गतिशील स्वभाव रहेको छ । सुरुमा कमलाप्रति शङ्का गरे पनि उसले अभद्र व्यवहार देखाएकी छैन तर कथानकको अन्त्यतिर ऊ लोग्ने र कमलाप्रति एकदमै नकारात्मक व्यावहार देखाएकी छ । उनीहरू बहिर निस्कन खोज्दा उसले आफ्नो मूल्यवान् प्रतिष्ठा बिर्सेर मोटरको टायर पञ्चर गराइ दिन्छे । त्यसैले ऊ गतिशील पात्र हो ।

लताको प्रस्तुत कथामा अन्तर्मुखी  चरित्र देखिन्छ । लताको श्रीमान्ले कमला घरमा काम विशेषले आएकी हुन् भन्दा पनि उसले कमलाप्रति शङ्का गर्दछे । एक दिन उनीहरू काम विशेषले सँगै बाहिर जान खोज्दा लताले के कामले जान लागेको भनी नसोधीकन अगावै गई मोटरको टायर पञ्चर गरिदिनुले ऊ अन्तर्मुखी  स्वभावकी देखिन्छे ।

लताको अभावमा कथा अपाङ्ग हुने हुँदा यो कथाकी बद्ध पात्र हो । यस कथाका अधिकांश घटनाहरू ऊ सँगै आबद्ध रहेकाले लता यस कथाकी बद्ध पात्र हो ।

लता प्रस्तुत कथाकी मञ्चीय पात्र हो । ऊ मञ्चमा उपस्थित भई प्रत्यक्ष रूपमा आफ्नो जीवनमा घटेका घटना प्रस्तुत गरेकी छ ।

### ६.१.३ एक टुक्रा खुशी कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

प्रस्तुत **एक टुक्रा खुशी** कथाकार श्रेष्ठद्वारा रचित 'विभ्रम' सङ्ग्रहमा सङ्कलित कथा मध्येको एक कथा हो । यस कथाको कथानकीय घटनाको विकासमा सक्रिय रहेका नारी पात्रहरू अमिरा र सुकुमारी हुन् । यी पात्रमध्ये कथामा प्रयुक्त कथानकलाई सार्थकता तुल्याउन अमिराको सक्रिय भूमिका रहेको छ । त्यसैले अमिरा प्रस्तुत कथाकी प्रमुख नारी पात्र हो जसको चरित्र विश्लेषण तल उल्लेख गरिएको छ ।

**अमिरा**

अमिरा **एक टुक्रा खुशी** कथाकी प्रमुख नारी पात्र हो । कथाको सम्पूर्णतः आकर्षणको केन्द्र ऊ भएकी छ र कथात्मक समस्या उसलाई नै केन्द्र मानी बसेको छ । त्यसैले अमिरा यस कथाकी प्रमुख नायिका हो ।

अमिरा प्रतिकूल चरित्र भएकी पात्र हो । उसको असत् चरित्रले गर्दा लोग्ने पनि घर छोडेर गएको छ । उसले परपुरुषसँग यौन सम्बन्ध राख्दै गर्भपतन गर्दछे । "कति महीनाको फाली कुन्नि सुत्केरी झैँ बरण्डामा लाजै पचाएर बसेकी छे । कति फालिसकी कति फाल्ने हो, के ठेगान यस्तीको ?" जस्ता वाक्यांश कथामा प्रयोग गरिएकाले उसको असत् चरित्र प्रष्ट हुन्छ । यसरी उसको यस्तो नकारात्मक चरित्रका कारण समाजका अभिजात्य स्वास्नीमान्छेहरू आफ्नो इज्जतमा धक्का लाग्ने डरले उसँग बोल्न डराउँछन् । खुलमखुला रूपमा घरमै युवकहरू बोलाई यौन क्रियाकलापमा संलग्न देखिएकाले अमिरा नेपाली समाजका सापेक्षतामा प्रतिकूल पात्र हो ।

अमिरा घमण्डी स्वभाव भएकी व्यक्तिगत पात्र हो । नेपाली समाजमा कुनै पनि नारीले उसले जस्तो यौन पेशा अँगाल्न सक्दैनन् । त्यसैगरी उसको चरित्रलाई हेर्दा उसले अन्य नारीको पनि इज्जत फाल्ने काम गरेकीले ऊ वैयक्तिक नारी पात्र हो ।

अमिरा प्रस्तुत कथाकी स्थिर पात्र हो । ऊ कथाको आदिदेखि अन्त्यसम्म एउटै स्वभावमा देखिएकी छ । छिमेकका स्वास्नीमान्छेहरूले त्यो पेशालाई नराम्रो मान्दछन् तर उसले उनीहरूलाई हप्काएर भए पनि आफ्नो विचारमा अडिग रहेकी छ । त्यसैले ऊ स्थिर पात्र हो ।

अमिरा अन्तर्मुखी  चरित्र भएकी पात्र हो । ऊ छोरीको रूप र यौवनप्रति ईर्ष्या गर्दछे । आफ्नो प्रेमीले छोरीलाई किस खाने, छोरीको शारीरिक बनावटको प्रशंसा गर्ने जस्ता नराम्रा व्यवहार आफ्नै अगाडि गर्दा पनि केही भन्दिन । यसरी आफू भित्र पौडिरहेको कायरता, दुर्बलता, ईर्ष्या र लाचारीलाई बाहिर नदेखाएकी हुँदा उसको अन्तर्मुखी  चरित्र देखिन्छ ।

अमिरा यस कथाकी बद्ध पात्र हो । यस कथाको सम्पूर्ण कथानक उसैसँग आबद्ध रहेको छ । उसको उपस्थिति विना कथाको संरचना नै भङ्ग हुने हुँदा ऊ यस कथाकी बद्ध पात्र हो ।

अमिराको यस कथामा नेपथ्य भूमिका रहेको छ । उसको कथामा प्रत्यक्ष उपस्थिति नभई कथयिताको उपस्थितिमा कथालाई अगाडि बढाइएको छ ।

### ६.१.४ रङ्गहीन आकाश कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

प्रस्तुत **रङ्गहीन आकाश** भागीरथी श्रेष्ठद्वारा रचित 'विभ्रम' कथा सङ्ग्रहमा सङ्कलित कथामध्ये एक हो । यस कथामा एक मात्र नारी पात्र रजनीको प्रयोग गरिएको छ । रजनीकै केन्द्रीयतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो । यहाँ प्रमुख पात्र रजनीको चरित्र चित्रण प्रस्तुत गरिन्छ ।

**रजनी**

रजनी **रङ्गहीन आकाश** कथाकी केन्द्रीय नारी पात्र हो । यस कथामा कथानकीय घटनाको विकासमा सक्रिय भूमिका रहेको हुँदा र कथानक पनि यसैको जीवनवृत्तमा घुमेको हुँदा ऊ प्रस्तुत कथाकी प्रमुख नायिका हो ।

रजनीको यस कथामा अनुकूल-प्रतिकूल दुवै चरित्र देखिएका छन् । लोग्ने जड्याहा भएको हुँदा र अन्य जागिरको विकल्प नभएका कारण ऊ आफ्नो इच्छा विपरित हाकिमको रखौटी हुन पुगेकी छ । उसको मानसिक द्वन्द्व र घरको आर्थिक स्थितिलाई हेर्दा ऊ अनुकूल पात्र जस्तो देखिन्छे । त्यसैगरी हाकिमको कठपुतली भएर त्यहीँ अफिसमा जागिर गर्नु भन्दा अर्को जागिर खोज्न नसक्नु र शिक्षित नारी भएर पनि हाकिमको दूर्व्यवहार सहेर चुपचाप बस्नुले ऊ आत्मविश्वास नभएकी प्रतिकूल पात्र हो पनि भन्न सकिन्छ ।

रजनी निम्नवर्गीय पात्रकासाथै प्रतिनिधि पात्र पनि हो, किनभने उसले गरिबीकै कारणले आफ्ना योजना तथा इच्छा चाहनाको नचाहँदा-नचाहँदै पनि तीलाञ्जली दिनुपर्ने आफू जस्ता सयौँ गरिब महिलाको प्रतिनिधित्व गरेकी छ ।

रजनी प्रस्तुत कथाकी स्थिर पात्र हो । हाकिमको नकारात्मक व्यवहारले गर्दा हाकिमले दिएको लेख टाइप नगरी उसले राजीनामा टाइप गर्दछे तर भावी जीवनको अभाव र दरिद्रता सम्झेर राजीनामाको कागजलाई टुक्रा-टुक्रा पारेर च्यातिदिएर पुनः लेख टाइप गर्न थाल्दछे । त्यसैले उसको स्वभावमा परिवर्तन नदेखिएकाले ऊ कथाकी स्थिर पात्र हो ।

रजनीको यस कथामा अन्तर्मुखी चरित्र देखिन्छ । उसले आफू हाकिमबाट शोषित भएको कुरा श्रीमान्सँग पनि व्यक्त गर्दिन । उसले राजीनामा दिन टाइप गरेको कागज टुक्रा-टुक्रा पारेर आँखाबाट विवश र त्रासदीका आँशुहरू बगाउँदै पुनः लेख टाइप गर्नुले उसको अन्तर्मुखी  चरित्र देखिन्छ ।

रजनी प्रस्तुत कथामा बद्ध पात्रका रूपमा आएकी छ । सम्पूर्ण कथावस्तुकै जन्मदाता रजनी भएकाले ऊ कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

रजनी यस कथाकी नेपथ्य पात्र हो । उसको कथामा प्रत्यक्ष उपस्थिति देखिदैन । कथयिताले रजनीको जीवनमा देखा परेका आरोह-अवरोहलाई प्रस्तुत गरेका छन् । त्यसैले रजनीको प्रस्तुत कथामा नेपथ्य भूमिका रहेको छ ।

### ६.१.५ विसर्जन कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**विसर्जन** भागीरथी श्रेष्ठद्वारा प्रकाशित कथा सङ्ग्रह 'विभ्रम' भित्रको एक कथा हो । यस कथामा एक मात्र नारी पात्र विजयाको प्रयोग गरिएको छ र उसको कथामा प्रमुख भूमिका रहेको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र विजयाको चरित्रलाई यहाँ प्रस्तुत गरिएको छ ।

**विजया**

विजया प्रस्तुत **विसर्जन** कथाकी प्रमुख नारी पात्र हो । कथानक यसकै सेरोफेरोमा घुमेको तथा कथाकारको मुख पात्र भएकी हुँदा विजया प्रमुख पात्र हो ।

विजयाको यस कथामा सत्/असत् दुवै चरित्र देखिन्छ । आर्थिक अभावका कारण र रोगी आमाकासाथै भाइहरूलाई पाल्नको लागि कसैको हानी नगरी आफ्नै व्यवसाय गरेर बस्नुलाई सत् चरित्र मानिन्छ । त्यसैगरी समाजले घृणा गर्ने यौनजन्य व्यापारमा सङ्लग्न भएको हुनाले ऊ असत् चरित्र भएकी नारी पात्र पनि हो भन्न सकिन्छ । यसरी ऊ मूलतः असत्  नारी पात्र नै हो ।

विजया प्रस्तुत कथाकी स्थिर पात्र हो । कथानकभरी कतै पनि उसको गतिशील स्वभाव देखिदैन । उसले यौवन अवस्थामा सुरु गरेको रक्सीको पेशा बृद्ध अवस्थासम्म

छोडेकी छैन । कति युवकहरूले विवाह गर्ने प्रस्ताव राख्दा पनि उसले स्वीकार गरेकी छैन । त्यसैले ऊ स्थिर पात्र हो ।

विजयाको यस कथामा बहिर्मुखी चरित्र देखिन्छ । उसले आफ्ना दुःख, सुखका सम्पूर्ण कुरा काजीबाबुलाई व्यक्त गर्दछे र आफ्नो मन हलुङ्गो बनाउँछे ।

विजया कथानकसँग आबद्ध भएकीले बद्ध पात्र हो । कथाको सम्पूर्ण कथावस्तु यसकै सेरोफेरोमा घुमेको र यसको अन्तिम अवस्था हुँदा कथानकको पनि अन्त्य भएको छ । त्यसैले ऊ यस कथाकी बद्ध पात्र हो ।

विजया प्रस्तुत कथाकी मञ्चीय पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म घटित समग्र घटनाहरूको नालीवेली लगाउने काम यसैको उपस्थितिमा भएको हुँदा ऊ यस कथाकी मञ्चीय  नारी पात्र हो ।

### ६.१.६ तेह्र वर्षपछि कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**तेह्र वर्षपछि** कथा कथाकार श्रेष्ठद्वारा रचित 'विभ्रम' कृतिभित्र सङ्कलित तीस कथामध्ये सत्ताइसौँ नम्बरको कथा हो । प्रस्तुत कथामा प्रयुक्त नारी पात्रहरूमा लक्ष्मी, लक्ष्मीकी सासू र भगवती देखा पर्दछन् । यी पात्रमध्ये लक्ष्मीले समग्र कथावस्तुमाथि प्रभाव जमाएकीले ऊ यस कथाकी प्रमुख नारी पात्र हो । त्यसैले लक्ष्मीको चरित्र विश्लेषण यसप्रकार प्रस्तुत गरिएको छ :

**लक्ष्मी**

**तेह्र वर्षपछि** कथाकी प्रमुख नारी पात्र लक्ष्मी हो । यसै पात्रको जीवन भोगाइको सेरोफेरोमा कथानक घुमेकाले लक्ष्मी प्रस्तुत कथाकी मुख्य पात्र बन्न पुगेकी छ ।

कथानकको सापेक्षता हेर्दा ऊ अनुकूल पात्र हो । बाह्र वर्षको उमेरमा विवाह भएकी लक्ष्मीले सासूको बुहार्तन चुपचाप सहेर बस्दछे । त्यसैगरी विवाह भएको चार दिनमै पति लाहुर गएर तेह्र वर्षसम्म घरमा नआउँदा भगवानको पूजा गर्दै पतिकै सत्मा बसेकी छ । यसरी पाठकसमक्ष कुनै पनि प्रतिकूल प्रभाव नछाडेकीले ऊ अनुकूल पात्र हो ।

लक्ष्मीको जीवन भोगाइलाई हेर्दा ऊ वर्गगत पात्र हो । मध्यम परिवारकी लक्ष्मीले बालविवाहको समस्या भोग्नु परेको छ । हाम्रो समाजमा अझै पनि बालविवाहको प्रचलन रहेको छ र लक्ष्मी जस्तै सयौँ नारीहरू त्यसबाट मुक्त हुन सकेका छैनन् । त्यसैले ऊ वर्गगत नारी पात्र हो ।

लक्ष्मी प्रस्तुत कथाकी स्थिर पात्र हो । सासूले जति हप्काए पनि र लाहुर गएका पति तेह्र वर्षसम्म घर नफर्कदा पनि उसले त्यो पीडा सहेर बसेकी छ । कथाको सुरुदेखि अन्त्यसम्म एउटै स्वभावमा देखिएकाले ऊ स्थिर पात्र हो ।

लक्ष्मी अन्तर्मुखी चरित्र भएकी पात्र हो । उसले आफ्नै मनभित्र गुम्सिएर रहेका भावना बाहिर कसैसँग व्यक्त गर्दिन । लाहुर गएका पति तेह्र वर्षपछि फर्कदा स्वयं पतिलाई पनि आफ्नो दुःख नभनी रोएर बस्छे । तसर्थः उसको अन्तर्मुखी चरित्र देखिन्छ ।

लक्ष्मी प्रस्तुत **तेह्र वर्षपछि** कथाकी बद्ध पात्र हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिकामा रहेकी हुँदा र सम्पूर्ण कथानकलाई डोहोर्‍याउने काम गरेकीले ऊ यस कथाकी बद्ध पात्र हो ।

लक्ष्मी प्रस्तुत कथामा मञ्चीय पात्रका रूपमा आएकी छ । ऊ स्वयम् उपस्थित भई आफ्नो महत्त्वपूर्ण कार्यगत भूमिका निर्वाह गरेकी छ ।

### ६.१.७ एक्लोपनका तरङ्गहरू कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**एक्लोपनका तरङ्गहरू** भागीरथी श्रेष्ठद्वारा रचित 'विभ्रम' कथा सङ्ग्रहमा सङ्कलित कथामध्ये एक हो । यस कथामा सीमा र होस्टलका केटीहरू जस्ता नारी पात्रको उपस्थिति देखिन्छ । यी पात्रमध्ये कथाको मूल मर्मलाई सार्थक तुल्याउन सीमाको महत्त्वपूर्ण योगदान रहेको छ र ऊ नै यस कथाकी प्रमुख नायिका हो जसको चरित्र विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### सीमा

सीमा **एक्लोपनका तरङ्गहरू** कथाकी मुख्य नारी पात्र हो । सम्पूर्ण कथानक सीमा मात्रकै केन्द्रीयतामा घुमेको हुँदा ऊ यस कथाकी प्रमुख नायिका हो ।

सीमाको प्रस्तुत कथामा सत्/असत् दुवै चरित्र देखिएका छन् । एम.ए.पास गरेपछि आफ्नै मञ्जुरीमा धनी र शिक्षित व्यक्ति सरोजसँग विवाह गरेकी सीमा विवाहपछि घरको बन्धन र पुराना संस्कारसँग आबद्ध हुन सकिन । ऊ शिक्षित नारी भएकीले आफ्नै खुट्टामा उभिएर स्वावलम्वी भएर बाँच्न चाहन्थी तर परिवारले उसको इच्छालाई स्वीकार नगरेका कारण पतिसँग सम्बन्धविच्छेद गरेर कलेजमा लेक्चर र छात्रावासको वार्डेन समेत भई त्यसैले ऊ सत् पात्र हो । यसैगरी उसमा असत् पात्रका पनि केही अभिलक्षणहरू देखा पर्दछन् । शिक्षित नारी भएर पनि घरपरिवारलाई मनाउन नसकेर सम्बन्धविच्छेद नै अन्तिम विकल्प रोजेकी हुनाले उसको असत् चरित्र देखिन्छ । यसरी उसमा असत् चरित्र भन्दा सत् चरित्र बढी देखिएकाले मूलतः ऊ सत् नारी पात्र हो ।

सीमा उच्चवर्गीय नारी पात्र हो । उसको परिवारको खान्दानी परम्परा अनुसार स्वास्नीमान्छेले नोकरी गर्नु परिवार र कुलको प्रतिष्ठामा धक्का लागेको सम्भिmन्थ्यो । त्यसैगरी उसले शिक्षित महिलाको प्रतिनिधित्व गरेकी हुँदा यो वर्गीय नारी पात्र हो ।

सीमाको यस कथामा गतिशील स्वभाव देखिन्छ । विवाह गरेर छोरी जन्मिसकेपछि उसले पतिसँग सम्बन्धविच्छेद गर्दछे । उसले सम्बन्धविच्छेद गरेपछि जीवनका हरेक क्षणहरू उमंगहीन सम्झन्छे र आफ्नो गल्तिमा पछुताउन पुग्छे । यसरी कथानकभरी उसको स्वभावमा परिवर्तन देखिएको हुँदा ऊ गतिशील पात्र हो ।

सीमाको प्रस्तुत कथामा बहिर्मुखी चरित्र देखिन्छ । उसले आफूलाई जागिर गर्न नदिएको कारण श्रीमान्सँग झगडा गरेर सम्बन्धविच्छेद गर्दछे । उसले आफ्ना इच्छा र चाहना घर परिवारसँग स्पष्ट राखेकी हुँदा उसको बहिर्मुखी चरित्र देखिन्छ ।

सीमा यस कथाकी बद्ध पात्र हो । समग्र कथावस्तुमाथि प्रभाव जमाएकीले र कथानकसँग आबद्ध भएकीले ऊ कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

सीमा प्रस्तुत कथाकी नेपथ्य पात्र हो । कथामा उसको स्वयम् उपस्थिति नभई कथयिताले सीमाको जीवनमा घटेका घटनालाई आफू मञ्चमा उपस्थित भई प्रस्तुत गरेका छन् ।

### ६.१.८ निष्कर्ष

यस परिच्छेदमा भागीरथी श्रेष्ठको 'विभ्रम' कथा सङ्ग्रहमा सङ्कलित तीसवटा कथामध्ये नारी पात्रको प्रमुख भूमिका रहेका सातवटा कथाका नारी पात्रको चरित्र चित्रण गरिएको छ । उल्लिखित सम्पूर्ण कथाहरूमा नारी पात्र नै केन्द्रविन्दुका रूपमा आएका छन् । यी कथाहरूमा आएका नारी पात्रहरूले नेपाली समाजमा अन्तर्व्याप्त सामाजिक, आर्थिक तनाव र संस्कारगत विभ्रम र पीडाको भाव-संवेदनालाई चित्रित गरेका छन् । उल्लिखित कथाहरूमा प्रमुख भूमिकामा आएका नारी पात्रहरू उच्चवर्गदेखि निम्न वर्गसम्मका रहेका छन् । ती पात्रहरूमध्ये सम्धिनी, लक्ष्मी, सीमाको कथामा सत् चरित्र रहेको छ भने लता, अमिरा, विजयाको असत् चरित्र रहेको छ । त्यसैगरी रजनीको सत्-असत् दुवै चरित्र रहेको छ । उल्लिखित कथामा देखिएका नारी पात्रमध्ये अमिरा वैयक्तिक पात्र हो भने अन्य नारी पात्र वर्गगत हुन् । यसैगरी सम्धिनी, लता, सीमाको गतिशील र अमिरा, रजनी, विजया, लक्ष्मी जस्ता नारी पात्रको स्थिर स्वभाव देखिन्छ । अमिरा, रजनी, विजया, लक्ष्मी जस्ता नारी पात्रको अन्तर्मुखी चरित्र देखिन्छ भने विजया र सीमाको बहिर्मुखी चरित्र देखिन्छ । उल्लिखित कथामा प्रयोग गरिएका प्रमुख नारी पात्रहरू कथानकसँग आबद्ध रहेकाले सम्पूर्ण नारी पात्र बद्ध रहेका छन् । उल्लिखित पात्रमध्ये सम्धिनी, लता, विजया, लक्ष्मीको मञ्चीय र अमिरा, रजनी, सीमा जस्ता नारी पात्रहरूको कथामा नेपथ्य भूमिका रहेको छ । उल्लिखित कथामा रजनी र सीमा शिक्षित पात्र हुन् भने अन्य नारी पात्रहरू अशिक्षित रहेका छन् । तसर्थः नारीहरूकै समस्यामा केन्द्रित रहेर रचिएका यी कथामा नारीवादी चेत प्रस्फुट भएको पाइन्छ ।

# सातौँ परिच्छेद

# भूमिगतमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

## ७.१ विषय परिचय

'भूमिगत' (२०६२) भागीरथी श्रेष्ठको पाँचौं कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा भागीरथीका एक्काइसवटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहमा रहेका कथाहरू यस प्रकार छन्-**अन्तराल**, **अपराधबोध**, **ओझेल परेका प्रेमका किरणहरू, अध्यारो फाटेपछि, विश्वास-अविश्वास, दह, तयार भयौं ? काग र चिठ्ठी, सुन्दर झ्याल, त्यो कालो ढुङ्गा, मौनताभित्र, चिना, पूर्णविराम, चाँदीको करुवा, घाम डुबेपछि, भूमिगत, आँधी, दुरी, चुनौति, बचनवद्धता** । यी कथाहरूमध्ये केही कथामा मात्र नारी पात्र प्रधान रहेका छन् । उल्लिखित एक्काइस कथामध्ये सातवटा कथामा प्रयोग गरिएका नारी पात्रको प्रमुख भूमिका रहेको छ । यसै गरी अन्य कथामा नारी पात्रको प्रयोग गरिए तापनि ती पात्रहरू सहायक र गौण रूपमा मात्र कथामा उपस्थित भएका छन् । **अपराधबोध, ओझेल परेका प्रेमका किरणहरू, अध्यारो फाटेपछि, पूर्णविराम, चाँदीको करुवा, भूमिगत, दुरी** जस्ता कथामा देखिएका नारी पात्रको कथामा प्रमुख भूमिका रहेको छ । यी कथामा नारीको जीवनमा घटेका घटना, दुःख, सुख, पीडा, वेदना र सङ्घर्षको उल्लेख गरिएको छ । त्यसैले यस कथा सङ्ग्रहका कथामा प्रयोग गरिएका प्रमुख  नारी पात्रको चरित्र चित्रण तल प्रस्तुत गरिएको छ ।

### ७.१.१ अपराधबोध कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**अपराधबोध** कथाकार भागीरथी श्रेष्ठद्वारा रचित 'भूमिगत' कथा सङ्ग्रहमा सङ्कलन गरिएका एक्काइस कथामध्येको दोस्रो कथा हो । यस कथालाई जीवन्त तुल्याउनको लागि निम्न नारी पात्रको प्रयोग गरिएको छ । ति हुन्-बेटीमाया र कदमकुमारी । यी पात्रमध्ये कथाको कथावस्तु बेटीमायाकै सम्बन्धमा रहेकाले र कथाको केन्द्रविन्दु नै ऊ भएकाले बेटीमाया यस कथाकी प्रमुख  नारी पात्र हो र यहाँ बेटीमायाको चरित्र विश्लेषण गरिन्छ ।

**बेटीमाया**

बेटीमाया **अपराबोध** कथाकी प्रमुख नारी पात्र हो । यसलाई केन्द्रविन्दुमा राखेर कथाको निर्माण गरिएकाले ऊ नै यस कथाकी प्रमुख नायिका हो ।

कथानकको सापेक्षतामा हेर्दा बेटीमाया प्रतिकूल पात्र हो । सम्पन्न माइतीको सम्पति लिएर माइतीलाई कङ्गाल बनाएर जगदीशसँग पोइल जानु, आफ्नो सन्तान नभएका कारण लोग्नेको अर्को विवाह गरिदिएर सौतालाई दिउँसै रक्सि खाएर मागीखानेकी छोरी, कमारी भनेर गाली गर्नु जस्ता असत् चरित्र देखएकाले ऊ यस कथाकी प्रतिकूल नारी पात्र हो ।

बेटीमाया व्यक्तिगत पात्र हो । उसले माइतीलाई कङ्गाल बनाएर सबै सम्पति लिएर पोइल गएकी छ । सौतालाई नोक्करलाई जस्तै व्यवहार गरी दबाएर राखेकी छ । कुनै पनि आदर्श नारीले धनको रवाफ देखाएर नोक्कर चाक्कर र सौतामाथि अत्याचार गर्न सक्दैनन् । त्यसैले बेटीमायामा व्यक्तिगत चरित्र देखिन्छ ।

बेटीमाया प्रस्तुत कथाकी स्थिर पात्र हो । उसले सुरुदेखि नै नकारात्मक व्यवहार देखाउँदै आएकी छ । लोग्नेको मृत्यु भएपछि पनि सौतालाई थाङ्नामा नै सुताउन खोज्छे तर कान्छी सौता कदमकुमारी चुप लागेर बस्दिन । उसले बेटीमायाले माइतदेखि घरसम्मको यात्रामा गरेको नराम्रा कुराको पर्दाफास गरिदिन्छे । सौताका सम्पूर्ण कुरा सुनेपछि उसलाई अपराधबोध त हुन्छ तर माइती र सौतासँग माफी मागेको कुरा  कथानकमा नआएको हुँदा ऊ कथाकी स्थीर पात्र हो भन्न सकिन्छ ।

बेटीमाया अन्तर्मुखी चरित्र भएकी पात्र हो । उसलाई आफ्नो पीडा लोग्ने र नोकरहरू कसैलाई पनि देखाउन मन लाग्दैन । उसले आफ्नो सन्तान नभएर लोग्नेको पुनर्विवाह गरिदिँदा पनि कसैले नदेख्ने गरी एक्लै बसेर रोएकी छ । यसरी आफ्नो पीडा दवाएर राख्न चाहने बेटीमायाको अन्तर्मुखी  स्वभाव देखन्छ ।

बेटीमाया प्रस्तुत कथाकी बद्ध पात्र हो । कथाको सम्पूर्णत आकर्षणको केन्द्र ऊ भएकी छ । कथात्मक समस्या उसैलाई केन्द्र मानी बसेको छ । त्यसैले ऊ कथाबाट अलग गर्न नमिल्ने बद्ध पात्र हो ।

बेटीमायाको प्रस्तुत कथामा नेपथ्य भूमिका रहेको छ । कथयिता मञ्चमा उपस्थित भई बेटीमायाको जीवनमा आएका उतार चढावलाई प्रस्तुत गरेका छन् ।

### ७.१.२ ओझेल परेका प्रेमका किरणहरू कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**ओझेल परेका प्रेमका किरणहरू** कथाकार श्रेष्ठद्वारा लिखित 'भूमिगत' सङ्ग्रहमा सङ्ग्रहीत एक कथा हो । कथानकलाई सही गन्तव्यमा पुऱ्याउनको लागि नलिनी र रीमा जस्ता नारी पात्रको प्रयोग गरिएको छ । यी पात्रमध्ये नलिनीले कथामा सशक्त कार्यव्यापार सम्पन्न गरेकी हुँदा ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो । त्यसैले नलिनीको चरित्र विश्लेषण तल उल्लेख गरिएको छ ।

**नलिनी**

नलिनी **ओझेल परेका प्रेमका किरणहरू** कथाकी प्रमुख नारी पात्र हो । कथाको सम्पूर्ण घटनावृत्त यसैमा सन्निहित भएको हुँदा ऊ यस कथाकी प्रमुख नायिका हो ।

नलिनी असत् चरित्र भएकी नारी हो । उसले आफू सुन्दरी भएकोमा सुन्दरताको घमण्ड गर्दछे र आफू बाहेक अरु स्वास्नीमान्छेलाई राम्रो मान्दिन । त्यसैगरी कैयौं केटाहरूले प्रेम पत्र पठाउँदा पनि उसले स्वीकार गर्दिन । अन्त्यमा आफ्नै कक्षाको साथी समिरको व्यक्तित्वसँग आकर्षित हुन्छे तर समिरले सुन्दरी स्वास्नीमान्छे घमण्डको पहाड झैं लाग्छ भन्दै उसको प्रेम अस्वीकार गरेपछि बल्ल उसको घमण्ड तोडिएको छ ।

नलिनी वर्गगत नारी पात्र हो । उसले सुन्दरी युवतीहरूको प्रतिनिधित्व गरेकी छ । वास्तवमा सुन्दरी युवतीहरूमा नलिनीमा जस्तै घमण्डी स्वभाव रहेको हुन्छ । उनीहरूले आफ्नो सुन्दरतालाई नै सर्वस्व सम्झन्छन् ।

नलिनी प्रस्तुत कथाकी गतिशील पात्र हो । उसले केटाहरूले पठाएका प्रेम पत्रलाई कामुकता र लोलुपताको गन्ध पाउँछु भनेर अस्वीकार गर्दछे । ऊ आफ्नो सौन्दर्यप्रति घमण्ड गर्दछे । एक दिन आफ्नै साथी समिरको कुराले उसको सुन्दरतामा धक्का लागेपछि बल्ल जीन्दगीको व्यवहारिक अर्थलाई एकै झट्कामा स्वीकार गर्दछे र

आफ्नो रूपको मूल्यहीनता थाहा पाउँछे । त्यसैले ऊ गतिशील नारी पात्र हो भन्न सकिन्छ ।

नलिनीको बहिर्मुखी स्वभाव देखिएको छ । उसले क्याम्पसमा घटेका घटना दिनहुँ आफ्नी साथी रीमालाई भन्ने गर्दछे । नलिनीले केटाहरूले पठाएका प्रेम प्रस्ताव सबै रीमाका अगाडि नै पढ्ने गर्दछे । आफ्ना जीवनमा घटेका सम्पूर्ण घटना व्यक्त गर्ने भएकोले ऊ बहिर्मुखी चरित्र भएकी नारी पात्र हो ।

नलिनी **ओभ्रेल परेका प्रेमका किरणहरू** कथाकी बद्ध पात्र हो । कथाको आरम्भदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिकामा रहेको हुँदा र यस पात्रको अभावमा कथा भताभुङ्ग हुने हुँदा ऊ यस कथाकी बद्ध पात्र हो ।

नलिनीको प्रस्तुत कथामा नेपथ्य भूमिका रहेको छ । नलिनीकी साथी रीमा मञ्चमा उपस्थित भई उसको जीवमा देखिएका आरोह अवरोहलाई व्यक्त गरेकी छ ।

### ७.१.३ अध्यारो फाटेपछि कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**अध्यारो फाटेपछि** कथा भागीरथी श्रेष्ठको 'भूमिगत' सङ्ग्रहभित्रको चौथो नम्बरको कथा हो । यस कथाको कथानकलाई अगाडि बढाउनको लागि एक मात्र नारी पात्र रूपाको प्रयोग गरिएको छ । कथानक यसैको जीवनवृत्तमा घुमेकाले ऊ नै यस कथाकी प्रमुख पात्र हो । त्यसैले यहाँ रूपाको चरित्र विश्लेषण गरिएको छ ।

**रूपा**

रूपा **अध्यारो फाटेपछि** कथाकी केन्द्रीय नारी पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म घटित समग्र घटनाहरूको नालीवेली लगाउने काम उसैको उपस्थितिमा भएको छ । त्यसैले यो कथाकी प्रमुख नायिका रूपा हो ।

रूपा प्रस्तुत कथाकी प्रतिकूल नारी पात्र हो । ऊ आफ्नो सुन्दरतामा घमण्ड गर्दछे र श्रीमान्को विपन्नतालाई घृणा गर्दछे । ऊ घमण्डी र परपीडक नारी हो । श्रीमान्ले माया गर्दा गर्दै सम्पत्तिको लोभमा उच्चवर्गको राकेशसँग विवाह गरेकी हुँदा ऊ नकारात्मक चरित्र भएकी प्रतिकूल पात्र हो ।

असत् चरित्र भएकी रूपा व्यक्तिगत नारी पात्र हो । उसको महत्वाकांक्षी स्वभाव र सुन्दरी हुनुको गर्वले आफ्नो लोग्नेको जीवनलाई दुखान्तको चरम मोडमा पुऱ्याइदिएकी छ । आफू निम्न वर्गकी नारी भएर पनि उच्च वर्गीय रवाफ देखाउन खोज्नु र उच्चवर्गीय पुरुषको सामिप्यता चाहनु उसका वैयक्तिक चरित्र हुन् । कुनै पनि महिलाले आफ्नो लोग्नेलाई घृणा गरेर भौतिक सम्पत्तिको लोभमा परपुरुषसँग विहे गर्न चाहदैनन् । त्यसैले रूपा यस कथामा वैयक्तिक चरित्रका रूपमा प्रस्तुत भएकी छ ।

रूपाको यस कथामा गतिशील चरित्र रहेको छ । गरिबीको अभिशापबाट र एउटा गरिब पतिको पत्नी हुनबाट मुक्त हुनको लागि उसले उच्चवर्गको राकेशसँग विवाह गर्दछे । विवाह गरेको केही महिनामा नै राकेशका थुप्रै प्रेमिका र विवाहित पत्नी पनि भएको थाहा पाएपछि पहिलेको लोग्नेको इमान्दारी सम्झेर पछुताउँछे । यसरी उसको व्यवहार र सोचाइ छिटो छिटो परिवर्तन भएको हुँदा ऊ गतिशील पात्र हो ।

रूपा बहिर्मुखी र अन्तर्मुखी दुवै चरित्र भएकी पात्र हो । उसले आफ्ना इच्छा र चाहना सबै लोग्नेलाई भन्ने गर्थी । उसले आफ्नो गरिबीको वास्ता नगरी उच्चवर्गका महिला अनुसार हिड्न चाहेको कुरा लोग्नेलाई व्यक्त गर्दथी । यसरी उसको बहिर्मुखी चरित्र देखिन्छ । त्यसैगरी राकेशसँग विवाह गरेपछि उसको अमानवीय व्यवहारले गर्दा उसँग खुलेर कुरा गर्न डराउँछे । अन्त्यमा किशोरलाई सम्झिएर छट्पटाउँदै बस्नुले उसको अन्तर्मुखी स्वभावलाई चित्रित गर्दछ ।

रूपा प्रस्तुत कथाकी बद्ध पात्र हो । यसैलाई केन्द्रविन्दुमा राखेर कथा निर्माण गरिएकाले र उसको उपस्थिति विना कथाको संरचना नै पूर्ण नहुने हँदा ऊ यस कथाकी बद्ध पात्र हो ।

यस कथामा रूपाको मञ्चीय भूमिका रहेको छ । ऊ स्वयम् मञ्चमा उपस्थित भई प्रत्यक्ष रूपमा यस कथाको कथानकसँग आबद्ध भएर आफ्नो महत्त्वपूर्ण कार्यगत भूमिका निर्वाह गरेकीले ऊ मञ्चीय पात्र हो ।

### ७.१.४ पूर्णविराम कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**पूर्णविराम** कथा कथाकार भागीरथी श्रेष्ठद्वारा रचित 'भूमिगत' कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमध्येको एक कथा हो । यस कथामा श्रद्धा, श्रद्धाकी सासू र रुक्मणी जस्ता नारी पात्रको प्रयोग गरिएको छ । यी पात्र मध्ये श्रद्धाले समग्र कथावस्तुमाथि प्रभाव जमाएकीले ऊ यस कथाकी प्रमुख नारी पात्र हो । त्यसैले उसको चरित्रलाई तल उल्लेख गरिएको छ ।

**श्रद्धा**

श्रद्धा यस कथाकी प्रमुख नारी पात्र हो । ऊ कथाको सुरुदेखि अन्त्यसम्म उपस्थित भएकी छ र कथाका सम्पूर्ण घटना उसमै केन्द्रित भएर अगाडि बढेका छन् ।

श्रद्धा प्रस्तुत कथाकी अनुकूल पात्र हो । विवाह भएकै दिनदेखि लोग्नेको आमाप्रतिको झुकाव र आफूप्रतिको वितृष्णाले गर्दा ऊ मानसिक यातना सहेर बसेकी छ । आमा-छोराको त्यो अस्वस्थ प्रेमप्रतिको विरोध बाहिर देखाएकी छैन । त्यसैले ऊ सत् पात्र हो ।

श्रद्धा प्रस्तुत कथाकी वर्गगत पात्र हो, किनभने अझैँ पनि हाम्रो समाजमा महिलाहरूले सासू र लोग्नेको मानसिक यातना भोग्नुपरेको छ । यौवन अवस्थामा विधवा भएकी सासूले छोरालाई आफ्नै अधिनमा राखेर बुहारीको जीवन ध्वस्त बनाइदिएकी छ । यसरी सासू र लोग्नेको अस्वस्थ प्रेमबाट घाइते बन्न पुगेकी श्रद्धा वर्गगत नारी पात्र हो ।

श्रद्धाको यस कथामा गतिशील स्वभाव देखिन्छ । कथानकको सुरुमा ऊ लोग्ने र सासूको अत्याधिक प्रेमप्रति तटस्थ भएर बसेकी छ र कथानकको अन्त्यतिर लोग्नेले आमालाई नै सर्वस्व ठानेर आफूलाई वास्ता नगरेपछि ऊ त्यो घर छोडेर हिडेकी छ । त्यसैले ऊ गतिशील पात्र हो ।

यस कथामा श्रद्धाको अन्तर्मुखी र बहिर्मुखी दुवै चरित्र देखिन्छ । ऊ लोग्ने र सासूको नकारात्मक व्यवहारले पिरोलिएकी छ आफ्नो त्यो पीडा कलेजको घनिष्ठ साथी राजनसँग भेट हुँदा पनि व्यक्त गर्दिन बरु उसको अगाडि आफ्नो पीडालाई आँशु

बनाएर बगाईदिन्छे । त्यसैले यसलाई उसको अन्तर्मुखी चरित्र मान्न सकिन्छ । त्यसैगरी कथानकको अन्त्यमा उसले आफूभित्र दबाएर राखेका असन्तुष्टि लोग्ने र सासूको अगाडि खन्याइदिन्छे र घर छोडेर निस्कन्छे । यसरी उसमा बहिर्मुखी चरित्र पनि देखिन्छ ।

श्रद्धा प्रस्तुत कथाकी बद्ध पात्र हो । यस कथाको कथानक यसैको जीवनवृत्तमा घुमेकाले र आदिदेखि अन्त्यसम्मका सम्पूर्ण कथानक यसैसँग आबद्ध भएकाले ऊ कथाबाट अलग गर्न नमिल्ने बद्ध पात्र हो ।

श्रद्धाको यस कथामा नेपथ्य भूमिका रहेको छ । कथयिता मञ्चमा उपस्थित भई श्रद्धाको जीवनमा देखिएका आरोह-अवरोहलाई प्रस्तुत गरेका छन् ।

### ७.१.५ चाँदीको करुवा कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**चाँदीको करुवा** कथा भागीरथी श्रेष्ठको पाँचौं कथा सङ्ग्रह 'भूमिगत' मा सङ्कलन गरिएका एक्काइस कथामध्येको पन्ध्रौं नम्बरको कथा हो । यस कथामा कथानकीय घटनाको विकासमा सक्रिय रहेका नारी पात्रहरू दीपा र दीपाकी आमाजू हुन् । यी पात्रमध्ये कथालाई सही गति प्रदान गर्नको लागि दीपाको महत्त्वपूर्ण योगदान रहेको छ । त्यसैले दीपा यस कथाकी प्रमुख नारी पात्र हो र यहाँ उसकै चरित्र विश्लेषण प्रस्तुत गरिन्छ ।

#### दीपा

दीपा **चाँदीको करुवा** कथाकी प्रमुख नारी पात्र हो । सम्पूर्ण कथानक दीपालाई केन्द्र बनाएर अगाडि बढेको छ र सम्पूर्ण घटना उसैसँग सम्बन्धित छन् । त्यसैले दीपा यस कथाकी प्रमुख नायिका हो ।

दीपाको प्रस्तुत कथामा असत् चरित्र देखिन्छ । आफ्नो गाउँ सर्लाहीमा बाढी आएको खबर सुन्दा उसले सासू-ससुरा भन्दा पहिले विहेको दाइजो चाँदीको करुवा सम्झन्छे । उसको मन एक छिन सासू-ससुराप्रति आत्मीय भए पनि पुनः चाँदीको करुवाको मोहमा आद्र अुन्छ । यसरी मानवीय मोहभन्दा भौतिक सम्पत्तिको मोह महत्त्वपूर्ण मान्ने दीपा असत् चरित्र भएकी नारी हो ।

दीपा यस कथाकी वैयक्तिक पात्र हो, किनभने उसको मन कठोर रहेको छ । महिलाको मन कोमल ह्दयको हुन्छ त्यसमा पनि घरमा बाढी आएर सासू-ससुराको स्थिति अवगत नहुँदा भौतिक सम्पत्तिको मोहमा कुनै पनि नारी पिरोलिन सक्दैनन् । उनीहरूमा मानवता रहेको हुन्छ । त्यसैले विहेको दाइजो एउटा करुवालाई सर्वस्व ठान्ने दीपा व्यक्तिगत नारी पात्र हो ।

प्रस्तुत कथाकी दीपा गतिशील पात्र हो । कथाको सुरुमा चाँदीकै करुवा सम्भ्मेर बस्नुले उसको स्थिर स्वभाव देखिन्छ तर आमाजूको दुलहा बुवा आमाको स्थिति बुभ्मेर आउँदा करुवा पनि ल्याइदिएपछि बल्ल उसको मन सासू-ससुराप्रति केन्द्रित हुन्छ त्यसैले ऊ गतिशील पात्र हो ।

दीपा प्रस्तुत कथाकी अन्तर्मुखी नारी पात्र हो । ऊ सासू-ससुराको माया भन्दा पनि चाँदीको करुवाले छट्पटिएको कुरा कसैलाई भन्दिन । ऊ भित्र भित्र त्यहीँ करुवा सम्भ्मेर जल्दछे । ऊ आफ्नो मनको कलुषित भावना अमाजू, लोग्ने र अरुहरूले चाल पाए के भन्लान् भन्ने  द्वन्द्वमा रहेकी छ । त्यसैले ऊ अन्तर्मुखी पात्र हो ।

दीपा प्रस्तुत कथाकी बद्ध पात्र हो । यस पात्रको अभावमा कथा भताभुङ्ग हुने हुँदा र यस कथामा दीपाले सशक्त भूमिका निर्वाह गरेकीले ऊ यस कथाकी बद्ध पात्र हो ।

दीपा **चाँदीको करुवा** कथाकी मञ्चीय पात्र हो । ऊ मञ्चमा स्वयं उपस्थित भई कथाको सुरुदेखि अन्त्यसम्म घटित समग्र घटनाहरूको बेलिविस्तार लगाएकी छ ।

### ७.१.६ भूमिगत कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**भूमिगत** भागीरथी श्रेष्ठको 'भूमिगत' कथा सङ्ग्रहमा सङ्कलित कथामध्येकै एक उत्कृष्ट कथा हो । यस कथामा देखिएका नारी पात्रहरू पारु, लक्ष्य शर्माकी श्रीमती र छोरी हुन् । यी पात्रमध्ये पारु नै यस कथाकी मूल पात्र हो । त्यसैले यहाँ उसको चरित्र विश्लेषण गरिएको छ ।

**पारु**

पारु **भूमिगत** कथाकी प्रमुख नारी पात्र हो । कथाको मूल मर्मलाई सार्थक तुल्याउन पारुको महत्त्वपूर्ण योगदान रहेको छ । आदिदेखि अन्त्यसम्मका सम्पूर्ण कथानक पारुको जीवनमा आएको घटनामा केन्द्रित छन् । त्यसैले पारु **भूमिगत** कथाकी प्रमुख नायिका हो ।

प्रस्तुत कथाकी नायिका अनकूल नारी पात्र हो । लक्ष्य शर्मा (मन्त्री) भूमिगत रहेको बेला ईश्वरलाई भन्दा बढ्ता मान्ने, प्रेम गर्ने र आफूले नखाएर पनि मध्यरातमा उठेर घरमा भएको खानेकुरा पकाएर खुवाउने, आफ्ना कानका टप बेचेर बाटा खर्च दिने जस्ता कार्य गरेकीले ऊ सहयोगी  र त्यागकी प्रतिमूर्ति हो । त्यसैले उसले आफ्नो यौवन, प्रेम र सारा जीवन सुम्पेर लक्ष्य शर्मालाई भूमिगत समयमा बचाएकी छ । यसरी कथाको आदिदेखि अन्त्यसम्म अनकूल प्रवृत्ति अँगालेकी यो कथाकी अनुकूल पात्र हो ।

पारु निम्नवर्गीय  नारी पात्रका साथै सर्वसाधारण नेपालीहरूको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र पनि हो । पारु बालविधवा भएर आजीवन कष्टमय जीवन विताएकी, घरको सम्पत्तीबाट ठगिएकी, गाउँलेहरूबाट तिरष्कृत गरिब युवती हो । उसले आफ्नो सर्वस्व दिएर लक्ष्य शर्मालाई मन्त्रीसम्म पुग्न  सहयोग गरेकी थिई तर मन्त्री भएपछि उसले पारुको वास्ता गर्दैन । त्यसैले यस कथामा पारुले रानीतिकर्मीहरूद्वारा ठगिने नेपाली जनताको, नेपालका असङ्ख्य असहाय दिदी बहिनीहरूको, सर्वसाधारण नेपाली जनताको प्रतिनिधित्व गरेकी छ । त्यसैले पारु यस कथाकी वर्गगत नारी पात्र हो ।

पारु प्रस्तुत कथाकी स्थिर पात्र हो । भूमिगत रानीतिक कालमा दिलोज्यानले सहयोग गरेकी गरिब पारु पाल्पाको अर्घलीदेखि काठमाडौँ आई मन्त्री भइसकेका लक्ष्य शर्मालाई भेट्न निकै ठूलो सपना र आशा बोकेर मन्त्री निवास पुगेकी थिइ तर मन्त्रीले भेट नगरेपछि ऊ निराश भई पुनः गाउँ फर्किने निर्णय गरी किनभने उसका लागि केही पनि परिवर्तन भएको छैन । ऊ पुनः उही गरिबीको यथास्थितिमा पुग्न बाध्य भएकी छ । त्यसैले पारु यस कथाकी स्थिर पात्र हो ।

पारु प्रस्तुत कथाकी बहिर्मुखी नारी पात्र हो । उसले आफ्ना जीवनमा घटेका सम्पूर्ण घटना लक्ष्य शर्मालाई व्यक्त गर्दथीं । उसले आफ्नो मन र तन लक्ष्य शर्मालाई नै समर्पित गरेकी थिई । त्यसैले ऊ बहिर्मुखी नारी पात्रका रूपमा खडा भएकी छ ।

पारु **भूमिगत** कथाकी बद्ध पात्र हो । कथानक पारुलाई नै केन्द्र बनाएर अगाडि बढेको छ । सम्पूर्ण कथानकलाई गतिशील तुल्याउन र कथाको मूल उद्देश्य पाठक सामु प्रक्षेपण गर्न अहम् भूमिका निर्वाह गरेकी हुँदा पारु यस कथाकी बद्ध पात्र हो ।

पारु यस कथाकी नेपथ्य पात्र हो । कथयिताले पारुको नामोच्चारण गरेर कथानकलाई अगाडि बढाएका छन् । यहाँ कथयिताको मञ्चमा उपस्थिति देखिन्छ भने पारुको नेपथ्य उपस्थिति रहेको छ ।

### ७.१.७ दूरी कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**दूरी** कथाकार श्रेष्ठको 'भूमिगत' कथा कृतिभित्र सङ्कलित एक कथा हो । यस कथामा कथानकलाई सही गन्तव्यमा पुऱ्याउन एक मात्र नारी पात्र पद्माको प्रयोग गरिएको छ । कथानक उसकै केन्द्रीयतामा अगाडि बढेको हुँदा ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो । त्यसैले यहाँ पद्माको चरित्र चित्रण प्रस्तुत गरिन्छ ।

**पद्मा**

पद्मा **दूरी** कथाकी प्रमुख नारी पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म सशक्त भूमिकामा देखिएकी हुनाले यो पात्रको अभावमा कथा नै अपाङ्ग हुन पुग्दछ । त्यसैले पद्मा प्रस्तुत कथाकी प्रमुख नायिका हो ।

पद्मा प्रस्तुत कथाकी सत् पात्र हो । अमेरिकामा तिन वर्षका लागि पीएच.डि. गर्न गएको लोग्नेले उतै विदेशीसँग विहे गरेर घरजम गरेपछि पद्मामा कुनै पनि निराशका रेखाहरू कोरीएनन् । ऊ आत्मबल र आत्मविश्वास भएकी नारी हो । लोग्नेले छोडे पनि अगाडिको जीवनलाई सुखसाथ बिताउने थुप्रै आधारहरू उसले देखेकी थिई । लोग्नेले छोडेपछि आफ्नै अफिसको हाकिम (पत्नि पिडित) सँग विवाह गरी । यसरी कथानकमा कतै पनि उसको प्रतिकूल चरित्र देखिएको छैन । त्यसैले ऊ यस कथाकी सत् पात्र हो ।

पद्मा प्रस्तुत कथाकी उच्च वर्गीय वर्गगत  नारी पात्र हो । लोग्ने पीएच.डि. गर्नका लागि अमेरिका जानु, आफूले अधिकृतको जागिर खानु, आफ्नै कार हुनु, छोरीलाई बोर्डस गरेर पढाउनु जस्ता कुराको कथामा वर्णन गरिएकोले ऊ यस कथामा नेपाली समाजको उच्च एवम् सम्भ्रान्त वर्गकी नारी हो भन्न सकिन्छ । उसले शिक्षित नारीहरूको प्रतिनिधित्व गरेकी छ । लोग्नेले विदेशी केटीसँग विवाह गरेपनि ऊ हतोत्साहित भएकी छैन । लोग्नेले आफ्नै रुचिको बाटोमा हिड्न मञ्जुर गऱ्यो भने म पनि आफ्नै रुचिको बाटोमा हिड्न सक्छु भन्ने उसको उदार हृदय थियो । यसरी शिक्षित नारीहरू ठूलो-सानो घटनाले विचलित हुँदैनन् भन्ने कुरा पद्माको जीवनबाट थाहा पाउन सकिन्छ । त्यसैले ऊ शिक्षित महिलाकी प्रतिनिधि पात्र हो ।

पद्माको यस कथामा गतिशील चरित्र देखिन्छ । लोग्नेले विदेशी केटीसँग विवाह गरेपछि उसले पनि त्यो नश्वर जीवनलाई जुनसुकै कोणबाट सम्पन्न, समृद्ध र ऐश्वर्यशाली बनाउनु पर्छ भन्ने सोची आफ्नै अफिसको हाकिमसँग विवाह गरी । उसले लोग्नेको सम्झनामा तड्पएिर जीवन खेर फालिन । त्यसैले ऊ यस कथाकी गतिशील नारी पात्र हो ।

पद्माको चरित्रलाई हेर्दा उसमा अन्तर्मुखी र बहिर्मुखी दुवै स्वभाव देखिएको छ । लोग्नेले अर्को विवाह गरेपछि उसमा मार्मिक आघात हुनु स्वभाविकै थियो तर उसले आफूलाई पीडा र दुःखको खाँबोमा बलिदान दिन चाहिन । त्यसैले आफ्नो पीडा अरुलाई व्यक्त गरेर सहानुभूतिको राप पाउँन चाहिन । यही कारणले गर्दा उसको अन्तर्मुखी स्वभाव देखिन्छ । त्यसैगरी कथामा उसको बहिर्मुखी चारित्र पनि देखिएको छ । एकदिन आफ्नै अफिसको हाकिमसँग उसैले आफूभित्र गुम्सिएर रहेको पीडाको शिलास्तम्भ पल्टाएर आफ्ना इच्छा  र चाहना हाकिमसँग व्यक्त गर्दछे । त्यसैगरी उसले हाकिमसँग विवाह गरेपछि उसलाई व्यक्त गर्न नसक्ने कुरा कलेजको साथी प्रकाशसँग व्यक्त गर्दछे । यसरी पद्मामा अन्तर्मुखी र बहिर्मुखी दुवै स्वरूप देखिएको छ ।

पद्मा प्रस्तुत कथाकी बद्ध पात्र हो । कथानकलाई जीवन्त तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी हुँदा र सम्पूर्ण कथानक उसैलाई केन्द्र बनाई अगाडि बढेकाले ऊ यस कथाबाट अलग गर्न नमिल्ने बद्ध पात्र हो ।

पद्माको यस कथामा मञ्चीय भूमिका रहेको छ । आदिदेखि अन्त्यसम्म सम्पूर्ण कथानकलाई डोहोर्‍याउने काम पद्माको उपस्थितिमा भएको छ । त्यसैले ऊ यस कथाकी मञ्चीय नारी पात्र हो ।

### ७.१.८ निष्कर्ष

यसरी कथाकार भागीरथी श्रेष्ठको 'भूमिगत' कथा सङ्ग्रहमा सङ्कलन गरिएका एक्काइसवटा कथामध्ये नारी पात्रको प्रमुख भूमिका रहेका उल्लिखित सातवटा कथाका नारी पात्रको चरित्र चित्रण गरिएको छ । उल्लिखित कथामा देखा परेका प्रमुख नारीहरूमा राजनीति-प्रभावित, हृदयसँग सम्बन्धित, मान्छेको सामाजिक र मानसिक अवस्थाले सिर्जित घटना-दुर्घटनाहरूको विभिन्न आकार प्रकार देख्न सकिन्छ । यी कथाहरूमा नेपाली समाजमा देखिएका निम्न वर्ग र उच्च वर्गको जालोलाई विभिन्न नारी पात्रको माध्यमबाट उजागर गरिएको छ । त्यसैगरी यस सङ्ग्रहका कथामा खडा भएका प्रमुख  नारी पात्रहरूको परिवर्तन कथाका अन्तातिर झड्काका रूपमा आएको छ । बेटीमाया र पारुको कथामा स्थिर स्वभाव रहेको छ  भने अन्य  नारी पात्रको गतिशील स्वभाव देखिन्छ । यसैगरी **पूर्णविराम** कथाकी श्रद्धा, **भूमिगत**की पारु, **दूरी**की पद्माको कथामा अनुकूल चरित्र देखिन्छ भने अन्य कथाका प्रमुख  नारी पात्रको प्रतिकूल चरित्र रहेको छ । बेटीमाया, रूपा, दीपा जस्ता  नारी पात्रले वैयक्तिक र नलिनी, श्रद्धा, पारु, पद्मा जस्ता  नारी पात्रले वर्गगत भूमिका निर्वाह गरेका छन् । बेटीमाया, दीपा, अन्तर्मुखी  पात्र हुन् भने  नलिनी र पारु बहिर्मुखी नारी पात्र हुन् । त्यसैगरी रूपा, श्रद्धा, पद्मा जस्ता नारी पात्रको अन्तर्मुखी र बहिर्मुखी दुवै चरित्र देखिन्छ । उल्लिखित कथामा आएका सम्पूर्ण  नारी पात्रहरू कथानकसँग आवद्ध भएकाले उनीहरू बद्ध पात्र हुन् । **अध्यारो फाटेपछि** कथाकी रूपा **चाँदीको करुवा** कथाकी दीपा, **दूरी** कथाकी पद्माको कथामा प्रत्यक्ष उपस्थिति भएकाले उनीहरू मञ्चीय पात्र हुन् भने अन्य

कथामा आएका नारी पात्रको नेपथ्य भूमिका रहेको हुँदा उनीहरू नेपथ्य पात्र हुन् । उल्लिखित कथामा प्रयोग गरिएका प्रमुख नारी पात्रमध्ये नलिनी, श्रद्धा, दीपा, पद्मा शिक्षित नारी हुन् भने अन्य  नारी पात्रहरू अशिक्षित रहेका छन् । यसरी उल्लिखित कथामा प्रयोग गरिएका नारी पात्रहरू नेपाली समाजबाट टपक्क टिपेर ल्याए जस्ता देखिन्छन् ।

# आठौँ परिच्छेद

# रातो गुलाफमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण

## ८.१ विषय परिचय

'रातो गुलाफ' कथाकार भागीरथी श्रेष्ठको प्रकाशित कथा सङ्ग्रहमध्येको अन्तिम तथा छैटौँ कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्कलित भागीरथीका सत्रवटा कथाहरू सङ्कलित रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित कथाहरू यस प्रकार छन् : **उज्यालाको पर्खाल, पीडा विनिमय, च्यातिएको नोट, खेल, आफ्नै धरातल, विप्लव, आगो र पानी, रातो गलैचा, आसक्ति, अग्रहण, साक्षीको बयान, उद्धाम लहर, पन्छी, दोस्रो बाटो, रातो गुलाफ, निवस्त्र, नयाँ छोरी ।** यस सङ्ग्रहमा रहेका उल्लिखित कथाहरूमा धेरै पात्रको प्रयोग नगरी, धेरै घटनाको घुम्तिमा पाठकलाई नघुमाई सरल ढङ्गबाट चरित्रलाई प्रस्तुत गरिएको छ । यस कथा सङ्ग्रह भित्र सङ्कलित कथालाई सार्थक तुल्याउनका लागि विभिन्न पात्रहरूको प्रयोग भएको छ । उल्लिखित कथाहरूमध्ये केही कथामा नारी पात्र प्रमुख भएर देखा परेका छन् भने केही कथामा नारी पात्रले सहायक र गौण भूमिका निभाएका छन् । यी कथाहरूमध्ये आठवटा कथामा नारी पात्र प्रमुख भएर कथामा उभिएका छन् भने अन्य नौवटा कथामा नारी पात्रको उपस्थिति देखिए तापनि तिनीहरूको खासै भूमिका रहेको देखिदैन । त्यसैले यहाँ निम्न कथामा प्रयोग गरिएका प्रमुख नारी पात्रको अध्ययन गरिन्छ-**उज्यालाको पर्खाल** कथाकी म पात्र (बुढी आमा), **पीडा विनिमय**की रक्षा **च्यातिएको नोट**की अनु, **खेल**की भवानी, **आगो र पानी**की यशोदा, **पन्छी**की अनु, **दोस्रो बाटो**की म पात्र, **रातो गुलाफ**की श्रद्धा ।

### ८.१.१ उज्यालाको पर्खाल कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**उज्यालाको पर्खाल** भागीरथी श्रेष्ठको प्रकाशित सङ्ग्रहमध्येको अन्तिम सङ्ग्रह 'रातो गुलाफ' भित्रको पहिलो कथा हो । यस कथामा सीमित पात्रको प्रयोग गरिएको छ जसमा प्रमुख नारी पात्रको रूपमा म पात्र (बुढी आमा) रहेकी छन् । यस कथामा

म पात्रकै प्रमुख भूमिका रहेको छ र सम्पूर्ण घटनावृत्त म पात्रमै केन्द्रित रहेको छ । त्यसैले यहाँ म पात्रको चरित्र विश्लेषण प्रस्तुत गरिएको छ ।

**म**

म **उज्यालाको पर्खाल** कथामा प्रयुक्त नारी पात्र हुन् । कथाकारले आफ्नो मुखपात्रको रूपमा म पात्रलाई अघि सारी सम्पूर्ण कुराहरू सर्वज्ञाता बनी उनी मार्फत प्रस्तुत गरेकी छन् । त्यसैले प्रस्तुत कथाकी प्रमुख नायिका म पात्र हुन् ।

म प्रस्तुत कथाकी अनुकूल पात्र हुन् । म पात्र (विधवा बूढी आमा) घरमा सबैको घृणा र अपमानको पात्र बनेकी छन् । उनलाई छोरा-बुहारी, नाती-नातीनाहरूले उपेक्षा गरे पनि उनले सधैँ उनीहरूलाई माया र सद्भाव राख्दछिन् । एकदिन दवाई गर्न लाने भनि झुक्काएर छोरा-बुहारीले मूर्खतापूर्वक बृद्धाश्रममा लगेर छोडेका छन् । उनले छोराबुहारीको विरोध नगरी त्यही एक उज्यालो प्रकाश देख्न थाल्दछिन् । उपेक्षा र घृणाको प्रहार खपेर घरमा बस्नु भन्दा त्यही आश्रमको थलो नै स्वर्ग जस्तै मानेकीले म पात्र यस कथाकी सत् पात्र हुन् ।

म प्रस्तुत कथाकी वर्गीय नारी पात्र हुन् । उनले सयौं बृद्ध महिलाहरूले भोग्ने दुःखदायी छायाँको प्रतिनिधित्व गरेकी छन् । हाम्रो सामाजमा म पात्र जस्ता बृद्धहरूलाई छोराबुहारीहरूले आफ्नो भविष्य नसोची घृणा गर्दछन् । उनीहरूले बृद्धाहरूलाई बोझ सम्झि बृद्धाश्रममा लगेर छोड्दछन् । त्यसैले म असहाय, अनाथ, विभिन्न व्यथा कथा बोकेका बृद्धा आमाहरूकी प्रतिनिधि पात्र हुन् ।

म पात्रको कथामा स्थिर चरित्र देखिन्छ । उनले घरमा छोरा बुहारीले नराम्रो व्यवहार गर्दा पनि कुनै प्रतिक्रिया देखाएकी छैनन् । छोराले सहरको अस्पतालमा औषधि गर्न लैजान्छु भनी झुक्काएर बृद्धाश्रम लगेर छोड्दछ । आफूलाई बृद्धाश्रममा छोडेको थाहा पाएपछि बृद्ध एक छिन रुन्छिन् । त्यसपछि आश्रमको इन्चार्ज युवकको कुरा सुनी त्यही रमाउँदै बस्न थाल्दछिन् । त्यसैले उनी यस कथाकी स्थिर पात्र हुन् ।

प्रस्तुत कथाकी म पात्र अन्तर्मुखी स्वभावकी छन् । उनी छोरा बुहारीको व्यवहारले गर्दा अन्तर्मुखी बन्न पुगेकी हुन् । उनले कहिलेकाहीँ आफ्नो तृष्णा छोरासँग

पोख्दा छोराले नमिठो जवाफ फर्काउँछ । त्यसपछि उनले आफ्नो दुःख सुख कसैलाई नभनी मनमा नै थन्काएर राख्छिन् । त्यसैले उनको स्वभाव अन्तर्मुखी देखिन्छ ।

म **उज्यालोको पर्खाल** कथाकी बद्ध पात्र हुन् । कथाको सम्पूर्ण घटनावृत्त उनैमा सन्निहित भएको छ र आदिदेखि अन्त्यसम्मका सम्पूर्ण घटना उनलाई नै केन्द्रविन्दु मानेर अगाडि बढेका छन् ।

यस कथामा म पात्रको मञ्चीय भूमिका रहेको छ । उनी स्वयम् मञ्चमा उपस्थित भई आफ्नो महत्त्वपूर्ण  कार्यगत भूमिका निर्वाह गरेकी छन् ।

### ८.१.२ पीडा विनिमय कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**पीडा विनिमय** कथाकार भागीरथी श्रेष्ठको कथा कृति 'रातो गुलाफ' भित्र सङ्कलित एक कथा हो । यस कथामा रक्षा र जापनिज केटी जस्ता दुई नारी पात्रको प्रयोग गरिएको छ । यी नारी पात्रमध्ये रक्षाको जीवनमा देखिएका उतारचढावलाई कथामा प्रस्तुत गरिएकोले रक्षा प्रस्तुत कथाकी मुख्य नारी पात्र हो । त्यसैले रक्षाको चरित्र चित्रणको यहाँ चर्चा गरिन्छ ।

**रक्षा**

रक्षा **पीडा विनिमय** कथाकी केन्द्रीय नारी पात्र हो । यसैलाई केन्द्रविन्दुमा राखेर कथाको निर्माण गरिएकोले रक्षा यस कथाकी प्रमुख नायिका हो ।

रक्षा प्रस्तुत कथाकी सत् पात्र हो । जापानमा काम गर्दागर्दै नेपालमा फर्केको एक जना युवकसँग रक्षाको विवाह भयो । नेपालबाट विवाह गरेर जापान गएकी रक्षाले श्रीमान्ले जापानमा स्थानीय नारीसँग अघि नै विवाह गरेको र छोरासमेत भइसकेको थाहा पाउँछे । श्रीमान्ले आफ्नो जीवनमाथि खेलवाड गरेको थाहा पाउँदा पनि उसले कुनै वादविवाद गर्दिन । तिन महिनापछि नेपाल आएर उसले श्रीमान्लाई कुनै घृणा नगरी तिम्रो एक पैसा पनि चाहिँदैन मलाई तिम्रो जीवनबाट मुक्ति गरिदेउ भनेर सम्बन्धविच्छेद गर्दछे । यसरी आफ्नो जीवनमा यति ठूलो घात हुँदा पनि उसमा नकारात्मक व्यवहार नदेखिएकाले रक्षा सत् पात्र हो ।

रक्षा उच्च वर्गीय नारी पात्र हो । स्तर मिल्ने खान्दानी, प्रशस्त भौतिक सम्पत्ति भएको इन्जिनियर केटासँग रक्षाको धुमधामसँग विवाह भएको कुरा कथामा वर्णन गरिएकोले ऊ नेपाली समाजको उच्च एवम् सम्भ्रान्त वर्गकी नारी हो भन्न सकिन्छ । रक्षा वर्गीय नारी पात्र हो । हाम्रो समाजमा विवाह जस्तो संवेदनशील कुरालाई पनि सजिलै लिने गरेको पाइन्छ । केटाको व्यक्तित्व भन्दा पनि भौतिक सम्पत्ति हेरेर विवाह गर्दा रक्षा जस्तै कैयौँ नारीहरूले बहुविवाहको र पुरुष अत्याचारको सामना गर्नु परेको छ । यसरी रक्षाले विवाह गर्दा झुक्किएका र ठगिएका नारीहरूको प्रतिनिधित्व गरेकी छ ।

कार्यकुशलताका आधारमा हेर्दा रक्षा गतिशील पात्र हो । विवाह गरेर लोग्नेसँग जापान पुगेकी रक्षाले लोग्नेले नै स्थानीय नारीसँग अघि नै विवाह गरेको कुरा थाहा पाउँछे र नेपाल फर्केपछि लोग्नेसँग सम्बन्धविच्छेद गर्दछे । यसरी लोग्नेसँग सम्बन्धविच्छेद गरेर बसेकी रक्षाले पुनः अर्को केटा सुदीपसँग विवाह गर्दछे । यसरी विभिन्न घटनाले गर्दा आफ्ना सिद्धान्त र आचरण परिवर्तन गरेकी हुँदा रक्षा यस कथाकी गतिशील नारी पात्र हो ।

रक्षाको प्रस्तुत कथामा अन्तर्मुखी र बहिर्मुखी दुवै स्वाभाव देखिन्छ । प्रभातसँग विवाह गरेर जापान पुगेकी रक्षाले प्रभातले पहिले नै विवाह गरेको थाहा पाएपछि उसँग कुनै वादविवाद नगरी मौन बस्नुले उसको अन्तर्मुखी चरित्र देखिन्छ । त्यसैगरी नेपाल फर्केर प्रभातसँग सम्बन्धविच्छेद गरेर माइत बसेकी रक्षाले सुदीपसँग मन्दिरमा भेट भएपछि आफ्ना विगतका सम्पूर्ण कुराहरू व्यक्त गरेकी हुँदा ऊ बहिर्मुखी नारी पात्र हो भन्न सकिन्छ ।

रक्षा यस कथाकी बद्ध पात्र हो । रक्षाको कथामा सशक्त भूमिका रहेको हुँदा र उसको अभावमा कथा भताभुङ्ग हुने भएकोले ऊ यस कथाबाट अलग गर्न नमिल्ने बद्ध पात्र हो ।

रक्षा यस कथाकी नेपथ्य पात्र हो । कथयिता मञ्चमा उपस्थित भएर श्रद्धाको जीवनमा घटेका घटनालाई बेलिविस्तार लगाएका छन् ।

### ८.१.३ च्यातिएको नोट कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**च्यातिएको नोट** भागीरथी श्रेष्ठद्वारा रचित 'रातो गुलाफ' कथा सङ्ग्रहमा सङ्कलित रहेका सत्रवटा कथामध्येको तेस्रो कथा हो । प्रस्तुत कथालाई जीवन्त तुल्याउनका लागि अनु र अनुकी आमा जस्ता नारी पात्र देखा परेका छन् । यी पात्रमध्ये कथाको कथावस्तु अनुकै सम्बन्धमा रहेकोले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो । प्रस्तुत कथामा प्रयुक्त प्रमुख नारी पात्रको चरित्र विश्लेषण यस प्रकार गरिएको छ ।

**अनु**

अनु **च्यातिएको नोट** कथाकी मुख्य नारी पात्र हो । कथाको मूल मर्मलाई सार्थक तुल्याउन उसको महत्त्वपूर्ण योगदान रहेको छ । आदिदेखि अन्त्यसम्म सम्पूर्ण कथानकलाई डोहोऱ्याउने काम अनुकै माध्यमबाट भएको छ । त्यसैले अनु प्रस्तुत कथाकी प्रमुख नायिका हो ।

प्रस्तुत कथामा अनुको सत् चरित्र रहेको छ । अनुको विवाह थाइल्याण्डबाट इन्जिनियर गरेका सम्पन्न परिवारको केटासँग हुने पक्का भएको थियो । विवाहको दिन विवाह मण्डपमा स्वयम्वर गर्ने बेलामा छारे रोगले केटो ढल्छ । यसरी केटो छारे रोगी भएको थाहा पाएपछि उसमा क्रोध, प्रतिशोध र घृणा जन्मेन । उसले शान्त भावमा साहसपूर्वक केटाको अगाडि गई हामी एक अर्काको सहयात्री हुन सकेनौ । म तपाईसँग विवाह वन्धनमा बाँधिन असमर्थ छु भन्ने निर्णय सुनाउँछे । त्यसैले अनु यस कथाकी सत् पात्र हो ।

अनु प्रस्तुत कथाकी मध्यम वर्गीय नारीका साथै जीवनसाथी रोजाइमा धोका खाएका नारीहरूकी प्रतिनिधि पात्र पनि हो । अझैं पनि हाम्रो समाजमा वृद्ध विवाह, अनमेल विवाह, अपाङ्ग वा अन्य प्रकारका त्रुटिहरू छोपेर रचिने विवाहका सिकार नारी नै भएका छन् । सामाजिक इज्जतको डरले ती चुपचाप त्यस्ता अन्याय खप्तछन् तर यस कथाकी नायिका अनुले अलिकति विद्रोह गरेर उसलाई परित्याग गरी । यसरी

अनुको जीवनमा घटेको घटना अन्य नारीमा पनि घट्न सक्ने भएकोले ऊ वर्गीय नारी पात्र हो ।

अनुको यस कथामा गतिशील स्वभाव देखिन्छ, किनभने विवाह मण्डपमा स्वयंवर गर्ने बेलामा छारे रोगले केटो लडेपछि ऊ विवाह बन्धनमा बाँधिन अस्वीकार गर्दछे । उसले बेहुलो र जन्ती परित्याग गर्दछे । यसरी आफ्नो जीवनमा आउन लागेको पीडाको छायाँलाई पन्छ्याउने आँट गरेकीले ऊ गतिशील पात्र हो ।

प्रस्तुत कथाकी अनु बहिर्मुखी पात्र हो । उसले आफू विवाह बन्धनमा बाँधिन असमर्थ भएको कुरा दुलाहा पट्टिको परिवार समक्ष खुलेर व्यक्त गर्दछे । त्यसैगरी आमालाई पनि पीर नगर्नुस यस घटनाले मलाई धैर्य गर्ने पाठ सिकायो भन्दै सम्झाउँछे । यसरी उसको कथानकभरी बहिर्मुखी स्वाभाव देखिन्छ ।

अनु **च्यातिएको नोट** कथाकी बद्ध पात्र हो । यसैलाई केन्द्रविन्दुमा राखेर कथा निर्माण गरिएकाले र उसको उपस्थिति विना कथाको संरचना नै पूर्ण नहुने हुँदा ऊ यस कथाकी बद्ध पात्र हो ।

अनु प्रस्तुत कथाकी मञ्चीय पात्र हो । ऊ स्वयम् मञ्चमा उपस्थित भई कथाको सुरुदेखि अन्त्यसम्म घटित समग्र घटनाहरू प्रस्तुत गरेकी छ ।

### ८.१.४ खेल कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**खेल** कथाकार भागीरथी श्रेष्ठको 'रातो गुलाफ' कथा कृतिभित्र सङ्कलित एक कथा हो । यस कथामा कथानकलाई सही गन्तव्यमा पुऱ्याउन भावना, अन्जना, जया, सरला दिदी जस्ता नारी पात्रको प्रयोग गरिएको छ । यी पात्रहरूमध्ये भवानीले समग्र कथावस्तुमाथि प्रभाव जमाएकीले ऊ यस कथाकी प्रमुख नारी पात्र हो । त्यसैले यहाँ उसको चरित्र विश्लेषण गरिएको छ ।

**भवानी**

भवानी **खेल** कथाकी प्रमुख नारी पात्र हो । सम्पूर्ण कथानक भवानीलाई नै केन्द्र बनाएर अगाडि बढेको छ र सम्पूर्ण घटना उसैसँग सम्बन्धित छन् । तसर्थः भवानी यस कथाकी प्रमुख नायिका हो ।

भवानीको यस कथामा सत्-असत् दुवै चरित्र देखिन्छ । उसको व्यक्तित्व पुरुषोचित गुणले युक्त छ । कलेजको छात्रबासमा कृष्ण लीला देखाउनु, एकदिन साथीलाई लगेर एउटा अफिसमा जानु र साथीलाई बाहिर राखेर आफू डेढ घण्टा भित्र बसी अस्तव्यस्त अनुहार लिएर बाहिर आउनु, एकदिन छात्रबास नै छोडेर भाग्नु जस्ता क्रियाकलाप देखिएकाले उसको असत् चरित्र हो भन्न सकिन्छ । त्यसैगरी उसमा सत् चरित्र पनि देखिन्छ । पुरुषोचित गुणयुक्त भवानीलाई छात्रबासका सम्पूर्ण युवतीले पिछा गर्नु, समलिङ्गी सम्बन्ध र आर्कषणले गर्दा उसँगै लहसिने जस्ता व्यवहार देखाएकोले भवानीले यौनिकता प्रदर्शन गर्न बाध्य भएकी हो । त्यस्तै ऊ मिलनसार, हँसमुख र सहयोगी भएकोले यस कथाकी सत् पात्र हो भन्न सकिन्छ ।

भवानी वर्गगत  नारी पात्र हो । उसले स्त्रीसमलिङ्गीको प्रतिनिधित्व गरेकी छ । नारी भएर पनि उसमा पुरुषोचित गुण छन् त्यसैगरी भवानी जस्तै महिलाहरू हाम्रो समाजमा भेट्न सकिन्छ । त्यसैले ऊ स्त्रीसमलिङ्गीको प्रतिनिधि पात्र हो  ।

भवानीको यस कथामा गतिशील चरित्र देखिएको छ । ऊ छात्रबासमा सबैको प्रिय भएकी छ । उसमा भवगवान् कृष्णको सबै गुण मिल्ने भएको हुँदा सबैले उसलाई कृष्ण नामले बोलाउँछन् । सधैँ रसिली, हँसीली र फुर्तिली भवानी बि.ए.को अन्तिम वर्षमा पढ्दै गर्दा छात्रबासबाट हराई । दुई वर्षपछि उसकी साथीले भेट्दा ऊ श्रीमान् र एक वर्षको छोरासँग भेटिएकी थिई । यसरी उसको जीवनमा देखिएको परिवर्तनले ऊ  गतिशील पात्र हो भन्न सकिन्छ ।

भवनीको प्रस्तुत कथामा बहिर्मुखी चरित्र देखिन्छ । उसले आफूभित्र कुनै कुरा गुम्साएर राख्दिन । उसले गोप्य कुरा पनि साथी जयासँग व्यक्त गर्दछे । त्यसैले उसको बहिर्मुखी स्वाभाव देखिन्छ ।

भवानी यस कथाकी बद्ध पात्र हो । कथाको कथानक यसैको वरिपरि घुमेकोले र आदिदेखि अन्त्यसम्मका सम्पूर्ण कथानक उसैसँग आबद्ध भएकोले ऊ कथाबाट अलग गर्न नसकिने बद्ध पात्र हो ।

भवानीको प्रस्तुत कथामा नेपथ्य भूमिका देखिन्छ । उसकी साथी जया मञ्चमा उपस्थित भएर भवानीको जीवनमा देखिएका आरोह अवरोह प्रस्तुत गरेकी छ ।

### ८.१.५ आगो र पानी कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**आगो र पानी** कथाकार भागीरथी श्रेष्ठको प्रकाशित कथा सङ्ग्रह 'रातो गुलाफ' भित्रको सातौँ नम्बरको कथा हो । यस कथामा एक मात्र नारी पात्र यशोदाको प्रयोग गरिएको छ । यशोदालाई केन्द्रविन्दु बनाई उसैको सेरोफेरोमा कथानक अगाडि बढेकोले ऊ नै यस कथाकी प्रमुख नायिका हो । यस कथाकी प्रमुख नायिका यशोदाको चित्रण यस प्रकार गरिएको छ ।

**यशोदा**

यशोदा **आगो र पानी** कथाकी मुख्य नारी पात्र हो । कथाको मूल मर्मलाई सार्थक तुल्याउनको लागि यशोदाको महत्त्वपूर्ण योगदान रहेको छ । सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण कथानक यशोदाका जीवनसँग केन्द्रित छन् । त्यसैले यशोदा यस कथाकी केन्द्रीय नारी पात्र हो ।

यशोदाको प्रस्तुत कथामा असत् चरित्र देखिन्छ । विवाह गरेको एक हप्तामा कामको सिलसिलामा यशोदाको लोग्ने उसलाई र घरको काम गर्ने नोकर सेतेलाई छोडेर कोरिया जान्छ । ऊ कोरिया गएपछि यशोदा घरकै नोकरसँग लहसिन थाल्छे । एक दिन उसले घरमा बसेको केटो सेतेलाई अपनाउँछे । यसरी घरमा लोग्ने नभएको बेला घरमा बसेको नोकर सेतेसँग दाम्पत्य जीवन सुरु गर्नुले उसको असत् चरित्र देखिन्छ ।

यशोदाको चरित्र हेर्दा व्यक्तिगत जस्तो देखिन्छ तर अधिकांश पुरुषजाति परदेशमा नै धेरै समय बिताउने बाध्यता भएकोले नेपाली समाजमा यस्ता घटना बारम्बार, सर्वत्र घटेका छन् । अतृप्त यौनको चरम विन्दुमा पुगेपछि यशोदाले झैँ अन्य

नारीहरूले पनि भविष्य बिर्सेर गलत निर्णय गर्न पुग्छन् । त्यसैले यशोदा यस कथाकी वर्गीय नारी पात्र हो ।

यशोदा प्रस्तुत कथाकी गतिशील पात्र हो । विवाह गरेर लोग्ने कोरिया गएपछि यशोदा घरकै नोकर सेतेको शरीरसँग आकर्षित हुँदै गई । उसले विस्तारै घरमा बसेको केटो सेतेलाई अपनाई र उसैसँग विवाह गरी घरजम गर्ने निर्णय गरी । त्यसैले उसको गतिशील स्वाभाव देखिन्छ ।

यशोदा बहिर्मुखी स्वभाव भएकी नारी पात्र हो । उसले आफ्नो मनमा भएका कुरा सेतेलाई भन्दछे । उसले सेतेको प्रशंसा उसकै अगाडि गर्दछे । उसले घरको नोकर सेतेको व्यक्तित्व मन पारेको हुँदा टाढा गएर दाम्पत्य जीवन सुरु गरौं भनेर आफ्नो इच्छा सेतेसँग व्यक्त गर्दछे । त्यसैले ऊ बहिर्मुखी नारी पात्र हो ।

यशोदा **आगो र पानी** कथाकी बद्ध पात्र हो । उसको उपस्थिति विना कथाको संरचना नै पूर्ण नहुने हुँदा उसलाई यस कथाबाट अलग गर्न नमिल्ने भएकोले उसलाई बद्ध पात्र भनिएको हो ।

यशोदा प्रस्तुत कथाकी नेपथ्य पात्र हो । कथयिताले यशोदाको जीवनमा घटेका घटनालाई आफू मञ्चमा उपस्थित भई प्रस्तुत गरेकी छन् । त्यसैले यशोदाको यस कथामा नेपथ्य भूमिका रहेको छ ।

### ८.१.६ पन्छी कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**पन्छी** भागीरथी श्रेष्ठद्वारा लिखित 'रातो गुलाफ' कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये एक कथा हो । यस कथामा अनु, अन्ना, एरिना जस्ता नारी पात्रको प्रयोग गरिएको छ । यी पात्रमध्ये अनुको केन्द्रियतामा यो कथा रचिएकाले ऊ नै यस कथाकी प्रमुख नारी पात्र हो र यहाँ अनुको चरित्र विश्लेषण प्रस्तुत गरिन्छ ।

**अनु**

अनु **पन्छी** कथाकी केन्द्रीय नारी पात्र हो । उसले नै समग्र कथावस्तुमाथि प्रभाव जमाएकी छ र सम्पूर्ण कथानक उसैको सेरोफेरोमा अगाडि बढेको छ ।

अनु प्रस्तुत कथाकी प्रतिकूल चरित्र भएकी पात्र हो । नेपालमा शरदसँग प्रेम विवाह गरेर दुवै जना बेलायत गएका थिए । अनु धेरै महत्त्वकाङ्क्षा राख्ने, अधैर्य, स्वभावकी भएकीले लन्डनको सम्पन्नता र वैभवशाली समाजसँग घुलमील हुन आतुर भएकी थिई । त्यही परिणामस्वरूप ऊ लोग्नेले काम गर्ने रेस्टुरेन्टको मालिक (डेविड) सँग नजिकिदै जान्छे र विवाह गर्ने निधो गर्दछे । यसरी आफ्नो सोझो लोग्नेको फाइदा उठाइ परपुरुषसँग विवाह गर्ने अनु निष्ठुरी र विश्वासघाति असत् नारी पात्र हो ।

अनुको प्रस्तुत कथामा वर्गगत  चरित्र देखिन्छ । ऊ मध्यम वर्गीय  नारी पात्र हो । आफू मध्यम वर्गीय भए पनि उच्च वर्गीय आकाङ्क्षा राख्ने धन र सुखसयलमा आँखा लगाउने अनु जस्ता महिलाहरू हाम्रो समाजमा प्रशस्त मात्रामा भेटिन्छन् । त्यसैले ऊ वर्गीय  नारी पात्र हो ।

अनुको यस कथाम गतिशील चरित्र रहेको छ । लोग्नेसँगको जीवन वैभवहीन ठानी ऊ सुखपूर्वक जीवन बिताउन चाहन्छे । यसरी उसले लोग्नेसँग सम्बन्धविच्छेद गरेर लोग्नेले काम गर्ने रेस्टुरेन्टको मालिकसँग विवाह गरेर बस्दछे । यसरी उसको सोचाइमा एक्कासी परिवर्तन आएको हुँदा ऊ गतिशील पात्र हो ।

अनु बहिर्मुखी  नारी पात्र हो । उसले आफ्ना इच्छा र आकङ्क्षा लोग्नेसँग स्पष्ट व्यक्त गर्दछे । आफूले प्रेम गरेको र बिहे गर्ने निर्णयमा पनि पुगेको कुरा लोग्नेसँग निसङ्कोच भन्दछे । त्यसैले उसको स्वाभाव बहिर्मुखी देखिन्छ ।

अनु **पन्छी** कथाकी बद्ध पात्र हो । कथानक यसैको जीवनवृत्तमा घुमेकोले र सम्पूर्ण कथानक उसैसँग आबद्ध भएकोले ऊ यस कथाबाट हटाउन नमिल्ने बद्ध पात्र हो  ।

अनु यस कथाकी नेपथ्य पात्र हो । म पात्र कथामा उपस्थित भई अनुको जीवनमा देखिइएका विभिन्न मोडलाई प्रस्तुत गरेको छ ।

## ८.१.७ दोस्रो बाटो कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**दोस्रो बाटो** श्रेष्ठको 'रातो गुलाफ' कथाकृति भित्रको चौधौँ कथा हो । यस कथामा नारी पात्रको रूपमा म देखा परेकी छ । यो पात्रको कथामा सशक्त भूमिका देखिएकाले ऊ नै यस कथाकी मुख्य पात्र हो र यहाँ उसकै चरित्र विश्लेषण गरेको छ ।

**म**

म **दोस्रो बाटो** कथाकी प्रमुख नारी पात्र हो । कथाको थालनीदेखि अन्त्यसम्म घटित समग्र घटनाहरूको नालीवेली लगाउने काम यसैको उपस्थितिमा भएको हुँदा म यस कथाकी केन्द्रीय नारी पात्र हो ।

म यस कथाकी अनुकूल पात्र हो । राम्रो कामको लागि पनि श्रीमान्ले साथ नादिएपछि ऊ श्रीमान्को विरुद्ध सङ्घर्ष गर्दै एम.ए. सम्मको अध्ययन पूरा गरी विदेशी प्रोजेक्टमा काम गर्न थाल्दछे । आइमाईले पढ्न र जागिर खान नहुने भन्ने श्रीमान्को सङ्कुचित धारणा भएकाले म पात्रले जागिर खाएको सहन नसकी श्रीमान् घरबाट निस्केर गए पनि ऊ निरास हुँदिन । म पात्रले एउटी असल आमा, गृहणी र सफल जागिरे तिनवटा कार्यलाई जिम्मेवारीपूर्ण रूपमा अगाडि बढाउन सक्षम भएकीले ऊ सत् चरित्र भएकी नारी पात्र हो ।

म प्रस्तुत कथाकी वर्गीय नारी पात्र हो । मध्यम वर्गीय परिवारकी म शिक्षित महिलाहरूकी प्रतिनिधि पात्र हो । शिक्षित महिलाहरू घर व्यवहारमा मात्र सीमित हुन चाहँदैनन् । उनीहरू घरगृहस्थी सम्हालेर पनि जागिर गर्न सक्दछन् । त्यसैले यस कथाकी प्रमुख पात्र म आत्मविश्वासयुक्त उत्तरदायित्व बहन गर्न सक्ने शिक्षित नारीहरूको प्रतिनिधित्व गर्ने वर्गीय नारी पात्र हो ।

म यस कथाकी स्थिर पात्र हो । पढाइको र जागिरको कुरालाई लिएर लोग्नेले म लाई उपेक्षित भावले हेर्दछ तर उसले पढ्ने र जागिर गर्ने इच्छालाई रोकिन । विभिन्न समस्याहरूसँग सामना गर्दै भए पनि आफ्नो गन्तव्यमा पुगेरै छोडी । लोग्नेले घर छोडेर जाँदा पनि आफूले जागिर छोडेर घरमै बस्छु भनेर लोग्नेलाई जानबाट रोकिन । यसरी उसको कथानकभरी स्थिर स्वभाव देखिन्छ ।

म को यस कथामा बहिर्मुखी चरित्र रहेको छ । उसले लोग्ने सँग खुलेर कुरा गर्दछे । लोग्ने परम्परित र सङ्कुचित भावनाको भए पनि उसले सम्भ्काउने प्रयास गर्दछे । ऊ नविन चेतनाले निर्देशित भएर प्रगति गर्न चाहन्छे र लोग्नेलाई पनि समभ्कदार गराउन चाहन्छे । उसले आफ्ना सम्पूर्ण भावना छोरीसँग पनि व्यक्त गर्दछे । त्यसैले ऊ बहिर्मुखी चरित्र भएकी नारी पात्र हो ।

म प्रस्तुत कथाकी बद्ध पात्र हो । कथानकलाई जीवन्त तुल्याउन र कथानकको फलप्राप्तिको केन्द्रविन्दु नै ऊ भएकीले म यस कथाकी बद्ध पात्र हो ।

म को यस कथामा मञ्चीय भूमिका रहेको छ । सुरुदेखि अन्त्यसम्मका सम्पूर्ण कथानकलाई डोहोऱ्याउने काम म को उपस्थितिमा भएको छ ।

### ८.१.८ रातो गुलाफ कथाकी प्रमुख नारी पात्रको चरित्र विश्लेषण

**रातो गुलाफ** कथाकार भागीरथी श्रेष्ठको 'रातो गुलाफ' सङ्ग्रहमा सङ्कलित कथामध्यकै एक उत्कृष्ट कथा हो । यस कथामा रश्मिला, गुडिया, श्रद्धा, देवयानी जस्ता नारी पात्रको प्रयोग गरिएको छ । यी पात्रमध्ये श्रद्धा यस कथाकी मुख्य पात्र हो । त्यसैले यहाँ मुख्य पात्र श्रद्धाको चरित्र विश्लेषण गरिएको छ ।

**श्रद्धा**

श्रद्धा **रातो गुलाफ** कथाकी प्रमुख नारी पात्र हो । कथाको सम्पूर्ण घटनावृत्त उसैमा सन्निहित भएको छ । तसर्थ यस कथाकी प्रमुख नायिका श्रद्धा हो ।

श्रद्धा यस कथाकी अनुकूल पात्र हो । दिल्लीको एक कलेजमा अध्ययन गर्दा ऊ छात्राबासमा बस्दछे र त्यहाँ सँगै छात्रबास पनि जोडिएको थियो । श्रद्धाको जन्मदिनको शुभकामना कार्डमा छात्रबासमा बस्ने एक केटा आफरिनले चढाएको गुलाफको फूल बुकेबाट उनीहरूको प्रेम सम्बन्ध अगाडि बढ्यो । उनीहरूले प्रेम सम्बन्ध अगाडि बढाए पनि त्यो सम्बन्ध आर्दश र निर्मल थियो । त्यसैगरी आफरिन ट्रेनिङको लागि पुनामा जानुपर्ने भएकोले दुवैको विछोड भयो । विछोड भएको कैयौँ वर्षपछि आफ्नो जन्म दिनको दिन पुरानो बुके खोलेर हेर्दा ऊ अतितका पानाहरू सम्भ्कन पुग्दछे र पुनः वर्तमानको सुखमय संसारमा फर्किन्छे त्यसैले ऊ यस कथाकी सत् पात्र हो ।

श्रद्धा वर्गगत  नारी पात्र हो । उसको विद्यार्थी जीवनमा घटेका घटनालाई हेर्दा ऊ वैयक्तिक पात्र जस्तो देखिन्छे तर हरेक मानिसमा अतितका कुनै न कुनै घटना आजीवन सम्झना केन्द्र बनिरहन्छन् । यहाँ श्रद्धाले छात्रबासका युवतीको जीवन झल्काएकी छ । त्यसैले ऊ वर्गगत  नारी पात्र हो ।

श्रद्धा प्रस्तुत कथाकी गतिशील पात्र हो । आफरिनसँगको प्रेमसम्बन्ध छुटेपछि उसले नेपाल फर्केर मात्र विवाह गरी विवाहपछि छोरा जन्मेको छ उसले भनेकी छ - "छोरा आर्यन र श्रीमान्‌ले पनि मेरो हृदयमा राज भएको तिम्रो मूर्धन्य अस्तित्व मेटाउन  सकेनन्" (रातो गुलाफ : १३६) कथाको यो वाक्यांश हेर्दा उसको स्थिर स्वभाव जस्तो पनि देखिन्छ  तर कथाको अन्त्यमा उसले म आफ्नो वर्तमानको सुखमय संसारमा फर्किरहेकी छु भनेकी छ । त्यसैले निष्कर्षमा श्रद्धा यस कथाकी गतिशील पात्र हो भन्न सकिन्छ ।

श्रद्धा बहिर्मुखी नारी पात्र हो । आफ्नो साथी आफरिनसँग र छात्राबासका साथीहरू सँग खुलेर कुरा गर्दछे । आफरिनसँग उसले आफ्नो भावना साटासाट  गर्दछे । यसरी कथानकभरी उसको बहिर्मुखी चरित्र देखिन्छ ।

श्रद्धा **रातो गुलाफ** कथाकी बद्ध पात्र हो । यसले कथामा सशक्त भूमिका निर्वाह गरेकी छ । यस पात्रको अभावमा कथा नै भताभुङ्ग हुने हुँदा श्रद्धा कथाबाट अलग गर्न नमिल्ने बद्ध पात्र हो ।

श्रद्धा यस कथाकी मञ्चीय पात्र हो । ऊ मञ्चमा प्रत्यक्ष उपस्थित भई आफ्ना अतितका घटना प्रस्तुत गरेकी छ ।

### ८.१.९ निष्कर्ष

भागीरथी श्रेष्ठको हालसम्म प्रकाशित कृतिमध्येको अन्तिम कथा सङ्ग्रह 'रातो गुलाफ' मा सङ्कलित सत्रवटा कथामध्ये नारी पात्रको प्रमुख भूमिका रहेका आठवटा कथाका नारी पात्रको चरित्र चित्रण गरिएको छ । उल्लिखित कथाहरूमा देखिएका नारी पात्रहरू केही व्यक्ति केन्द्रीत छन्, केही परिवार केन्द्रित छन् र केही नारी केन्द्रीत छन् ।

प्रयुक्त कथाहरूमा रहेका नारी  पात्रहरूमध्ये **च्यातिएको नोट**की अनु र **दोस्रो  बाटो** कथाकी म पात्रले बाहेक कुनै नारीले विद्रोह गरेको पाइँदैन । त्यसैगरी कतिपय नारीहरू संवेदनशील सहनशील अथवा आफै समझदार र पुरुषको अत्याचारले वेवास्ता गरेर वा कुनै प्रकारले पनि आफै सुरक्षित हुन खोज्ने खालका छन् । प्रयुक्त कथाहरूमध्ये **आगो र पानी**की यशोदा, **पन्छी**की अनुको प्रतिकूल र **खेल** कथाकी भवानीको अनुकूल /प्रतिकूल दुवै चरित्र देखिन्छ भने अन्य नारी पात्रको अनुकूल चरित्र देखिन्छ । उल्लिखित कथाका सम्पूर्ण नारी पात्रहरू वर्गीय र बद्ध रहेका छन् । यसैगरी **उज्यालाको पर्खाल** कथाकी म पात्र (बुढी आमा) र **दोस्रो बाटो**की म पात्रको स्थिर स्वभाव रहेको छ भने अरु सम्पूर्ण  नारी पात्रहरू गतिशील स्वभावका रहेका छन् । प्रयुक्त कथामा **उल्यालाको पर्खाल** कथाकी म, **च्यातिएको नोट**की अनु, **दोस्रो बाटो**की म, **रातो गुलाफ** की श्रद्धाको कथामा मञ्चीय भूमिका रहेको छ भने अन्य नारी पात्रको नेपथ्य भूमिका रहेको छ । **उज्यालाको पर्खाल** कथाकी म र **आगो र पानी** कथाकी यशोदा अशिक्षित नारी पात्र हुन् भने अन्य सम्पूर्ण नारीहरू शिक्षित रहेका छन् । यसरी यस सङ्ग्रहमा देखा परेका उल्लिखित प्रमुख नारी पात्रहरूको चरित्रमा पाठकलाई तान्न सक्ने क्षमता रहेको छ । ती नारीहरूको फरक-फरक भूमिका, समस्या र फरक-फरक मनोभाव अनुसारको निर्णय देखिन्छ ।

# नवौँ परिच्छेद

# सारांश र निष्कर्ष

## ९.१ विषय परिचय

२००५ साल असोज १० गते लुम्बिनी अञ्चलको गुल्मी जिल्लामा पर्ने रिडी बजारमा जन्मिएकी भागीरथी श्रेष्ठले नेपाली साहित्यको कथा विधामा उल्लेखनीय योगदान दिएकी छन् । उनका हालसम्म पाँचवटा कथा सङ्ग्रहहरू, एउटा लघु कथासङ्ग्रह र एउटा बाल कथासङ्ग्रह प्रकाशित भएका छन् । साहित्यका अन्य विधामा भन्दा भागीरथीको योगदान कथा विधामा बढी देखिन्छ । उनलाई मूलतः कथा विधाले नै चर्चाको शिखरमा पुऱ्यायो । उनले २०२३ सालमा **रुरु** पत्रिकामा 'प्रबल इच्छा' कथा प्रकाशित गरी कथायात्रा प्रारम्भ गरेकी हुन् । कथाकार भागीरथी श्रेष्ठ नारीवादी कथाकार भएकाले उनका **क्रमशः** (२०४३), **मोहदंश** (२०४४), **विभ्रम** (२०५०), **भूमिगत** (२०६२), **रातो गुलाफ** (२०६६), कथा सङ्ग्रहहरूमा प्रयुक्त प्रमुख नारी पात्रहरूको प्रस्तुत शोधपत्रमा चरित्र विश्लेषण गरिएको छ । **भागीरथी श्रेष्ठका कथाका नारी पात्र** शीर्षक रहेको प्रस्तुत शोधपत्रको सारांश र निष्कर्षलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ९.२ सारांश

प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूपमा पूरा गरिएको छ र त्यसका लागि यस शोधलाई विभिन्न परिच्छेदमा बाँडिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदको शीर्षक **शोध परिचय** राखिएको छ । यसमा **विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समिक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा** शीर्षकमा शोधको समग्र परिचय व्यवस्थित रूपमा दिइएको छ ।

यस शोधपत्रमा दोस्रो परिच्छेदको शीर्षक **पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार** रहेको छ । यस परिच्छेदमा **विषय परिचय, पात्र/चरित्रको परिचय, कथामा पात्र**

**विधान र यसको महत्व, नारी पात्र विधानको औचित्य, पात्रको वर्गीकरण र पात्र विश्लेषणको सैद्धान्तिक आधार** प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदको शीर्षक **भागीरथी श्रेष्ठको परिचय र कथायात्रा** राखिएको छ । यस परिच्छेदमा **भागीरथी श्रेष्ठको परिचय, जन्मस्थान र पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षा दिक्षा, विवाह तथा पारिवारिक स्थिति, रुचि र स्वाभाव, आर्थिक अवस्था, सिर्जनाका निम्ति प्रेरणा र प्रभाव, सम्मान तथा पुरस्कारका साथै उनको कथायात्रा** प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदको शीर्षक **क्रमशःमा सङ्कलित कथाका प्रमुख  नारी पात्रको चरित्र विश्लेषण** रहेको छ । यस परिच्छेदमा उनको 'क्रमशः' कथा सङ्ग्रहमा सङ्कलित रहेका कथाका प्रमुख नारी पात्रको पात्र विश्लेषणको सैद्धान्तिक आधारभित्र रहेर चरित्र विश्लेषण प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदको शीर्षक **मोहदंशमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** रहेको छ । यस परिच्छेदमा 'मोहदंश' कथा सङ्ग्रहमा सङ्कलित रहेका प्रमुख भूमिकामा देखिएका नारी पात्रको पात्र विश्लेषणको आधारभित्र रहेर चरित्र चित्रण प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको छैटौं परिच्छेदको शीर्षक **विभ्रममा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** राखिएको छ । 'विभ्रम' कथा सङ्ग्रहमा सङ्कलित रहेका कथामध्ये प्रमुख नारी पात्रको पात्र विश्लेषणको आधारभित्र रहेर चरित्र चित्रण प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको सातौं परिच्छेदको शीर्षक **भूमिगतमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** रहेको छ । यस परिच्छेदमा 'भूमिगत' कथा सङ्ग्रहमा सङ्कलित रहेका कथामध्ये प्रमुख भूमिका रहेका नारी पात्रको पात्र विश्लेषणको सैद्धान्तिक आधारभित्र रहेर चरित्र चित्रण प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको आठौँ परिच्छेदको शीर्षक **रातो गुलाफमा सङ्कलित कथाका प्रमुख नारी पात्रको चरित्र विश्लेषण** राखिएको छ । यस परिच्छेदमा 'रातो गुलाफ' कथा सङ्ग्रहमा रहेका प्रमुख भूमिकामा देखिएका नारी पात्रको पात्र विश्लेषणको आधारमा चरित्र चित्रण प्रस्तुत गरिएको छ ।

## ९.३ निष्कर्ष

लुम्बिनी अञ्चल अन्तर्गत गुल्मी जिल्लाको रिडी बजारमा वि.सं. २००५ मा जन्मिएकी भागीरथी श्रेष्ठ नेपाली साहित्यको कथा विधामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेकी कथा साधक हुन् । वि.स. २०२३ मा **रुरु** पत्रिकामा 'प्रवल इच्छा' कथाको प्रकाशन गरी कथाको फाँटमा देखा परेकी भागीरथी श्रेष्ठको कथायात्रा हालसम्म पनि निरन्तर रूपमा अगाडि बढेको छ । उनका प्रकाशित कथा सङ्ग्रहहरू **क्रमशः** (२०४३), **मोहदंश** (२०४४), **विभ्रम** (२०५०), **भूमिगत** (२०६२), **रातो गुलाफ** (२०६६), पर्दछन् । त्यसैगरी उनका **रङ्गीन पोखरी** (२०५०), लघु कथासङ्ग्रह र **स्वाबलम्बन** (२०६५) बाल कथासङ्ग्रह पनि प्रकाशित छन् । कथा सङ्ग्रहमा समावेश नभएका उनका थुप्रै कथाहरू पनि प्रकाशित भएका छन् । यस शोधकार्यमा उल्लिखित पाँचवटा कथा सङ्ग्रहभित्र सङ्कलित प्रमुख नारी पात्रको अध्ययन प्रस्तुत गरिएको छ ।

भागीरथी श्रेष्ठ नारी कथाकार भएकाले उनका प्रायः कथाहरूमा नारी पात्रहरूको केन्द्रीयता पाइनु स्वभाविकै देखिन्छ । आफ्ना कथाहरूमा नारीहरूका संवेदनालाई कलात्मक एवम् उत्कृष्ट ढङ्गले प्रस्तुत गर्दै नेपाली समाजमा नारीहरूले भोग्नु परेको पीडा, वेदनालाई आफ्नै कथाको केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गर्दै नारीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने आवाज पनि उनले उठाएकी छन् । नारी आफैँमा सहनशील व्यक्तित्वको मूल आधार वा परिचायक भएकाले उसको सहनशीलतालाई कमजोरीको रूपमा लिने, उनीहरूको अवहेलना गर्दा सिङ्गो समाज नै दुषित बन्ने हुँदा समाजलाई सभ्य बनाउनका खातिर नारीहरूको सम्मान गर्नुपर्ने धारणा कथाकार श्रेष्ठले **पीडा विनिमय, तेह्र वर्षपछि, भूमिगत** जस्ता कथाका प्रमुख नारी पात्र मार्फत व्यक्त गरेकी छन् । यसैगरी कथाकार श्रेष्ठले बाह्य सामाजिक

समस्या एवम् कुरीतिलाई व्यङ्ग्य गरेकी छन् भने नारीभित्र उत्पन्न हुने मनोवैज्ञानिक समस्याको पनि पूर्णरूपमा चिरफार गर्दै त्यस्ता समस्याहरूलाई परिवार तथा समाजले निराकरण गर्न सहयोग गर्नुपर्ने धारणा **एकटुक्रा खुशी, मोहदंश, एक्लोपनका तरङ्गहरू, शकुन्तला** जस्ता कथामा प्रयोग गरिएका प्रमुख नारी पात्र मार्फत व्यक्त गरेकी छन् ।

भागीरथी श्रेष्ठले सामाजिक कुरीति एवम् कु-संस्कृतिको आडमा नारीहरूमाथि गरिएको अन्याय एवम् अत्याचार पर्दाफास गर्दै त्यस्तो परम्पराको पूर्ण रूपमा विरोधको आवाज पनि आफ्ना कथाहरूमा व्यक्त गरेकी छन् । यस्ता समस्याहरूमा विधवा नारीहरूले बिताउनु पर्ने एकल जीवन जस्तो कठिन स्थितिलाई प्रस्तुत गर्दै अन्य अवस्थामा समाजका उच्च वर्गका व्यक्तिहरूले नारीलाई शारीरिक सुखभोगको साधनका रूपमा मात्र प्रयोग गरेकाले त्यसका लागि स्वयम् नारीहरू नै अग्रसर भई त्यस्तो परम्परालाई पूर्ण रूपमा निस्तेज पार्नुपर्ने धारणा **मातृत्व, रङ्गहीन आकाश, विसर्जन, लाञ्छना** जस्ता कथामा प्रयुक्त नारी पात्र मार्फत यस कुराको उठान गरिएको छ । त्यसैगरी नारीहरूलाई सामाजिक एवम् पारिवारिक प्रभावमा पारेर उसको इच्छा एवम् आकाङ्क्षाहरूलाई बेवास्ता गर्ने जस्ता अशोभनिय परम्परालाई सामाजिक रूपमा बहिष्कार गर्नुपर्ने धारणा **मरुभूमिमा एउटा फूल, पूर्णविराम, पीडा विनिमय, च्यातिएको नोट** जस्ता कथामा प्रयुक्त नारी पात्रहरूको माध्यमबाट कथाकार श्रेष्ठले प्रस्तुत गरेकी छन् ।

कथाकार श्रेष्ठले नेपाली समाजमा रहेका विकृति एवम् विसङ्गतिको खरो रूपमा विरोध गर्दै स्वच्छ, स्वतन्त्र, आत्मिय एवम् भयरहित समाजको परिकल्पना पनि आफ्ना कथा सङ्ग्रहमा सङ्कलित कथाका प्रमुख नारी पात्रको माध्यमबाट गरेकी छन् । प्रेम विनाको जीवन ज्यादै नै अन्धकार हुने हुँदा प्रेमले नै संसारलाई उज्यालो एवम् स्वच्छ र समुन्नत बनाउने धारणालाई अघि सार्दै कुनै पनि वर्ग एवम् व्यक्तिको स्वार्थ पूर्तिको साधनका रूपमा प्रेमलाई नहेरी यसलाई अझै विशाल दृष्टिले हेर्नुपर्ने धारणा **खेल, ओझेल परेका प्रेमका किरणहरू, मोहदंश, रातो गुलाफ** जस्ता कथाका केन्द्रीय नारी पात्र मार्फत श्रेष्ठले उजागर गरेकी छन् ।

त्यसैगरी नारी पात्रहरूको माध्यमबाटै नेपाली समाजमा रहेको निम्न वर्ग र उच्च वर्गबिचको द्वन्द्वलाई प्रस्तुत गर्दै वर्गीय र जातिय द्वन्द्वले समाजलाई अधोगतितर्फ लैजाने हुँदा यस्तो द्वन्द्वलाई निर्मूल पार्नु पर्ने कुरा **दिलू बज्यै, लाञ्छना, विसर्जन** जस्ता कथामा प्रयुक्त नारी पात्रको माध्यमबाट देखाइएको छ ।

समाजमा रहेका अनमेल विवाह, बालविवाह प्रथा जस्तो अवैधानिक कार्यहरूलाई कानूनी रूपमा हटाउनु पर्ने र त्यसलाई अपराधको रूपमा लिइनुपर्ने आवाज पनि कथाकार श्रेष्ठले **शकुन्तला, जलनका बिम्बहरू, तेह्र वर्षपछि** जस्ता कथामा प्रयुक्त प्रमुख नारी पात्रको माध्यमबाट उद्घाटन गरेकी छन् ।

त्यसैगरी कथाकार स्वयम् एक नारी भएकाले आफ्ना कथाहरूमा नारीहरूका कारणले पुरुषले व्योहोर्नु पर्ने पीडाहरू तथा त्यसले परिवार र समाजमा पुऱ्याउने खलबलले कसैको पनि भलो नहुने हुनाले नारीहरू विवाहपछि आफ्नो पति र परिवारप्रति पूर्ण रूपमा जिम्मेवारी भएमा मात्र पारिवारिक सफलता प्राप्त हुने हुनाले आफ्नो कर्तव्यप्रति पूर्ण रूपमा जिम्मेवारी बन्न नारीहरूलाई **मोहभङ्ग, दीपा, अतिक्रमण, द्वन्द्व/अन्तर्द्वन्द्व, विभ्रम, अध्यारो फाटेपछि, आगो र पानी, पन्छी** जस्ता कथाका प्रमुख नारी पात्रको जीवनमा घटेका घटना र त्यसले उनीहरूको जीवनमा पारेको सकारात्मक-नकारात्मक प्रभावका माध्यमबाट आग्रह गरेकी छन् । यसैगरी नेपाली समाजले अपराधको रूपमा लिएको यौन शिक्षाको अभावले गर्दा त्यसबाट उत्पन्न हुने यौनजनित दूर्भावना एवम् विकृतिले समाजलाई दुषित बनाउने हुनाले त्यस्तो खालको प्रदुषण रोक्नका लागि समाजका हरेक नागरिक सचेत रहनुपर्ने धारणा बोकेका **एक टुक्रा खुसी, विसर्जन, लाञ्छना** जस्ता कथाका केन्द्रीय नारी पात्रको माध्यमबाट कथाकारले व्यक्त गरेकी छन् ।

हाम्रो समाजमा व्याप्त राजनैतिक खिचातानीले गर्दा सम्पूर्ण देशलाई नै अव्यवस्थित बनाएको हुँदा स्वच्छ राजनीति नै आजको युगको चाहना भएकाले राजनीतिलाई सदैव स्वच्छ प्रतिस्पर्धात्मक नीतिका रूपमा लिनुपर्ने धारणा पनि **भूमिगत** कथाकी केन्द्रीय नारी पात्र पारुका माध्यमबाट प्रस्तुत गरेकी छन् ।

नेपाली समाजमा व्याप्त आर्थिक सङ्कटले अत्यन्तै गरीब तथा दयनीय अवस्थामा बाँच्नुपर्ने नेपालीहरूको बाध्यतालाई कथावस्तुको प्रमुख केन्द्र बनाई नेपाली समाजको दयनीय अवस्थाको चित्रण **असमानता, दिलू बज्यै, लाञ्छना, रङ्गहीन आकाश, विसर्जन, भूमिगत** जस्ता कथाका प्रमुख नारी पात्र मार्फत कथाकार श्रेष्ठले प्रस्तुत गरेकी छन् । त्यसैगरी **उज्यालाको पर्खाल, चाँदीको करुवा, दोस्रो बाटो, अतिक्रमण** जस्ता कथाका प्रयुक्त नारी पात्र मार्फत आम मान्छेमा मानवता सङ्कीर्ण हुँदै गएको कुरा श्रेष्ठले प्रक्षेपण गरेकी छन् ।

समग्रमा कथाकार भागीरथी श्रेष्ठ नारीवादी कथाकार भए तापनि उनका कथामा सामाजिक कु-संस्कृतिप्रतिको विरोध गर्दै समाज सुधार गर्ने चाहना, सामाजिक विकृतिहरूको यथार्थपरक चित्रण, मानसिक मनोदशाको मनोवैज्ञानिक उपचारको चाहना, आत्मिक एवम् निस्वार्थ प्रेमको आह्वान्, जातिय एवम् वर्गीय द्वन्द्वको निराकरण गर्नुपर्ने धारणा जस्ता भावहरू उनका कथाका प्रमुख नारी पात्रको अध्ययनबाट थाहा पाउन सकिन्छ । आफ्ना कथाहरूमा यथार्थवादलाई प्रस्तुत गर्ने कथाकार भागीरथी श्रेष्ठका कथाहरूमा प्रयुक्त पात्रहरूमा नारी पात्रको बाहुल्यता रहे तापनि समग्रमा सम्पूर्ण पात्रहरूले नारीमाथि समाजले हेर्ने दृष्टिकोणमा सुधार ल्याउँदै नारीलाई पनि समाजको एउटा अङ्गको रूपमा सबैले स्वीकार गर्नुपर्ने धारणा व्यक्त गरेकी छन् ।

**भागीरथी श्रेष्ठका कथाका नारी पात्र** शीर्षकको प्रस्तुत शोधकार्यको निष्कर्षलाई भन्नु पर्दा श्रेष्ठले आफ्ना कथा सङ्ग्रहमा प्रयुक्त नारी पात्रको हृदयलाई छिचोल्दै समाज रूपान्तरणका लागि नारी र पुरुषले एक अर्कालाई दबाएर होइन सहयोग र मेलमिलापबाट अगाडि बढ्नु पर्दछ भन्दै लैङ्गिक समानताको वकालत नारी पात्रको माध्यमबाट गरेकी छन् ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, अच्युत रमण. २०५०. 'भ्रमरहित विभ्रम'. **गोरखापत्र** : (शनिवार परिशिष्टाङ्क ५ भदौ); पृ. ख ।

आचार्य, नरहरि; अवस्थी, महादेव र गौतम, देवीप्रसाद. (सम्पा.) २०६५. **नेपाली कथा भाग १,** ललितपुर : साझा प्रकाशन ।

आप्टे, वामन; शिवराम. इ.सं.१९६९. **संस्कृत हिन्दी कोश** (दो.सं.). दिल्ली : बनारहीदास पब्लिकेशन प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद. २०४९. **साहित्य प्रकाश**. ललितपुर : साझा प्रकाशन ।

ऐटम, नेत्र. २०६१. **समालोचनाको स्वरूप**. काठमाडौँ : साझा प्रकाशन ।

खत्री, लेखजङ्ग. २०६७. भागीरथी श्रेष्ठको मोहदंश कथा सङ्ग्रहको अध्ययन. अप्रकाशित शोधपत्र, ललितपुर : पाटन संयुक्त क्याम्पस, पाटन ।

गौतम, हेमकुमार. २०५१. *भागीरथी श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : नेपाली केन्द्रीय विभाग ।

घिमिरे, माधवप्रसाद. २०४४. प्रकाशकीय **मोहदंश**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, माधव. २०६४. 'भूमिगतमा भूमिगत हुँदा'. **दायित्व,** (वर्ष २१, अङ्क ५८). पृ. १० ।

तिम्सिना, यशोदा. २०६३. 'धरातलमा उभिएका कथा'. **नेपाल,** (असार ३२, आइतवार); पृ. ५० ।

त्रिपाठी, वासुदेव. २०५०. 'भागीरथी श्रेष्ठको तेस्रो कथा-बान्की विभ्रम'. **कान्तिपुर कोसेली.** (वर्ष ६, अङ्क १९०); पृ. ख ।

ज्ञवाली, ज्ञाननिष्ठ. २०६३. **आख्यानकार विश्वेश्वर प्रसाद कोइराला.** काठमाडौँ : हजुरको प्रकाशन ।

थापा, हिमांशु. २०४७. **साहित्य परिचय** (ते.सं.). काठमाडौँ : साझा प्रकाशन ।

नेपाल, घनश्याम. १९८७. **आख्यानका कुरा.** सिलगुढी : नेपाली साहित्य प्रचार समिति ।

न्यौपाने, टंकप्रसाद. २०४९. **साहित्यको रूपरेखा** (दो. सं.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र. २०६५. 'अनौपचारिक संवादः भागीरथी र कथा'. **राष्ट्रिय वाणिज्य पूर्व कर्मचारी संघ स्मारिका**, पृ. १-२ ।

प्रधान, परशु. २०४८. 'केही क्षण केही अनुहार'. **अभिव्यक्ति**, (वर्ष २२, अङ्क ६५) ।

प्रसाइ, महेश. २०५२. 'भागीरथी श्रेष्ठको समाजशास्त्रीय कथ्य शील्प'. **समकालीन साहित्य,** (असार २९ विहीवार); पृ. ६ ।

पोखेल, माधव. २०५९. 'भागीरथी श्रेष्ठका कथाको एक झल्को'. **समकालीन साहित्य,** (वर्ष १२, अङ्क ३); पृ. ४५ ।

पोखरेल, विश्वमणि. २०६३. 'राजनीति जस्तै कथाहरु'. **समय**, (असार २२); पृ. ५१ ।

पौडेल, गोपीन्द्र. २०६५ **कथाको सौन्दर्यशास्त्र**, काठमाडौं : उर्मिला पौडेल ।

भट्टराई, गोविन्दराज. २०६६. भूमिका **रातो गुलाफ**, काठमाडौं : रत्नपुस्तक भण्डार ।

वराल, ईश्वर. (सम्पा.) २०५३. **झ्यालबाट** (छै सं.), ललितपुर : साझा प्रकाशन ।

वराल, कृष्णहरि, एटम नेत्र. २०६७. **नेपाली कथा र उपन्यास.** काठमाडौं : अक्सफोर्ड पब्लिकेशन ।

शर्मा, तारानाथ. २०४३. भूमिका **क्रमशः**. ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज. २०६३. **समकालिन समालोचना सिद्धान्त र प्रयोग** (दो.सं.). काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

श्रेष्ठ, दयाराम. २०३९. **पच्चीस वर्षका नेपाली कथा**. काठमाडौं : ने.रा.प्र. प्र. ।

श्रेष्ठ, भागीरथी. २०४३. **क्रमशः**. ललितपुर : साझा प्रकाशन, पुल्चोक ।

......, ........... २०४४. **मोहदंश.** काठमाडौं : ने. रा.प्र. प्र. ।

......, ........... २०५०. **विभ्रम.** ललितपुर : साझा प्रकाशन, पुल्चोक ।

......, ........... २०६२. **भूमिगत.** ललितपुर : साझा प्रकाशन, पुल्चोक ।

......, ........... २०६६. **रातो गुलाफ.** काठमाडौं : रत्न पुस्त्क भण्डार ।